Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

संस्कृत साहित्यको सिंहावलोकन

बदरीनाथ भट्टराई

नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

संस्कृत साहित्यको सिंहावलोकन

बदरीनाथ भट्टराई

नेपाल प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

संस्कृत साहित्यको सिंहावलोकन

लेखक : बदरीनाथ भट्टराई

प्रकाशक : नेपाल प्रज्ञा-प्रतिष्ठान

सर्वाधिकार : नेपाल प्रज्ञा-प्रतिष्ठान

संस्करण : पहिलो, वि.सं. २०२०
दोस्रो, वि.सं. २०७९ (१,२०० प्रति)

कम्प्युटर सेटिङ : रञ्जन घिमिरे

आवरण सज्जा : वसन्तराज अज्ञात

मुद्रण : प्रज्ञा छापाखाना,
कमलादी, काठमाडौँ

मूल्य : रु. १९०/-

ISBN : 978-9937-761-85-7

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कुलपतिको मन्तव्य

नेपालका भाषा, साहित्य, कला, संस्कृति तथा ज्ञान-विज्ञानका विविध विधाको अध्ययन, अनुसन्धान एवम् प्रवर्धन गर्दै तत् तत् विषयमा उत्कृष्ट ग्रन्थ प्रकाशन गर्ने अभिप्रायका साथ वि.सं. २०१४ मा सुरुमा नेपाली साहित्य-कला एकेडेमीका रूपमा स्थापित नेपाल एकेडेमीले क्रमशः रायल नेपाल एकेडेमी र नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका नामबाट विकसित हुँदै आफूले राज्यबाट प्राप्त गरेको उत्तरदायित्वलाई गहनतापूर्वक वहन गर्दै आएको कुरा सबैलाई अवगत भएकै छ। २०६२/०६३ को जन आन्दोलनपछि साबिकको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट ललितकला एवम् नाट्य-सङ्गीत विधालाई छुट्टयाई छुट्टाछुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरिएको र नेपाल प्रज्ञा-प्रतिष्ठान ऐन २०६४ अन्तर्गत नेपालका भाषा, साहित्य, संस्कृति, सामाजिक शास्त्र र दर्शनको अध्ययन, अनुसन्धानमार्फत प्रवर्धन गर्ने उद्देश्यले वर्तमान नेपाल प्रज्ञा-प्रतिष्ठान गठन गरिएको हो। यस अर्थमा आफ्नो गठनदेखिकै बिरासत ग्रहण गर्दै हाल कानुनबमोजिमका विषयक्षेत्रमा यो प्रज्ञा-प्रतिष्ठान कार्यरत छ।

भाषा, संस्कृति, धर्म, दर्शन आदि क्षेत्रमा रहेको मुलुकको विविधतालाई सम्बोधन गर्दै यस्तो विविधताभित्र रहेको एकतालाई अझ समृद्ध पार्ने क्रममा नेपालका प्राज्ञिक जगत्का समग्र विज्ञहरूलाई समेट्दै अगि बढ्न हामी कटिबद्ध छौँ। देशभित्र र बाहिर रहेका समग्र नेपाली स्रष्टाको छाता भई उनीहरूको ज्ञान र सिपलाई अधिकतम प्रयोग गर्दै उनीहरूलाई प्राज्ञिक अध्ययन, अनुसन्धानको अभिभारा प्रदान गर्न प्रज्ञा-प्रतिष्ठान कटिबद्ध छ। यसरी राष्ट्रिय रूपमा समग्र नेपालीहरूको साझा प्राज्ञिक थलो बनाउने लक्ष्यका साथ नेपाल प्रज्ञा-प्रतिष्ठानका नीति र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कार्यक्रम रहने गरेका छन् । यसका अतिरिक्त अन्तर्राष्ट्रिय जगत्मा स्थापित समान प्रकृतिका प्राज्ञिक संस्थाहरूसँग संस्थागत समभ्रदारी बढाउँदै प्राज्ञिक आदान-प्रदानमार्फत नेपाल प्रज्ञा-प्रतिष्ठानको अन्तर्राष्ट्रिय छवि निर्माण गर्न पनि हामी प्रतिबद्ध छौं । यसरी स्पष्ट राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय छवि भएको प्रज्ञा-प्रतिष्ठानका रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानलाई विकसित गर्ने हाम्रो प्रयासलाई सार्थक बनाउन सरोकारवाला समग्र प्राज्ञहरूको सहयोगको आवश्यकता हामीले महसुस गरेका छौं । यसरी नेपालभित्र र बाहिर पनि गोष्ठी, सेमिनार, सभा, सम्मेलन, अध्ययन, अनुसन्धान एवम् ग्रन्थ प्रकाशनसहित अनुवादमार्फत ज्ञान र सृजनाको आदान-प्रदानमा नै नेपाल प्रज्ञा-प्रतिष्ठान सक्रिय रहने प्रतिबद्धता सरोकारवाला सबै प्राज्ञहरूसँग जाहेर गर्दछौं ।

गङ्गा प्र. उप्रेती

(गङ्गाप्रसाद उप्रेती)
कुलपति
नेपाल प्रज्ञा-प्रतिष्ठान

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रकाशकीय

भाषा, साहित्य, धर्म, दर्शन, संस्कृति, समाजशास्त्र, ज्ञान-विज्ञान एवम् कला-वास्तुकला आदि नेपाली जनजीवनका विविध पक्षहरूको अध्ययन अनुसन्धानका माध्यमद्वारा सिङ्गो नेपाल राष्ट्रको सुदृढीकरण र समष्टि रूपमा नेपाली राष्ट्रियताको दिगो विकासमा सघाउ पुऱ्याउने पवित्र उद्देश्यबाट अभिप्रेरित भएर नेपाल प्रज्ञा-प्रतिष्ठानको स्थापना गरिएको हो । अतः नेपाल राष्ट्रलाई आवश्यक पर्ने प्रज्ञानको पूर्ति गर्नु नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रमुख दायित्व हो । नेपाल प्रज्ञा-प्रतिष्ठानले स्थापना कालदेखि नै नेपालको मूर्त-अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन/अनुसन्धानका माध्यमबाट नेपाल राष्ट्रको आवश्यकता परिपूर्ति र विश्वसामु नेपाललाई चिनाउने काममा लागिरहेको छ ।

अहिले नेपाल प्रज्ञा-प्रतिष्ठानअन्तर्गत एघारओटा विभाग छन् र ती विभागहरू प्रवचन, गोष्ठी, अनुसन्धान परियोजना तथा पत्रिका एवम् पुस्तक प्रकाशनका माध्यमबाट आ-आफ्ना क्षेत्रको विषयगत उन्नयनमा लागिरहेका छन् ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका केन्द्रीय र विभागीय अनुसन्धान परियोजनाअन्तर्गत विभिन्न विद्वान्/विदुषीहरूद्वारा तयार गरिएका प्रतिवेदनहरूलाई विज्ञहरूबाट मूल्याङ्कन गराई सिफारिसका आधारमा प्रकाशन गर्ने तथा विगतमा विभिन्न कालखण्डमा छापिएका तर हाल अप्राप्य अवस्थामा रहेका महत्त्वपूर्ण ग्रन्थहरूको पुनः प्रकाशन गर्ने नीति लिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यसै सन्दर्भमा विद्वान् एवम् स्रष्टा बदरीनाथ भट्टराईद्वारा लिखित र २०२० सालमा तात्कालिक नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित 'संस्कृत साहित्यको सिंहावलोकन' नामक पुस्तकको पुनः प्रकाशन गरिएको छ। संस्कृत साहित्यको अध्ययन/अनुसन्धान गर्न चाहनेहरूका लागि यो पुस्तक सहायक सिद्ध हुने अपेक्षा गरिएको छ। म नेपाल प्रज्ञा-प्रतिष्ठानका तर्फबाट यस्तो उपयोगी ग्रन्थका लागि कीर्तिशेष बदरीनाथ भट्टराईप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु। यस पुस्तकको दोस्रो संस्करणलाई प्रकाशनयोग्य तुल्याउन भाषा सम्पादन गर्ने उपप्रा. डिल्लीप्रसाद पाण्डेय र सुसाङ्ख्य सज्जा गर्ने रञ्जन घिमिरे, आवरण सज्जा गर्ने वसन्तराज श्रेष्ठलगायत योजना तथा कार्यक्रम र प्रकाशन शाखा सम्बद्ध समस्त कर्मचारीलाई धन्यवाद दिन्छु।

(डा. जगमान गुरुङ)
उपकुलपति

कमलादी, काठमाडौँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रथम संस्करणको प्रकाशकीय

संस्कृत नेपालीका साथै अनेक वर्तमान भाषाहरूको पनि मूल भाषा हो। यसकारण हाम्रा शब्दहरूको आदिरूपका साथै साहित्यका विभिन्न स्कन्धहरूको अध्ययनका लागि पनि यस प्राचीन र अत्यन्त सबल भाषा र वाङ्मयको हामीलाई ज्ञानहुनु सर्वथा उपयोगी भएकोले नै रायल नेपाल एकेडेमीले अन्य प्रकाशनका साथै संस्कृत तथा त्यसका अनुवाद र त्यसका आधारमा लेखिएका कतिपय ग्रन्थहरूको प्रकाशन गर्दै आइरहेको छ। त्यसै क्रममा प्रस्तुत पुस्तक पनि प्रकाशित हुन लागेको छ।

पं. बदरीनाथ भट्टराई संस्कृत भाषा र वाङ्मयका पण्डित हुनाका साथै नेपाली भाषाका पनि प्रसिद्ध सेवी हुनुहुन्छ। उहाँका अनेक कृतिसित नेपाली पाठकजगत् परिचित नै छ। संस्कृत वाङ्मय र त्यसका महान् निर्माताहरूको यो छोटकरी परिचय पनि अनेक दृष्टिले नेपाली जगत्लाई उपयोगी लाग्ला भन्ने आशा गर्दछु।

कान्तिपुर
२०२० वि.

बालचन्द्र शर्मा
भाइस-चान्सलर
रायल नेपाल एकेडेमी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अनुक्रमणिका

१. वाल्मीकि	१
२. व्यास	७
३. याज्ञवल्क्य	१५
४. शङ्कराचार्य	१९
५. भास	२६
६. कालिदास	३०
७. सुबन्धु	३५
८. भवभूति	४०
९. शूद्रक	४५
१०. बाण	५३
११. दण्डी	६५
१२. विशाखदत्त	६९
१३. मुरारि	७४
१४. त्रिविक्रम भट्ट	७९
१५. अनन्त भट्ट	८४
१६. सोमदेव	८७
१७. धनपाल	९२
१८. निरुमलांवा	१००
१९. शक्तिवल्लभ	१०८

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वाल्मीकि

वाल्मीकिका विषयमा धेरै किसिमका कथा सुनिन्छन्। सप्तर्षिको उपदेशले 'मरा' भन्ने मन्त्र जप्दा उनको चित्त शुद्ध भयो भन्ने अध्यात्मरामायणको भनाइ छ। तर शब्दको अर्थपट्टि जाने हो भने वाल्मीकिको अर्थ धमिरा हो, अथवा सर्प बस्ने प्वाल। आफ्नो शरीरमाथि धमिरा लागुन्जेलसम्म तपस्या गरिरहनु नै यो नाम रहनामा कारण देखिन्छ। यस किसिमको तपस्या यिनैले गरेका हुन् अथवा यिनका पुर्खाले, त्यसमा हामीलाई केही छैन।

वाल्मीकि आदिकवि हुन्। उनलाई पहिले कवित्वको उद्भावनामा एक श्लोक औँल्याउँछन्। हुन त वेदमा पनि अनुष्टुप् छन्द पाइन्छ तर लौकिक संस्कृतमा उपयोग गरिएको चार पाउको समाक्षर अनुष्टुप छन्द वाल्मीकिकै आविष्कार हो। कुनै व्याधाले भाले कन्याङकुरुङलाई मारेकोले पोथीको मायालाग्दो अवस्था देखेर दयालु वाल्मीकि भन्छन्– "हे निषाद[1], धेरै वर्षसम्म तेरो प्रतिष्ठा नहोस्, किनभने कामले मोहित भएको कन्याङकुरुङलाई तैंले मारिस्।" यसमा कोही दार्शनिक अर्थ पनि गर्छन्। यही मूल फुटेर नै पछि २४००० को रामायणरूपी करुण रसको पवित्र खोलो बग्यो। रामायण काव्यात्मक भावनाले भरिएको र यथार्थ भए पनि भविष्यलाई अनुकरणीय आदर्श मानव-वर्णनस्वरूप भएकोले तथा भारतीय गार्हस्थ्य जीवनको चित्रण ठिकसँग गरेकोले वाल्मीकिले आदिकविको पद पाए। जति पटक पढे पनि रामायण झर्कोलाग्दो हुँदैन, बरु नयाँ नयाँ कुराको देन पाइन्छ। चाख बढ्दै जान्छ। यही नै सौन्दर्य हो।

रामायण विराट् वरको रुखजस्तै छ। यसको मुख्य रस करुण हो भन्ने धेरैको भनाइ छ। वीर र शृङ्गारले पनि आफ्ना-आफ्ना धारा बगाएका छन्। सीता हरिएपछिको रामको विलाप र विरहिणी सीताको हृदयको उद्गारमा करुणको मार्मिक सफलता पाइन्छ। दुई भागमा बाँड्ने हो भने अग्लिलोमा दशरथको दरबारको स्थिति प्रत्यक्ष छ। पछिल्लोमा चाहिँ

---

१ मा निषाद प्रतिष्ठां त्वमगमः शाश्वतीः समाः।
यत् क्रौञ्चमिथुनादेकमवधीः काममोहितम्॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रावणको स्थिति केही झल्कन्छ । बाल्यावस्थादेखि लिएर वृद्धावस्थातकका परिपूर्ण आदर्श मानवको चरित्र यहाँ पाइन्छ । 'चरित्रेण च को युक्तः' अर्थात् 'असल चरित्र पनि भएको को छ' भन्ने आफ्नो प्रश्नको उत्तरमा 'तैर्युक्तः श्रूयतां नरः' अर्थात् 'ती लक्षणले युक्त भएको मानिस सुन्नुहोस्' भनी नारदले दिएको सङ्क्षिप्त रामायणको जगमा नै वाल्मीकिले यो २४००० को मन्दिर खडा गरे ।

रामको चरित्रचित्रण गर्दा वाल्मीकि भन्छन्-

'कथञ्चिदुपकारेण कृते नैकेन तुष्यति ।
न स्मरत्यपकाराणां शतमप्यात्मवत्तया ॥'

अर्थात् राम अलिकति उपकार गर्दिनाले खुसी भइहाल्छन् फेरि सयौँ अपकार गरे पनि आत्मबल हुनाले त्यसको वास्ता गर्दैनन् । फेरि उनी भन्छन्-

'रामको स्वभाव गजबको थियो, राम[२] सधैँ दान गर्थे, तर अरूसँगबाट दान लिँदैनथे, अप्यारो अर्थात् अरूलाई मन नपर्ने कुरा कहिले बोल्दैनथे । आफ्नो जीवनमा सङ्कट आउने भएमा पनि सत्यवादी राम ती नियममा रहन्थे ।

राज्य[३] छोडेर वन जान लाग्दा रामको अलिकति पनि चित्तको विकार देखिएन । शक्तिको प्रहारले लक्ष्मण मूर्च्छा पर्दा राम भन्छन्– 'हरेक[४] देशमा बिहे गर्न लायकका स्त्री पाइन्छन्, बान्धवहरू पनि पाइन्छन्, तर सहोदर (एकै पेटबाट जन्मेको) भाइ पाइँदैनन् ।' रावण मरेपछि उसको लासको दाह गर्न अन्कनाएका विभीषणलाई भनेको रामको उक्ति कति मार्मिक छ–'वैरभाव[५] नमरुन्जेल मात्र हुन्छ । मरिसकेपछि केको वैरभाव ? संस्कार गर्नुहोस् । जस्तो तपाईंका दाज्यू हुन् उस्तै मेरा पनि हुन् ।' यसरी निहार्ने हो भने जहाँतहीँ राममा उच्च आदर्श झल्कन्छ । वनवास जाने बखतमा लक्ष्मणले त्यसरी गड्कँदा पनि रामले आफ्नो मर्यादा छोडेनन्, बरु लक्ष्मणलाई पनि शान्त गराए । हो, एक-पटक वनमा दुःख पाउँदा रामको

---

२ दद्यान्न प्रतिगृह्णीयान्न ब्रूयात् किञ्चिदप्रियम् ।
अपि जीवितहेतोर्वा रामः सत्यपराक्रमः ॥

३ न वनं गन्तुकामस्य त्यजतश्च वसुन्धराम् ।
सर्वलोकातिगस्येव लक्ष्यते चित्तविक्रिया ॥

४ देशे देशे कलत्राणि देशे देशे च बान्धवाः ।
तं तु देशं न पश्यामि यत्र भ्राता सहोदरः ॥

५ मरणान्तानि वैराणि निवृत्तं नः प्रयोजनम् ।
क्रियतामस्य संस्कारो ममाप्येष यथा तव ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मनमा बाबुप्रति क्रोधको अङ्कुर टुसाएको देखिन्छ, तर उत्तिखेरै उनले त्यसलाई उखेलेर फालिदिएका छन् ।

सीताको चरित्र उस्तै छ। रावणको प्रार्थनालाई कसरी उनले लत्याएकी छन्- 'बायाँ[६] खुट्टाले पनि तँ राक्षसलाई छुन्न भने तँलाई के प्रेम गरुँला !' यस्तै लक्ष्मणको आदर्श झन् गजबको छ। राज्य पाउने दाज्यूपट्टि नलागेर वनवासी दाज्यूतिर लाग्नु कति आदर्शको कुरा हो। बाटोमा खसेका सीताका गहनाहरू देखेर लक्ष्मण भन्छन्- 'अरू गहना त म चिन्दिनँ, तर पाउजेब चिन्दछु। भाउज्यूको पाउमा दर्शन गर्दा धेरैचोटि यो पाउजेबलाई मैले देखेको हुँ। योचाहिं भाउज्यूकै हो।' यो भनाइबाट झल्किएको कुरा दोहऱ्याइरहनुपर्ने होइन। भरतको उस्तै आदर्श चरित्र छ। आफूले सहजसँग पाएको राज्यको तिरस्कार गर्ने को होला ! यसरी मानव-चरित्र मात्र होइन त्यो वेलाको धार्मिक, सामाजिक, आर्थिक, राजनीतिक इत्यादि सारा अवस्था यहाँ पाइन्छन्। पिता, पुत्र, पति, पत्नी, दाज्यू, भाइ, राजा, प्रजा इत्यादिको सच्चा आदर्शका साथसाथै बहुविवाहको तीतो फल, सौताको हृदय इत्यादिको सजीव चित्रण पनि यहाँ पाइन्छ। यहाँ स्वाभाविकता छ, अतिशयोक्ति छैन ।

कविताको दृष्टिले हेर्ने हो भने पनि रामायण अद्वितीय छ। प्रकृति चित्रणमा पनि वाल्मीकि सफल छन्। ऋतुवर्णनको शैली कति सुन्दर छ ! वर्षावर्णनमा त अझ सफल छन्। अनुभूति र अभिव्यक्तिमा उनी निपुण छन्। लक्षण ग्रन्थका दृष्टिबाट पनि रामायण उपयुक्त छ।

'चञ्चच्चन्द्रकरस्पर्श-हर्षोन्मीलिततारका ।

अहो रागवती सन्ध्या जहाति स्वयमम्बरम् ॥' मा समासोक्ति, श्लेष इत्यादि अङ्कारको प्रयोग राम्रो छ। यस्तै उपमा, रूपक इत्यादि अङ्कारको खानि जस्तै छ। आध्यात्मिक भावनाहरू पनि भएकोले यो भारतीयहरूको दिव्य आँखाजस्तै छ। यसैका आधारमा अध्यात्मरामायण, तुलसीकृत, कृतिवासी, एकनाथी र भानुभक्तीय रामायणहरूद्वारा विभिन्न भाषामा रामकथा बहेको छ। अनि यसैका आधारमा काव्य, नाटक र कथाहरू विभिन्न कविले लेखेका छन् ।

'यावत् स्थास्यन्ति गिरयो यावद् वहति वै नदी ।
प्रियं रामायणं तावत् स्थास्यति जनता-मुखे ॥'

---

६ चरणेनापि सव्येन न स्पृशेयं निशाचरम् ।
रावणं किंपुनरहं कामये यं विगर्हितम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अर्थात् जबसम्म पहाडहरू रहने छन्, अनि नदीहरू बग्ने छन् तबसम्म जनताको मुखमा प्यारो रामायण रहने छ भन्ने उक्ति सत्य हो। फेरि त्रिविक्रम भट्ट भन्छन्-

'सदूषणाऽपि निर्दोषा सखरापि सुकोमला।
नमस्तस्मै कृता येन रम्या रामायणी कथा॥'

अर्थात् दूषण नाउँ गरेको राक्षस भए पनि दोषरहित, खर नाउँ गरेको राक्षस भए पनि कोमल, राम्रो रामायण जसले बनाए ती वाल्मीकिलाई नमस्कार छ।

वाल्मीकिको समय कुन हो भन्ने विषयमा पौराणिक दृष्टिले हेर्दा दुई युग बितिसकेको देखिन्छ। यसमा कुनै विद्वान्[७] भन्छन्, 'महाभारत र

---

७ कसैले चाहिँ पाली भाषाको जातकभन्दा रामायण पछिको हो भन्ने तर्क पेस गरेका छन्। तर तर्क सुसङ्गत देखिँदैन। ग्रिकको प्रभाव रामायणमा परेको छ भन्ने वेंबरको भनाइलाई काटेर जाकोवी भन्छन्- 'वाल्मीकिलाई ग्रिकका विषयमा केही पनि थाहा थिएन। होमरको इलियड र वर्जिलको एनिडमा भन्दा पनि देश र कालको यथार्थ चित्रण रामायणमा पाइन्छ। रामायणको तुलना इलियड र ओडेसीसँग अलिकति गरिहेरूँ त। हो, यहाँ कुश र लवले गाएका छन् त उहाँ पनि गायकहरूले गाएर नै प्रचार गरेका छन्। ओडेसीकी सती फेरि विवाहमा धनुमा ताँदो चढाउने सर्त इत्यादिमा केही समानता देखिए पनि रामायणमा यो अन्तर छ- 'रामचन्द्र मर्यादापुरुष हुनाले उनको देवतासँग कहीं पनि सङ्घर्ष देखिँदैन। आध्यात्मिक भावना प्रशस्त मात्रामा पाइन्छ। सीताले तन, मन, वचनले कहिले पनि रावणलाई स्वीकार गरेकी छैनन्। ओडेसीमा चाहिँ राम्रो वस्त्र बुनिसकेपछि कुरा गरूँला भनेको देखिन्छ तर उनी दिउँसो बुन्छिन्, राती सधैं बिगार्दछिन्। सीताले चाहिँ निर्भय भएर रावणलाई प्रत्याख्यान गरेकी छन्। रामले गरेको धनुर्भङ्ग र उलिसेसको बहादुरीसँग सम्बन्ध छैन। त्यस्तै हेलेनको हरण र ट्रोजनको युद्धसँग यहाँ के सम्बन्ध ? निष्पक्षपातले विचार गर्ने हो भने ग्रिकको प्रभाव रामायणमा परेको देखिन्न। त्यस्तै जातकमा पनि खालि रामको वनगमनसम्म लेखे पनि दन्त्यकथाको रूप लिएर राम र सीताको विवाहमा नै समाप्ति गरेको देखिन्छ। उसैले रामायणकै कथांश पालीमा लेखिएको हो।
अयोध्याकाण्डदेखि मौलिक कविताको उठान भएकोले र युद्धकाण्डको अन्त्यमा नै चरम सीमा देखिएकोले बिचका पाँच काण्डमात्र बाल्मीकिले बनाएका हुन् भन्ने ज्याकोवीहरूको मत छ। बालकाण्डको आधारमा १२ औं शताब्दीमा रामानुजाचार्यले र उत्तरकाण्डको आधारमा १४ औं शताब्दीमा रामानन्दले रामको माहात्म्य प्रसार गरे भन्ने भनाइ छ। विक्रम संवत्भन्दा ४५० वर्षअगि बिचका ५ काण्ड र पछि अरू दुई काण्ड बनेका हुन् भनी म्याग्डोनल भन्छन्। आर्यहरूको दक्षिण-विजय दर्साएको हो भनी वेबर भन्छन्। तर कुनै लडाइँ पनि संस्कृति र सभ्यताका लागि होला र ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पुराणहरूभन्दा रामायण अगि बनेको देखिन्छ। महाभारत, पद्म, शिव, देवी भागवत, कालिका इत्यादि पुराणमा रामायणको कथांश लेखिएको छ। पाणिनिको व्याकरणलाई वास्ता नगरेको देख्दा वाल्मीकि पाणिनिभन्दा अगिका रहेछन् भन्ने कुरामा केही शङ्का छैन। बुद्धभन्दा त धेरै अगिका हुन्। रामायणमा मिथिला र विशाला भन्ने दुई भिन्न सहरको नाम देखिन्छ। बुद्धको समयमा ती दुवै सहर मिलेर वैशालिक बनेका छन्। फेरि बौद्ध ग्रन्थमा पाइएको राजधानीसमेत रामायणमा पाइँदैन। पाटलिपुत्रको स्थापना वि. संवत्भन्दा ३२३ वर्षअगि भएको हो। उसैले त्यसको नाम रामायणमा नहुनु स्वाभाविकै हो। रामायणमा त कौशांबी, कान्यकुब्ज, काम्पिल्य इत्यादिको नाम मात्र छ।

उत्तर-भारतमा उत्तर दक्षिण कोशल, मगध, मिथिला राज्य र पूर्व-पश्चिमपट्टि अङ्ग, वङ्ग, केकय इत्यादि राज्यको उल्लेख छ। फेरि यता शृङ्गवेरपुर भन्ने निषाद जातिको सानो सहर र वानरहरूको किष्किन्धाको वर्णन पाइन्छ। फेरि बिचमा दण्डक राजाको सहर जलेर बनेको दण्डकारण्य भएकोले रामायणको काल धेरै प्राचीन हो भन्ने अनुमान गर्नु स्वाभाविक नै हो।

रामायण २४००० श्लोकको मानिए पनि हाल बालकाण्डमा २२७०, अयोध्यामा ४२८६, अरण्यमा २४२७, किष्किन्धामा २४५५, सुन्दरमा २८२९, युद्धमा ५७१० र उत्तरमा ३३७९ गरी जम्मा २३३७६ जति पाइन्छन्। सायद आधीलाई पनि कहीँ-कहीँ श्लोक मान्दा २४००० पुग्ला। पाठान्तर पर्नाले पनि यस्तो हुन सक्छ। हुन त वाल्मीकिले सयकरोड रामायण बनाएका थिए भन्ने पनि सुनिन्छ। राम राजा भएपछि रामायण बनेको हो। रचनास्थान चाहिँ तमसा र गङ्गाको सङ्गमको दक्षिणपट्टिको किनारको आश्रम हो। कोशल देश अर्थात् हालको अवध प्रान्तमा यसको उत्थान भएको हो।

'कूजन्तं राम रामेति मधुरं मधुराक्षरम्।
आरुह्य कविताशाखां वन्दे वाल्मीकिकोकिलम् ॥'

अर्थात् कवितारूपी हाँगामा चढेर मीठो रामनाम गाउने वाल्मीकिरूपी कोइलीलाई ढोगदछु। वाल्मीकिले गरेको उपकारका लागि पहिले नमस्कार नै आदरका साथ गरौं भन्ने मेरो पनि पूर्ण सम्मति छ।

वाल्मीकिको अर्को ग्रन्थ योगवाशिष्ठ हो। तीर्थयात्रा गरी चार साधनले युक्त भएर आएका रामलाई वशिष्ठजीले उपदेश दिएको अजातवाद यहाँ पाइन्छ। यो वेदान्तको सबभन्दा उच्च सिद्धान्त हो। साथसाथै साहित्यिक शैलीमा पनि यो कम छैन। संसार-समुद्र तर्नाको लागि उपयुक्त ग्रन्थ कुन छ भन्ने प्रश्न गर्ने हो भने सबभन्दा अगाडि यही योगवाशिष्ठको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नाम आउँछ। यसमा सबभन्दा पहिले वैराग्य चाहिन्छ भन्ने देखाएको छ। त्यसपछि मुमुक्षुता, जगत्को उत्पत्ति, स्थिति, उपशम र निर्वाण खोलेर देखाइएको छ। यथार्थ समालोचना नै पूजा हो भन्ने सिद्धान्त लिएको भए यस्तो ग्रन्थ 'नभूतो न भविष्यति' भन्न सकिन्छ। यहाँ दोस्रो मुमुक्षु प्रकरणको गद्यात्मक केही अंशको अनुवाद गरिएको छ। यसबाट पनि पाठकहरूलाई केही झलक थाहा हुने छ।

विचारको माहात्म्य (योगवाशिष्टको मुमुक्षु प्रकरणको बाह्रौँ सर्गबाट)

हे राम, यहाँ विचार गरेमा अवश्य नै दुःखको नाश हुन्छ उसैले विचारका कुरालाई हेला नगर्नू। सर्पले काँचुली फेरेझैँ संसार दृष्टि छोडेर पिर हराएको अनि ठन्डा दिल भएको विचारवान्ले मजाका लागि इन्द्रजालजस्तै सारा जगत् देख्तछ। विचार नगर्नेलाई चाहिँ यो संसार ज्यादै दुःखमय हुन्छ। ज्यादै विषम भएको यो संसारको रागले सर्पले झैँ डस्छ, तरबारले झैँ काट्छ, भालाले झैँ घोच्छ, डोरीले झैँ बाँध्छ, आगोले झैँ पोल्छ, रातले झैँ अँध्यारो तुल्याउँछ, ढुङ्गाले झैँ विवश गराउँछ, बुद्धि हरिदिन्छ, स्थिति गिराइदिन्छ, मोहरूपी अन्धकूपमा शङ्का नगरीकन खसेका मानिसलाई तृष्णाले थोत्रो तुल्याइदिन्छ। त्यो कुनै दुःख छैन जो संसारीले पाउँदैन। यो विषयरूपी हैजा हटाउन मुस्किल छ। यदि ओखती गरिन्न भने मलमूत्र आदिका सहरजस्ता शरीरका समूहको रागले पुरुषलाई हजारौँ नरकको कष्ट भोगाइदिन्छ। जहाँ ढुङ्गा खानु, तरबारले काटिनु, अग्लो टाकुराबाट खसालिदिनु, ढुङ्गाले हान्नु, आगोले पोलिनु, हिउँले भिज्नु, अङ्ग काटिदिनु, चन्दनको काठजस्तै घोटिनु, तरबारजस्ता पात भएका वनमा घुमाउनु, काठभित्रका किराजस्तै कष्ट पाउनु, तातो फलामको सिक्रीले बाँधिनु, हरवखत छुटेका नाराच वाण- जस्ता हावाले बलेको आगोको ज्वालाले पोल्नु, छहारी र पानी नभईकन नै ग्रीष्म ऋतु बिताउनु, जाडोमा चाहिँ ठन्डा पानीको कण बर्सिनु, काट्ता पनि फेरि उम्रिएको शिर बराबर काटिनु, सुखको निद्रा कहिल्यै नआउनु, मुख थुनिदिएर निसासिने गराइदिनु, अङ्ग सुनिएर व्यवहार गर्न नसक्ने तुल्याइदिनु-इत्यादि हजारौँ कष्ट भएको संसाररूपी चल-यन्त्रमा हेला नगर्नू। शास्त्रको विचारले कल्याण हुन्छ भन्ने कुरा निश्चय नै विचार गर्नू, बुझ्नू पनि।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

व्यास

व्यासका पिता महर्षि पराशर हुन्, आमाचाहिँ सत्यवती । व्यासलाई वेदव्यास पनि भन्छन् । त्यसको कारण **'विव्यास वेदान् यस्मात् स वेदव्यास इत्युच्यते** ।' भन्ने लेखिएको छ । छरिएका वेदलाई सङ्कलन गरी संहिताको रूपमा व्यासले नगुँथेका भए सायद वेद बेपत्ता भइसक्ने थिए कि भन्ने अनुमान गर्न सकिन्छ। प्राचीन अध्ययन-प्रणाली छुट्दै गएकोले र गुरुपरम्परा हराउँदा वेदको रहस्यको खोज गर्ने विचार भएको मानिस पाउनसम्म मुस्किल भइरहेछ ।

छरिएका पुराणहरूलाई व्यासजीले सङ्कलन गरेका हुन् भन्ने पनि देखिन्छ, तर खालि सङ्कलन मात्र गरेका होइनन् किन्तु वेद र वेदाङ्गका रहस्यको नौनी झिकेर अठाह्र पुराण र अठाह्र उपपुराण राखिदिएका छन् । हुन त पुराणमा असम्भव कथानकहरू देख्दा किसिम-किसिमका शङ्का उठ्नु स्वाभाविकै हो । क्षीरसमुद्रमा विष्णु सुतिरहेको वेलामा नाभिकमलबाट ब्रह्मा पैदा भए । त्यसपछि विष्णुका कानेगुजीबाट पैदा भएका मधु र कैटभले ब्रह्मालाई ठटाउन लाग्दा उनले विष्णुको स्तुति गरे । पछि बिउँझेका विष्णुले मधु-कैटभलाई मारिदिए । अब दार्शनिक भावनातिर दृष्टि दिने हो भने विष्णु अर्थात् व्यापक आत्माबाट पैदा भएका मन, बुद्धि, चित्त, अहङ्काररूपी चारमुख भएका जीव (ब्रह्मा) लाई कानबाट पैदा भएका राग र द्वेषरूपी दुई दानवले सताउनु र ब्रह्माले व्यापक चेतन परमात्माको शरण पर्नु स्वाभाविकै हो । सारा विषय त्याग गरी शरण परेपछि रागद्वेष मर्नु सङ्गतै देखिन्छ। यस्ता रहस्यलाई पुरञ्जन इत्यादिको उपाख्यानबाट पनि व्यासले छर्लङ्गसँग खोलेका छन् ।

पुराणमा पाँच कुरा हुनुपर्छ । १. सर्ग (सृष्टि), २. प्रतिसर्ग र सृष्टि को विस्तार र लय, ३. वंश र सृष्टिको अगिको वंशावली, ४. मन्वन्तर (मनुहरूको समय र चरित्र तथा विशेष घटना), ५. वंशानुचरित (सूर्यवंशी र चन्द्रवंशी राजाहरूको वर्णन) । इतिहास र पुराणद्वारा वेदको विकाश गरोस् भन्ने वचनअनुसार नै पुराणहरू रचिएका हुन् । वेदको रहस्य साधारण

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मानिसले बुझ्न नसक्ने हुँदा पुराणको आवश्यकता पूर्णतया देखिन्छ। पुराणमा दिइएको इतिहासको पुष्टि अचेल शिलालेखहरूबाट हुँदै आएको छ, यसैले इतिहासका विद्वान्हरूले पनि पुराणको यथार्थता बुझ्दै आएका छन्। प्राचीन समाजको अध्ययन गर्न हामीले पुराण नै पढ्नु पर्छ। पुराणबाट प्राचीन भूगोलको रूपरेखा पनि खिच्न सकिन्छ। पुराणमा पनि सबभन्दा श्रेष्ठ श्रीमद्भागवत मानिएको छ। यसमा मधुरता, सरसता र मार्मिकता प्रशस्त मात्रामा पाइन्छ। लाख सङ्ख्याको महाभारत बनाउँदा पनि शान्ति नआएर व्यासजीले भागवतका लागि कलम चोपेका हुन्। अन्त्यमा भागवत लेखेर व्यासजीले चित्तको शान्ति र स्वरूप स्थितिको प्रार्थना गरेको देखिन्छ।

महाभारत उनको अर्को ठुलो ग्रन्थ हो। यसलाई पाँचौं वेद मानेका छन्। जिज्ञासु स्त्री र शूद्रले पनि वेदको रहस्य बुझून् तथा कौरव र पाण्डवहरूको चरित्र पछिसम्म रहोस् अनि एउटा पुस्तक पढेपछि सारा कुरा जानियोस् भन्ने उद्देश्यले पनि यसमा धेरै कुरा समावेश गरेको जस्तो बुझिन्छ। यसैले व्यास भन्छन्[८]– "धर्म, अर्थ, काम र मोक्ष यी चारै विषयमा जो यहाँ छ, त्यो अन्त पनि पाइन्छ। जुन कुरा यहाँ छैन। त्यो कहीँ पनि पाइँदैन।" उसैले यसलाई महासागर भने पनि हुन्छ। वीरगाथा, राजनीति, धर्म, ज्ञान, भक्ति, आचार, दर्शन, कथा, ज्यौतिष, भूगोल, इतिहास, सामाजिक स्थिति, आर्थिक स्थिति, चौसट्ठी कला इत्यादि अनन्त कुरा यहाँ पाइन्छन्।

महाभारत नाउँ राख्नाको कारण विभिन्न देखिन्छ।[९] भरतवंशीको ठुलो चरित्र हुनाले महाभारत नाउँ रहेको हो अथवा [१०]ठुलो हुनाले र गहकिलो हुनाले महाभारत कहिन्छ। प्रियव्रतका पनाति १, दुष्यन्तका छोरा २ र रामका भाइ अर्थात् तीन भरतको नाम प्रख्यात भए पनि पहिला भरतकै नामबाट यसको शीर्षक राखिएको देखिन्छ। निरुक्तकारले चाहिँ 'भरत आदित्यः, तस्य इयं भारती' अर्थात् सूर्यसम्बन्धी भनी लेखेका छन्।[११] एकातिर चार वेद र अर्कातिर भारत भनी लेखिएकोले अगि 'भारत' मात्र नाम थियो भन्ने कसैको विचार छ। भागवतमा पनि 'भारत' मात्र नाम

---

८ धर्म ह्यर्थे च कामे च मोक्षे च भरतर्षभ !
यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत् क्वचित् ॥

९ भरतानां महज्जन्म महाभारतमुच्यते ॥

१० महत्त्वाद् भारवत्त्वाच्च महाभारतमुच्यते ॥

११ एकतश्चतुरोवेदा भारतं चैतदेकतः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पाइन्छ। बौधायन-धर्मसूत्र इत्यादिमा भारत र महाभारत दुवै नाउँ पाइन्छ। फेरि यसको नाम जय राखेको पनि देखिन्छ। यो [12] जय भन्ने इतिहासले सारा पाप नाश गर्छ भनी महाभारतमा नै लेखिएको छ। मङ्गलाचरणमा पनि[13] नारायण, नर, देवी, सरस्वतीको नमस्कार गरेर जय इतिहास पढोस् भन्ने लेखिएको छ। यहाँ कसैले व्यासको नाउँ पनि थपेका छन्। तर आफै व्यासले आफैलाई कसरी नमस्कार गर्लान्। जितबाजी इच्छा गर्नेले जय इतिहास सुन्नू भन्ने[14] वचन पनि पाइन्छ। यो इतिहास हो भन्ने कुरामा[15] लक्षण पनि महाभारतमा नै छ। अर्थात् धर्म, अर्थ, कामहरूको उपदेश भएको र पुराना कथाहरू भएकोलाई इतिहास भन्छन्। यही ठुलो इतिहासबाट कविहरूलाई प्रेरणा मिल्नेछ भनी[16] लेखिएको पनि छ। यो जातीय इतिहास हो। शान्तिपर्वले त जीवनको समस्या सिद्ध गराइदिन्छ। संस्कृतिको शुद्ध स्वरूपको परिचय पनि यहाँ पाउँछौं। महाभारतरूपी समुद्रको मन्थनबाट पाँच रत्न हामी पाउँछौं। १. भगवद्गीता, २. विष्णु सहस्रनाम, ३. अनुगीता, ४. भीष्मस्तवराज। ५. स्तुति।

[17]अङ्ग र उपनिषद्सहित चार वेद पढे तापनि यो महाभारत पढेन भने चतुर विद्वान् हुन सक्दैन भन्ने भनाइ छ। फेरि भनेको पनि छ- 'यो[18] महाभारत सुनेपछि अरू कुरा सुन्न मन लाग्दैन। जस्तो कोइलीको पञ्चमस्वर सुनेपछि कागको रुखो बोली कोही पनि सुन्न चाहँदैन। वास्तवमा यो वेदव्यासको मुखरूपी कमलबाट निस्केको अमृत हो। यसमा शान्त रस मुख्य र वीर आदि अङ्गरस छन्।

जय, भारत, महाभारत यी तीन नाउँ रहेकोमा कोही भन्छन्। [19] महाभारतको युद्धका समयमा व्यासजी १५७ वर्षका थिए। लडाईंको १८

---

१२ जयो नामेतिहासोऽयं सर्वपापप्रणाशनः।

१३ नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम्।
देवीं सरस्वतीं चैव ततो जयमुदीरयेत्॥

१४ जयो नामेतिहासोऽयं श्रोतव्यो विजिगीषुणा।

१५ धर्मार्थकाममोक्षाणामुपदेशसमन्वितम्।
पूर्ववृत्तकथायुक्तमितिहासं प्रचक्षते॥

१६ इतिहासोत्तमादस्माजायन्ते कविबुद्धयः।

१७ यो विद्याच्चतुरो वेदान् साङ्गोपनिषदो द्विजः। नचाख्यामिदं विद्यान्नैव सस्याद् विचक्षणः।

१८ श्रुत्वा त्विदमुपाख्यानं श्राव्यमन्यन्न रोचते। पुंस्कोकिलगिरं श्रुत्वा रूक्षा ध्वांक्षस्य वागिव॥

१९ जय भन्ने इतिहास व्यासले बनाएका हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वर्षपछि यो महाभारत लेखेका हुन्। कलिको ६५३[२०] वर्ष बितेपछि कौरव र पाण्डव भएको देखिन्छ। आर्यज्योतिषीको अनुसार विक्रम संवत्‌भन्दा ३१५७ वर्ष अगि कलियुग सुरु हुन्छ। हुन त द्वापरको अन्त्यमा लडाइँ भएको भन्ने पनि सुनिन्छ। भीमसेन र दुर्योधनको लडाइँको अन्त्यमा 'प्राप्तं कलियुगं

'अष्टौ श्लोकसहस्राणि अष्टौ श्लोकशतानि च।
अहं वेद्मि शुको वेत्ति सञ्जयो वेत्ति वा नवा। १। १। ८०।

अर्थात् ८८०० श्लोक म वुझ्दछु कि शुक वुझ्दछन्। सञ्जय चाहिँ वुझ्दछन् कि वुझ्दैनन् कुन्नि। यसवाट ८८०० श्लोक व्यासको रचना हो भन्ने सिद्ध हुन्छ। पछि ज्यासले वैशम्पायनलाई पढाए। पढेको कुराको विस्तार गरेर वैशम्पायनले त्यसैलाई 'भारत' नाम राखी २४००० पुऱ्याए। जनमेजयले सर्पसत्र गर्दा यो ग्रन्थ वैशम्पायनले सुनाएका छन्। त्यो बेला जनमेजयले गरेका प्रश्नको उत्तर वैशम्पायनले दिँदा अरू थपियो होला। तर पूर्वोक्त मत ठिक होइन भनी कोही भन्छन्, किनभने ८८०० त कूट श्लोक वनाएजस्तो बुझिन्छ। **'तच्छ्लोककूटमद्यापि ग्रथितं सुदृढं मुने।'** भनी लगत्तै लेखेकोले कूटलाई नै ८८०० श्लोकले लक्ष्य गर्छ। जनमेजयलाई जवाफ दिँदा केही थपिन सक्छ, तर ८८०० वाट २४००० पुग्न मुश्किल नै होला। फेरि व्यासले तीन वर्ष लगाएर नियममा रही महाभारत वनाए भन्ने देखिन्छ। व्यासजीजस्तालाई ८८०० श्लोकका लागि तीन वर्ष लगातार परिश्रम गर्नुपर्ने देखिन्न। उसैले २४००० व्यासको रचना हो। यो स्थितिमा आदिपर्व ६१ अध्यायदेखि महाभारतको प्रारम्भ भन्नुपर्छ। वैशम्पायनको पर्वसङ्ख्या १०० देखिन्छ। उसैले २४००० भन्दा बढी सौतिको हो। सौतिले नैमिषारण्यमा शौनकहरूलाई सुनाउँदा उनीहरूको प्रश्नोत्तरमा जरुरै बढ्यो। फेरि सौति बुद्धपट्टिका हुन्। बौद्ध धर्मले अरू धर्मलाई दबाउन लागेको देखेर वैदिक र पौराणिक धर्मको रक्षाका लागि अरू ग्रन्थ पनि यसैमा जोडिदिएर लाख ग्रन्थ तुल्याए। यदि एकैजनाले बनाएको भए एउटै कथा दोहरिनुपर्ने थिएन। फेरि भाषामा पनि कहीँ प्राचीनता देखिन्छ कहींचाहिँ नवीनता। यही बुझेर नै आश्वलायनले गृह्यसूत्रमा **'भारतमहाभारताचार्याः'** भनेका होलान्।

अर्काथरी भन्छन्–'२४००० मात्र व्यासको रचना भए गणेशलाई लेखाउनुपर्ने काम थिएन। लेख्दा यदि मेरो कलम रोक्नुपर्दैन भने म लेखिदिन्छु भनी गणेशले भन्नुपर्ने थिएन। ३ वर्षको समयमा २४००० श्लोक लेख्न व्यासजी जस्तालाई कठिन हुँदो हैन होला। अनि गणेशसँग गुहार माग्नुपर्ने थिएन। त्यतिका चेलाहरूलाई लेखाएको भए भइहाल्थ्यो। फेरि भिन्न-भिन्न दिनमा लेखिएकोले भाषामा विभिन्नता देखिनु स्वाभाविकै हो। गुप्तकालीन वि.सं. ५०२ को लेखमा **'शतसाहस्र्यां संहितायां'** अर्थात् लाख सङ्ख्या भनी लेखिएको छ। युनानी लेखमा पनि लाख सङ्ख्याको इलियड भनी लेखिएको छ। कथामा पूर्वापरसम्बन्ध मिलेको नदेखिएकोले सौतिले जोडेका हुन् भन्नु पनि ठिक देखिँदैन।

२० **गतेषु षट्सु सार्धेषु त्र्यधिकेषु च भूतले।**
कलेर्गतेषु वर्षाणामभवन् कुरुपाण्डवाः॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विद्धि' अर्थात् कलियुग आयो भन्ने जान भन्ने कृष्णको वचन छ। जे होस्, परिगणन गर्दा ५००० वर्ष अगि नै व्यासको [२१] समय हुन आउँछ।

हुन त

'यावत् परीक्षितो जन्म यावन्नन्दाभिषेचनम्।
एतद् वर्ष सहस्रं तु ज्ञेयं पञ्चदशोत्तरम् ॥'

अर्थात् परीक्षितको जन्मदेखि नन्दको राज्यकालसम्म एक हजार पन्ध्रवर्ष हो इत्यादि विष्णुपुराणकै वचन भए पनि त्यही पुराणको तेइस अध्यायहरूका वचनबाट विरोध खान्छ। बरु ज्योतिषीको र मेगास्थिनिजको कुरा मिलेको देखिन्छ। युद्धको प्रारम्भ हुने वेलामा सबै ग्रह अश्विनी नक्षत्रको नजिकै आएका थिए भन्ने महाभारतमै देखिन्छ। त्यस्तो समय ५००० वर्षअगि नै भएको सम्भावना छ।

महाभारतको अधिकांश भाग संवाद र वर्णनले भरिएको छ। विशेष गरेर संवादहरू प्रवाहमा बगेका छन्, प्रभावशाली छन्, तथा धार्मिक विचार र वास्तविकताले परिपूर्ण छन्। युद्धको वर्णन वास्तविक छ। चरित्र-चित्रणमा पनि व्यास ज्यादै सिपालु छन्। नीति र आचारसम्बन्धी साना-साना उपाख्यान पनि यहाँ पाइन्छन्। आध्यात्मिक भावना त यसको मुटु नै हो। गद्यभाग ज्यादै थोरै छ, तर गद्यको भाषा ज्यादै पुरानो किसिमको देखिन्छ।

---

२१ कोही भन्छन्- 'चन्द्रगुप्तको समयमा आएका ग्रिक राजदूत मेगास्थिनिजको लेखमा महाभारतको नाम नपाइएकोले उनीभन्दा पछि बनेको हो।' तर अर्काथरी भन्छन्, 'मेगास्थिनिजको सबै लेखांश पाइएको छैन। सायद नपाइएको भागमा छुटेको छ कि ? फेरि यहाँको ज्योतिःशास्त्रको रचना नक्षत्रबाट भएको देखिन्छ। युधिष्ठिरको जन्मकालमा नक्षत्रगणना नै छ। उसैले विक्रम संवत् सुरु हुनुभन्दा अगि नै महाभारत बनेको हुनुपर्छ। मेगास्थिनिजको पाइएको लेखांशमा हिराक्लिज (कृष्ण) देखि चन्द्रगुप्तसम्ममा १३८ पिँढी हुँदा एक राजाको औसत २० वर्ष गरेमा २७६० हुँदा चन्द्रगुप्तभन्दा धेरै पुरानो हो भन्ने निश्चय छ।'
महाभारतको विषयमा खोज गर्नेहरूमध्ये जर्मन र अङ्ग्रेजहरू पनि छन्। उनीहरूमध्ये धेरैजसो त्यति पुरानो मान्न मन्जुर गर्दैनन्। विक्रम संवत्को सुरुतिर नै यो रूपमा आयो भन्ने सिद्ध गर्न कोसिस गर्छन्। आर्यहरू भारतमा आएपछि लेखिएको भन्ने विचार उनीहरूको छ। महाभारतमा 'यवन' र 'म्लेच्छ' शब्द पाइएकोले यूनानीहरू भारतमा आएपछि लेखिएको भन्ने उनीहरूको भनाइ छ। कसैले त भनेका छन्, 'महाभारतको युद्ध कुरु र पंचाल छिमेकी राजाहरूको झगडाको बयान हो।' अन्त्यमा उनीहरू भन्छन्, 'महाभारत सबभन्दा पुरानो साहित्यिक इतिहास हो।' फेरि कोही भन्छन्, 'व्यासपछि जो जो योग्य व्यक्ति व्यासासनमा बसे, ती सबै व्यासकै नामले प्रसिद्ध भएका छन्।'

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लाख सङ्ख्या भने तापनि हाल आदिपर्वमा ८८८४ श्लोक पाइन्छन् । यसै गरी अठारै पर्वको सङ्ख्या जोड्दा ९६८३६ हुन आउँछ । लाखको नजिकै पुगेकोले लाख भनिएको होला । हाल छापिएका मध्ये कसैमा ९९९५८ र कसैमा त्योभन्दा घटबढ पनि पाइन्छ । यो आर्ष काव्य हो । 'धर्मबाट नै अर्थ र काम पाइन्छ । उसैले 'धर्म' किन गर्दैनौ ?' भनी व्यासले हात उठाएर कराउनुहुन्छ तर कोही सुन्दैन । **'परोपकारो धर्माय पापाय परपीडनम्'** अर्थात् अर्काको उपकार गर्नु धर्म हो, अर्कालाई दुःख दिनु पाप हो भन्ने व्यासको मुख्य सिद्धान्त हो । राष्ट्रियभावना विशुद्ध यहीं पाइन्छ । खेतीतिर पनि जोड दिँदै व्यास भन्छन्, **'न नः स समितिं गच्छेद् यश्च नो निर्वपेत् कृषिम् ।'** अर्थात् खेती नगर्नेले राजसमितिमा प्रवेश गर्न पाउँदैन । जुवा खेल्नु, हारजित हुनु, लडाइँ गर्नु इत्यादि मानवीय वास्तविकता यहाँ प्रशस्त छ । सबै गुण हुनाले गोवर्धनाचार्य भन्छन्–

'व्यासगिरां निर्यासं सारं विश्वस्य भारतं वन्दे ।
भूषण तथैव संज्ञा यदङ्कितां भारती वहति ॥'

(श्रीमहाभारतको शान्तिपर्व ३४२ अध्यायबाट)

भगवान् श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ–

एक हजार चार युग बितेपछि अव्यक्तमा सारा भूतको लय भएमा, स्थावर र जङ्गम सारा प्राणी विलीन भएमा, तेज, पृथ्वी, वायुहरू बेपत्ता हुँदा अन्धकार छाइएमा सारा संसार समुद्रको पानीमा डुब्यो । जहाँतहीं पानी पानी थियो, एक मात्र ब्रह्म आफ्नो महिमामा प्रतिष्ठित थियो । त्यो वेला न रात थियो न दिन, न सत् थियो न असत्, न व्यक्तको स्थिति थियो न अव्यक्तको । यस्तो अवस्थामा नारायणका गुणको आश्रय भएका, अजर, अमर, इन्द्रियरहित, अग्राह्य, असम्भव, सत्य, हिंसा नगर्ने, सुन्दर, किसिम-किसिमका प्रकृतिका विशेष कारण, वैरभाव नभएका, नाश नहुने, मूर्तिरहित, सर्वव्यापी, सर्वकर्ता तत्त्वबाट विकार नहुने सनातन पुरुष हरिको प्रादुर्भाव भयो । यो विषयमा वेदको पनि दृष्टान्त छ । त्यो वेला न दिन थियो न रात, न सत् थियो न असत्, खालि तममात्र छाइएको थियो, त्यही नै विश्वको रूप भइरहेको थियो । त्यही नै विश्वरूपको रात्रि हो । यसरी यसको अर्थ व्याख्या गर्ने । यो वेला तम अर्थात् मायाले युक्त ब्रह्मयोनि पुरुष अर्थात् ईश्वरबाट ब्रह्माजीको प्रादुर्भाव भएमा प्रजाको सृष्टि गर्न इच्छा गर्ने ती पुरुष ब्रह्माले आँखाबाट अग्नि र सोमको सृष्टि गरे । यसरी भौतिक सृष्टि भएमा प्रजासृष्टिको क्रमैले ब्रह्म र क्षत्र पैदा भए । जो सोम हो त्यही ब्रह्म हो, जो ब्रह्म हो त्यही ब्राह्मण हो । जो अग्नि हो, त्यही

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

क्षत्र हो, जो क्षत्र हो त्यही क्षत्रिय जाति हो। क्षत्रियभन्दा ब्रह्म जान्ने ब्राह्मण ज्यादै बलियो हुन्छ। कसरी भन्ने हो भने ब्रह्मज्ञानी ब्राह्मणको गुण सारा दुनियाँमा प्रत्यक्ष छ। ब्राह्मणभन्दा उत्तम प्राणी पहिले पैदा भएन। जो ब्राह्मण (ब्रह्मज्ञानी) को मुखमा हवन गर्छ, त्यो बलेको आगोमा होम गर्छ। यसैले म भन्छु भूतको सृष्टि गरेर ठिक-ठिक स्थानमा राखी ब्रह्माजी तीन लोकको धारण गर्नुहुन्छ। मन्त्र वाक्य पनि यसको समर्थक छ :

हे अग्नि, तिमी यज्ञहरूको होता, तथा विश्व, देवता, मानिस, जगत् सबैको हित गर्छौ। यो विषयमा दृष्टान्त पनि छ। हे अग्नि, तिमी सम्पूर्ण यज्ञको होता हौ, सारा देवता, मनुष्य, जगत्को हित गर्छौ। अग्नि नै होता र कर्ता हुन्। ती अग्नि नै ब्राह्मण हुन्। किनभने बिनामन्त्रले होम हुँदैन फेरि बिनापुरुष तपस्याको सम्भव छैन। हवि र मन्त्रद्वारा देवता, मानिस र ॠषिहरूको पूजा हुन्छ। उसैले तिमी होता भनी नियुक्त गरिएका हौ। मानिसमा जो होताको अधिकारी छन् ती ब्राह्मण हुन्। ब्राह्मणलाई यज्ञ गराउने विधान छ। द्विजाति भए पनि क्षत्रिय र वैश्यलाई यज्ञ गराउने अधिकार छैन। यसैले अग्निस्वरूप ब्राह्मण नै यज्ञलाई थाम्दछन्। ती यज्ञले देवतालाई तृप्त गराउँछन्। देवताहरू पृथ्वी सम्पन्न हुने भावना गर्छन्। शतपथ ब्राह्मणमा पनि ब्राह्मणको मुखमा होम गर्ने कुरा बताएको छ। विद्वान् ब्रह्मज्ञानी ब्राह्मणको मुखमा जो अन्न होम्दछ, त्यो बलेको आगोमा होम्दछ। यसरी अग्निस्वरूप भएका विद्वान् ब्राह्मणहरू अग्निको उपासना गर्छन्। अग्नि विष्णु हुन्, उनी सारा प्राणीभित्र पसेर उनीहरूको प्राण धारण गर्छन्।

शान्तिपर्व १९० अध्यायको भृगु-भरद्वाज-संवादबाट

भृगु–शारीरिक र मानसिक अर्थात् शरीर र मनको गरेर सुख दुई किसिमको हुन्छ। के इहलोक के परलोक दुवैमा जुन वस्तुको प्राप्तिका लागि प्रवृत्ति हुन्छ, त्यो सुखैको निम्ति हुन्छ। त्रिवर्ग अर्थात् धर्म, अर्थ र कामको सुखभन्दा ठुलो अर्को विशेष कुरा केही छैन। सुख नै इच्छा गरिने विशेष गुण हो। सुखका निमित्त नै धर्म र अर्थका गुणको आरम्भ हुन्छ।

भरद्वाज–सुखको नै परम स्थिति छ अर्थात् सबभन्दा उच्चस्थान सुखकै छ भनेर तपाईले जो भन्नुभयो त्यो म स्वीकार गर्दिनँ किनभने ठुलो तपस्या गर्ने ॠषिहरू इच्छा गरिने गुणविशेष सुख पाउन सकिने भए पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चाहँदैनन् । तीन लोकको सृष्टि गर्ने प्रभु ब्रह्मा पनि एकलै बस्नुहुन्छ । फेरि ब्रह्मचारी भएर कामसम्बन्धी सुखमा मन लगाउनुहुन्न भन्ने सुनिन्छ । फेरि उमाका पति भगवान् शिवजीले पनि आफ्नो सामुन्ने आएको कामलाई जलाएर अङ्गरहित गराई शान्त गराइदिनुभो रे । त्यसैले म भन्छु,– महात्माहरूले कामलाई अपनाएका छैनन् । उनीहरू कामसुख अर्थात् विषयको सुखलाई असल ठान्दैनन् तर कामसुखभन्दा ठुलो अर्को छैन भन्ने तपाईंको कुराबाट त्यो विचार बुझिँदैन । लोकको भनाइ यस्तो छ कि फलको उत्पत्ति दुई किसिमको हुन्छ । पुण्यबाट सुख पाइन्छ, पापबाट चाहिँ दुःख ।

भृगुले भन्नुभयो- असत्यबाट अज्ञानको उत्पत्ति भयो । त्यस कारण तमले ग्रस्त मानिसहरू अधर्मको पछि लाग्छन्, धर्मको पछि लाग्दैनन् । रिस, लोभ, हिंसा र असत्यहरूले छोपिएका छँदा न यो लोकमा सुख पाउँछन् न परलोकमा । तिनीहरू किसिम-किसिमका रोग र तापले सताइन्छन् । हत्या, बन्धन इत्यादिको दुःख तथा भोक, प्यास र थकाइले दुःखी हुन्छन् फेरि वर्षा, आँधी, ज्यादै गर्मी र ज्यादै जाडोले भएका शरीरका दुःखले सन्तप्त हुन्छन् । बन्धुहरूको मृत्यु र धनको नाशबाट भएको वियोगले मनमा शोक गर्छन् अनि बुढ्याइँ र मृत्युले पनि पीडित हुन्छन् ।

जो यी शारीरिक अर्थात् शरीरसम्बन्धी र मानसिक (मनसम्बन्धी) दुःखले छोइँदैन त्यसैले सुखको अनुभव गर्दछ । अगि बताइएका दुःखरूपी दोष स्वर्गमा हुँदैनन्, अर्थात् सुखदायी हावा वहन्छ, राम्रो बास्ना चलेको हुन्छ, भोक, प्यास, थकाइ, बुढ्याइँहरूको कष्ट भोग्नुपर्दैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

याज्ञवल्क्य

याज्ञवल्क्य देवरात मुनिका छोरा हुन्। उनी गुरु वैशम्पायनसँग वेद पढ्थे। गुरुलाई अकस्मात् ब्रह्महत्या लाग्नजाँदा अरू चेलाहरूले गुरुको प्रतिनिधि भएर प्रायश्चित्त गरिरहेका थिए। त्यो देखेर गुरुसँग याज्ञवल्क्यले भने,–"यिनीहरूको सानो यज्ञले के हुन्छ, बरु म एकलै ठुलो तपस्या गर्दछु।"

साथीभाइको अपमान गरी आफ्नो गौरव बढाउन खोजेजस्तो ठानी आगो भएर गुरुले भने,–"मैले पढाएको जम्मै फिर्ता गर।"

याज्ञवल्क्यले पनि तुरुन्तै फिर्ता गर्दिए, अनि सूर्यको उपासना गर्न थाले। त्यसको फलस्वरूप पन्ध्र शाखा भएको शुक्लयजुर्वेद उनले पाए। तर अचेल कण्व र माध्यन्दिन दुई शाखामात्र प्राप्त छन्। चालिस अध्याय भएको त्यही माध्यन्दिन शाखा नै हामी नेपालीहरूको पठनपाठन-प्रणालीमा चलेको छ।

व्यासका चेलांका चेला हुनाले व्यासको समय तोकिइसकेपछि यिनको समय सहजै ठम्याउन सकिन्छ। याज्ञवल्क्य ज्ञानी थिए भन्ने कुरामा उपनिषद् नै प्रमाण छ। 'उप' र 'नि' उपसर्ग लागेको विशरणार्थक 'सद' धातुदेखि क्विप् प्रत्यय भएर उपनिषद् सिद्ध हुन्छ। परमात्माको नजिकै पुऱ्याउने विद्या नै उपनिषद् भनिन्छ। ओल्डन वर्गले चाहिँ उपनिषद्को अर्थ उपासना भनेका छन्। डुइसनले चाहिँ गुरुको नजिक जानु भनेका छन्।

उपनिषद्को रहस्य सम्झनु ज्यादै आवश्यक छ। अज्ञानको पर्दा हटाएपछि स्वतः परमात्माको दर्शन पाइन्छ भन्ने कुराको घोषणा गरेर त्यागले मात्र जीव शिव हुन्छ भनी महावाक्यको उपदेश उपनिषद्हरू गर्छन्।

उपनिषद्हरू एक सय आठभन्दा पनि बढी छन्। तिनमा अरूभन्दा ठुलो र अरण्य अर्थात् एकान्त जङ्गलमा उपदेश दिइने हुँदा बृहदारण्यकोपनिषद् नाउँ रहनु स्वाभाविकै हो। अश्वमेध-विज्ञानदेखि सुरु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गरेर वंशवर्णनमा यसको समाप्ति देखिन्छ। शुक्लयजुर्वेदसँग यसको सम्बन्ध छ। यसमा जीवको विवेचन तथा भय र आनन्दको वर्णन विस्तृत रूपमा पाइन्छ। ईश्वरचिन्तन आवश्यक छ भन्ने कुरामा खुब जोड दिएको छ। याज्ञवल्क्य र जनकको संवादबाट आत्मा र आत्मप्राप्तिको साधनको विशेष प्रकाश पाइन्छ। याज्ञवल्क्य र मैत्रेयीको संवादको एक अंशको यहाँ अनुवाद गरिएको छ-

बिदाइको संवाद
(वाजसनेयि ब्राह्मणोपनिषद्को चौथो अध्यायको पाँचौँ ब्राह्मण)

याज्ञवल्क्यका मैत्रेयी र कात्यायनी भन्ने दुई पत्नी थिए। मैत्रेयी ब्रह्मज्ञानपट्टि लागेकी थिइन्, कात्यायनीचाहिँ घरधन्धापट्टि। अनि सन्यास लिन इच्छा गरेका याज्ञवल्क्यले भने,-"मैत्रेयी! म यो ठाउँ अर्थात् गृहस्थाश्रमबाट सारा त्यागेर जान लागिरहेछु। उसैले अनुमति लिएर कात्यायनीसँग तिम्रो अंशबण्डा पनि गरिदिन्छु।" ती मैत्रेयीले भनिन्,– "यो सारा पृथ्वी धनले पूर्ण भएको पाएँ भने के म अमर हुन्छु ?"

याज्ञवल्क्यले भने,-"हुँदैन, हुँदैन, जस्तो अरू भोगका सामग्रीहरू भएकाको जिन्दगी हुन्छ, त्यस्तै तिम्रो पनि जिन्दगी होला। धनले अमर हुने आशा त छैन।"

मैत्रेयीले भनिन्–"यदि अमृतत्व पाउँदिनँ भने त्यो धनले म के गरूँ ? उसैले तपाई जुन अमृतत्वको साधन ठान्नुहुन्छ त्यही नै भन्नुहोस्।"

ती याज्ञवल्क्यले भने,–"तिमी निश्चय नै पहिले पनि प्यारी थियो झन् अहिले पनि प्यारो कुरा गर्‍यौ। तिमीलाई बताउँदछु तर बताएको कुरालाई खुब एकतान भएर विचार गर। हेर, लोग्नेको लागि लोग्ने प्यारो हुँदैन किन्तु आफ्नो लागि लोग्ने प्यारो हुन्छ, स्वास्नीको लागि स्वास्नी प्यारी हुने होइन किन्तु आफ्नो इच्छाको लागि स्वास्नी प्यारी हुन्छे, छोराको लागि छोरा प्यारा हुँदैनन् किन्तु आफ्ना लागि छोरा प्यारा हुन्छन्, धनका लागि धन प्यारो हुने होइन, किन्तु आफ्नो लागि धन प्यारो हुन्छ, ब्राह्मणको लागि ब्राह्मण प्यारो हुने होइन किन्तु आफ्नो लागि ब्राह्मण प्यारो हुन्छ, क्षत्रियको असलका लागि क्षत्रिय प्यारो हुने होइन किन्तु आफ्नो लागि क्षत्रिय प्यारो हुन्छ, लोकका लागि लोक प्यारो हुँदैन किन्तु आफ्नो लागि लोक प्यारा हुन्छन्, देवताको लागि देवता प्यारा हुने होइनन् किन्तु आफ्ना लागि देवता प्यारा हुन्छन्, वेदका लागि वेद प्यारा हुने होइनन् किन्तु आफ्नो लागि वेद

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्यारा हुन्छन्, सबैको लागि सबै प्यारो हुँदैन किन्तु आफ्ना लागि सबै प्यारो हुन्छ। मैत्रेयी, आत्माको (आफ्नो) दर्शन गर्नुपर्छ, श्रवण गर्नुपर्छ, मनन गर्नुपर्छ, निदिध्यासन (ध्यान) गर्नुपर्छ। मैत्रेयी, आत्माको दर्शनले, श्रवणले, मननले, विज्ञानले यो सारा कुरा जानिन्छ।

आफूभन्दा भिन्न ब्रह्म (ब्राह्मण) भनेर जो बुझ्दछ, त्यसलाई ब्रह्मले सुखदेखि हटाइदिन्छन्। यसै गरी क्षत्र, लोक, देव, वेद, भूतहरूलाई जसले आफूभन्दा भिन्न देख्छ, उसलाई तिनीहरूले कैवल्य सुख दिँदैनन्। यो ब्रह्म, यो क्षत्र, यी लोक, यी देवता, यी वेद, यी भूत अर्थात् यो सारा जगत् आत्मा हो।

दुन्दुभि (दमाह) बाजा बजाउँदा बाहिरी शब्दका तरङ्गलाई समात्न सकिन्न किन्तु दुन्दुभिलाई समात्नाले दुन्दुभिमा ठक्कर लाग्नाले हुने शब्द समातिन्छ बजेको शङ्खको बाहिरी शब्दलाई समात्न सकिँदैन, किन्तु शङ्खलाई समात्नाले अथवा शङ्ख बजाउनेको ग्रहण गर्नाले शब्द समातिन्छ।

वीणा (सितार) बजाउँदा आवाज समात्न सकिँदैन किन्तु वीणा समात्नाले अथवा वीणा बजाउनेलाई समात्नाले शब्द समातिन्छ। जस्तो चिसो दाउरा बालेको आगोबाट बेग्लै धुवाँ निस्कन्छ, यसै गरी यो महान् भूतको विश्वास ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद हो। इतिहास, पुराण विद्या, उपनिषद् श्लोक, सूत्र, अनुकाख्यान (सूत्रकारका), व्याख्यान (मन्त्रव्याख्या), यज्ञ गरिएको, होमिएको, खुवाइएको-पियाइएको, यो लोक-परलोक सारा भूत यो सबै उसैका निःश्वास हुन्।

जस्तो समुद्र सारा पानीको एक घर (प्रलयस्थान) हो, त्यस्तै त्वगिन्द्रिय (छाला) सारा स्पर्शको एक स्थान हो, यस्तै सारा रसको एक स्थान जिभ्रो हो, सारा गन्धको स्थान नाक हो, सारा रूपको स्थान आँखा हो, सारा शब्दको स्थान कान हो, सारा सङ्कल्पको स्थान मन हो, सारा विद्याको स्थान हृदय हो, सारा कर्मको आयाम दुई हात हुन्, सारा आनन्दको एक स्थान उपस्थ हो, सारा निसर्ग (त्याग) को एक स्थान वायु (गुदद्वार) हो, सारा बाटोको एक स्थान दुई पाउ हुन्, यसै गरी सारा वेदको एक स्थान वाक् (इन्द्रिय) हो।

जस्तो सिँधेनुनको डल्लो, भित्र-बाहिर केही नभएको सारा नुनिलो रसले छाइएको हुन्छ उस्तै यो आत्मा भित्र-बाहिर कही नभएको पूर्ण प्रज्ञान धन छ या सारा जगत् उसैबाट पैदा हुन्छ अनि विद्याद्वारा ज्ञान भएपछि उसैमा लय हुन्छ। अनि जगत्को नाम रहँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मैत्रेयीले भनिन्,–"यही प्रज्ञान धन वस्तुमा लय भएपछि संज्ञा छैन भनेर मोहमा फसाउनु भएको हो कि मैले त यो आत्मालाई विवेकपूर्वक बुझ्न सकिनँ।" ती याज्ञवल्क्यले भने,–"मैले मोहमा फस्ने कुरा बताएको हैन। यो आत्मा त नाश नहुने र नटुक्रिने हो।"

'जहाँ (अविद्यावस्थामा) द्वैत हुन्छ, तहाँ अर्कोले अर्कोलाई देख्छ, अर्कोले अर्कोलाई सुँघ्छ, अर्कोले अर्काको रस लिन्छ, अर्कोले अर्कोलाई भन्छ, अर्कोले अर्कोलाई सुन्छ, अर्कोले अर्कोलाई मनन गर्छ, अर्कोले अर्कोलाई छुन्छ,, अर्कोले अर्कोलाई जान्दछ। जब सारा आफू नै हुन्छ भने कसले कसलाई देख्ने ? कल्ले कल्लाई सुँघ्ने ? कल्ले कसको रस लिने ? कसले कसलाई भन्ने ? कल्ले के सुन्ने ? कल्ले के ठान्ने ? कल्ले कल्लाई छुने ? कल्ले कल्लाई जान्ने ? जसले सारालाई जान्दछ, उसलाई कल्ले जान्ने ? संसार छैन, छैन। आत्मा समात्न नसकिने हुनाले समातिँदैन। नाश नहुने हुनाले बिग्रँदैन। असङ्गत हुनाले टाँसिँदैन, पिर लिँदैन, क्षीण हुँदैन। ए मैत्रेयी, जान्नेलाई कल्ले जान्ने ? मैत्रेयी, तिमीलाई मैले शिक्षा दिइसकें। अमृतत्त्व यही हो' भनेर याज्ञवल्क्यले संन्यास लिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शङ्कराचार्य

शङ्कराचार्यको जन्म केरल प्रान्तको कालटी गाउँमा भएको हो, आनन्द गिरिले चाहिँ तामिल प्रान्तको 'चिदम्बरम्' मा शङ्करको जन्म भएको हो भनेका छन्, तर त्यो ठिक होइन। समयको बारेमा निश्चय नभए पनि सातौँ शताब्दीदेखि नवौँ शताब्दीसम्ममा उनको जन्म भए जस्तो देखिन्छ। शारदापीठको वंशावलीअनुसार कलिवर्ष २६३१ को वैशाख शुक्ल पञ्चमीमा जन्म र २६६३ कार्तिक पूर्णिमामा ३२ वर्षको अवस्थामा मुक्त भएको देखिन्छ। कसैले पाँचौं शताब्दी पनि भनेका छन्।

तीन वर्षको हुँदैमा आचार्य मातृभाषा (मलयालम) पढ्न-लेख्न-सक्ने भइसकेका थिए, तर त्यसैताक उनका बाबु शिवगुरु परमधाम गए। त्यसले गर्दा उनकी आमा विशिष्टादेवीलाई ठुलो चोट पर्‍यो, तैपनि यिनै आचार्यको मुख हेरेर उनले चित्त बुझाइन्।

आठ वर्षको उमेरमा त आचार्य विद्वान् भइहाले। त्यही बेला उनलाई गजबको वैराग्य आयो, अनि सन्यास लिने इच्छा पैदा भइहाल्यो, तर आमाले मन्जुर गरिनन्। केहीपछि 'तँ चिता म पुऱ्याउँला' भनेझैँ आचार्यलाई भयो। ग्राहको अनिष्ट आक्रमण पनि आचार्यलाई उपयोगी हुन आयो। आमाबाट सन्यासको आज्ञा पाउनासाथ आपत् सन्यास लिइहाले। पछि गुरु गोविन्दपादसँग उनले विधिपूर्वक सन्यास लिए।

काशीबाट हृषीकेश हुँदै आचार्य बदरीनाथ धाममा गए, अनि त्यहीँ व्यासको गुफामा चार वर्षसम्म बसेर ब्रह्मसूत्र, गीता, उपनिषद् र सनत्सुजातीयको भाष्य बनाए, शिष्यहरूलाई पढाए पनि। जुन भाष्य पाका विद्वान्हरू पनि बुझ्न सक्दैनन् त्यस्ता ग्रन्थ त्यति सानो उमेरमा बनाउने आचार्यमा विलक्षण प्रतिभा रहेछ भन्ने छर्लङ्ग छ। आफूले भाष्य बनाएर मात्र पुगेन उसैले वार्तिककारको खोजमा उनी कुमारिलकहाँ पुगे। तर कुमारिल स्वयम् भुसको आगोमा डढ्न लागिरहेका रहेछन् अनि 'मेरो चेला मण्डन मिश्रकहाँ गएर इच्छा पूर्ण गर्नुहोस्' भनी उनले भने। आचार्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तुरुन्तै मण्डन मिश्रकहाँ गए। धेरै दिनको शास्त्रार्थपछि मण्डन मिश्र हारे, अनि आचार्यकै चेला भई सुरेश्वराचार्य नामले प्रसिद्ध भए।

सनातन धर्मको रक्षाका लागि चार दिशामा चार मठको स्थापना आचार्यले गरे। पद्मपाद, सुरेश्वर, हस्तामलक, त्रोटक यी चार चेलालाई एकएक मठको अभिमारा पनि उनले सुम्पिए। आफ्नी माताको अन्तिम समयमा उनी केरलमा नै पुगे। मातृभक्तिको परिचय दिँदै माताको चित्तको सुधार र देहको अन्तिम संस्कार गरेर उनले प्रतिज्ञा पूर्ण गरे।

सारा भारतमा बौद्धिक दिग्विजय गरेर आचार्य शृङ्गेरी आए। माण्डूक्यकारिकाको भाष्य सुनाएर गौडपादबाट आशीर्वाद पनि पाए। बत्तीस वर्षमा नै आचार्यले देह छोडेको देखेर कसलाई अफसोस नलाग्ला! तर के गर्नु!

'अवश्यम्भाविनो भावा भवन्ति महतामपि।'

आचार्यका नाउँमा २०० भन्दा पनि बढी कृति पाइन्छन्, तर यी आदि शङ्करका कुन-कुन हुन् भन्ने विषयमा विभिन्न मत छ। तैपनि ब्रह्मसूत्र-भाष्य, गीता-भाष्य,उपनिषद्-भाष्य, माण्डूक्यकारिका-भाष्य, विष्णुसहस्रनाम-भाष्य, सनत्सुजातीय-भाष्य, र उपदेशसहस्रो आदि ग्रन्थ यिनैका हुन्। स्तोत्रहरूमा पनि सौन्दर्य लहरी हरिमीडे, दक्षिणामूर्तिहरू ज्यादै गजबका छन्। प्रकरण ग्रन्थहरूमा पनि विवेकचूडामणि, अपरोक्षानुभूति आदि उत्तम छन्।

आचार्य नभइदिएका भए नेपालमा मात्र होइन भारतवर्षमा पनि वैदिक धर्मको लेश बाँकी रहने थिएन। उनको जीवनको लक्ष्य नै वैदिक रहस्यको प्रतिष्ठा र प्रचार भन्ने देखिन्छ। वेदविरोधी सम्प्रदायहरूको खण्डन उनले युक्तिपूर्वक गरेका छन्। वेदको रहस्य नबुझेर नै दुनियाँले अरू सम्प्रदायको समेत आश्रय लिएका थिए। धेरैजसो उपनिषद्को गुप्त रहस्य बुझ्न सक्दैनथे। तर भाष्यहरूद्वारा वेदको रहस्य यिनले खोलि- दिएका हुँदा भारतीयलाई सुन र पित्तल छुट्याउने मौका मिल्यो। गम्भीर दार्शनिक विषय भए पनि भाष्य साहित्यजस्तै सरस छ, गम्भीर भए पनि सरल र आकर्षक पनि छ, भाषा फेरि उत्तिकै मीठो छ। साधारण दुनियाँका निम्ति अझ सजिला प्रकरण ग्रन्थहरू बनाएर आचार्यले वेदान्तको सिद्धान्त छर्लङ्ग खोलिदिएका छन्।

चार मठको स्थापनामा पनि आचार्यको ज्यादै चहकिलो आदर्श थियो। मठहरूको अधिकार क्षेत्र आचार्यले तोकिदिएका थिए। यसैगरी उपमठहरू पनि उनले राखेका थिए भन्ने कुरामा हाम्रो नेपालको शङ्कर-मठ नै प्रमाण छ। उनले मठ, उपमठ, सबैको व्यवस्था बाँधिदिएका थिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जो पायो उही मठको अध्यक्ष हुन पाउँदैनथ्यो। यदि पदमा पुगे पनि खराब रहेछ भने उसलाई पदबाट हटाएर दण्ड गर्ने भन्ने उनको आदेश थियो।

अद्वैत मत उपनिषद्मा मात्र होइन, किन्तु संहिताका सूक्तहरूमा पनि प्रशस्त मात्रामा पाइन्छ। अद्वैतवाद वैदिक ऋषिहरूको ठुलो देन हो। खास गीतामा श्रीकृष्णको उक्ति छ–

'एवं परंपराप्राप्तमिमं राजर्षयो विदुः।
सकालेनेह महता योगो नष्टः परंतप ॥'

माण्डूक्यकारिकामा जुन अद्वैत सिद्धान्तलाई गौडपादले व्यक्त गरेका छन् त्यसैको स्पष्टीकरण यिनले गरेका हुन्। तर केही व्यक्तिहरू पद्मपुराणको एक श्लोकको आधारमा यिनको मतलाई बौद्ध दर्शनको औपनिषद् संस्करण मान्छन् र यिनलाई प्रच्छन्न बौद्ध भन्छन् तर त्यो ज्यादै भुल हो। यिनको अद्वैत-मत खण्डन गर्दा बौद्ध दार्शनिकहरूले कहीँ पनि यिनलाई बौद्धका प्रति ऋणी भनेका छैनन्। यदि अलिकति मात्र त्यस्तो गन्ध थाहा पाएका भए, बौद्धहरूले यिनलाई उडाउनसम्म उडाउँथे। खास नालन्दा विद्यापीठका आचार्य शान्तरक्षितले तत्त्वसङ्ग्रह भन्ने ग्रन्थमा अद्वैत-मतको खण्डन गरेका छन्। विज्ञानवाद र अद्वैतवादको धेरै फरक छ। **'एकमेवाऽद्वितीयम्'** को आधारमा स्वगत-सजातीय-विजातीय भेदरहित ब्रह्म यहाँ मानिन्छ। विज्ञानवादमा चाहिँ विज्ञान भिन्न-भिन्न, क्षणिक र सजातीय भेदसहित मानिन्छ, बुद्धिदेखि भिन्न अर्को पदार्थ मानिँदैन। यही कुरा सर्वसिद्धान्त सङ्ग्रहमा लेखिएको छ–

'बुद्धिमात्रं वदत्यत्र योगाचारोनचापरम्।
नास्ति बुद्धिरपीत्याह वादी माध्यमिकः किल ॥

यस्तो ठुलो अन्तर हुँदाहुँदै पनि विचारै नगरेर शङ्करलाई प्रच्छन्न बौद्ध भन्नु ता विवेकहीन साहस मात्र हो।

आचार्यको ठुलो व्यक्तित्व, असाधारण पाण्डित्य र उच्च चरित्रतिर दृष्टि दिने हो भने अवतार मान्नु अत्युक्ति हुँदैन। मानव जीवनको आदर्श उनमा परिपूर्ण थियो। त्यो शास्त्रार्थ कला, त्यो निपुणता, ती युक्ति, त्यो सहनशीलता, त्यो लेखनशैली, त्यो निरहङ्कारिता, त्यो वेदमर्मज्ञता, त्यो स्मरणशक्ति साधारण मानिसमा हुने कुरा होइन। आगोको ज्वालामा डढिसकेको पद्मपादको पञ्चपादिकाको यति अंश पनि आचार्यकै स्मरण-शक्तिको प्रभाव हो। आचार्यको सूक्तिबारे माधवाचार्यले लेखेको बिलकुल ठिक छ :

वाणी चित्तमतंगजस्य नगरी बोधात्मनो भूपते-
दूरीभूत दुरन्त दुर्वद हरी हारीकृता सूरिभिः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चिन्तासंतततितूलवातलहरी वेदोल्लसच्चातुरी,
संसाराब्धितरी रुदेति भगवत्पादीय वाग्वैखरी ॥

भगवान् शङ्कराचार्यको वाणी चित्तरूपी हात्तीको सिक्री हो। बोधरूपी राजाको सहर हो, दुरन्त बकवादीहरूलाई टाढा गलहत्याउने हो, विद्वान्‌को हारजस्तै हो, चिन्ताको समुदायरूपी कपासलाई उडाउने आँधी हो, वेदमा प्रकाश भएको चातुर्य हो, संसाररूपी समुद्र तार्ने नाउ हो।

आचार्यको कविताशक्ति पनि गजबको छ। कवित्व र पाण्डित्य एकै व्यक्तिमा हुनु सुनमा सुगन्ध हुनुजस्तै हो। स्तुतिहरूमा पनि प्रौढ कल्पनाशक्ति, उज्ज्वल रस, भाव र भावुकता पनि प्रशस्त मात्रामा पाइन्छ। उदाहरणका लागि कामाक्षीको स्यूँदो र सिन्दूररेखाको वर्णन र दक्षिणाभूतिस्तोत्रको एक श्लोक पढ्नुहोस् त :

तनोतु क्षेमं नस्तव वदनसौन्दर्यलहरी,
परीवाहः स्रोतः सरणिरिव सीमन्तसरणी।
वहन्ती सिन्दूरं प्रबल कबरीभारतिमिर-
द्विषां वृन्दैबन्दीकृतमिव नवीनार्ककिरणम् ॥
विश्वं दर्पणदृश्यमान नगरीतुल्यं निजान्तर्गतं,
पश्यन्नात्मनि मायया बहिरिवोद्भूतं यथा निद्रया
यः साक्षोकुरुते प्रबोधसमये स्वात्मानमेवाद्वयं
तस्मै श्रीगुरुमूर्तये नम इदं श्रीदक्षिणामूर्तये ॥

शङ्करको कर्मण्यजीवनतिर दृष्टि दिने हो भने पनि अचम्म पर्नुपर्छ। मायावादका उपदेशक भएर पनि उनी कहिले अकर्मण्य भएर बसेनन्। उनको जीवनबाट अल्छी गर्नु, गुड्डी हाँक्नु, सेखी गर्नु प्रत्यक्ष पाप हो भन्ने देखिन्छ। दुःखी जनतालाई सुखी बनाउने चेष्टामा नै उनी सधैँ लागिरहन्थे। '**परोपकारो धर्माय**' भन्ने व्यासको वचनलाई उनले प्रमाणित गरेका छन्।

शङ्करको सबभन्दा ठुलो कुरा त यो हो, जुन सिद्धान्तको प्रतिपादन गर्थे त्यहीमुताबिक आचरण पनि थियो। अनुभवको बलले नै उनको उपदेश प्रभावशाली भएको छ। जो वैदिक धर्म नेपालमा अवशिष्ठ छ त्यो उनैको प्रसाद हो, तर त्यो कृतज्ञता प्रकट गर्ने शक्ति पनि हामीमा नहुनु अचम्म हो।

अध्यास

'तँ' र 'म' शब्दद्वारा कहिने भएका, अँध्यारो र उज्यालोजस्तै विरुद्ध स्वभाव भएका विषय र विषयीमा परस्परको भाव सिद्ध नभएपछि तिनका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

धर्महरूमा पनि सजिलैसँग परस्परको भाव सिद्ध हुन सक्दैन, उसैले 'म' शब्दले कहिने विषयी चिदात्मामा ती शब्दले कहिने विषयको र त्यसका धर्महरूको पनि अध्यास, त्यसको उल्टो तरिकाबाट 'म' पदले कहिने चेतन विषयीको र उसका धर्मैहरूको पनि 'त' पदले कहिने विषयमा अध्यास झुटो हुनु ठिकै छ अर्थात् असम्भव छ, तैपनि परस्परमा परस्परको भाव र धर्महरूलाई अध्यास गरेर परस्परको विवेक नगर्नाले अत्यन्त भिन्न भएका धर्म र धर्मीको झुटो ज्ञान नै निमित्त भएको साँचो र झुटो मिसाएर 'यो म' 'यो मेरो' भन्ने लौकिक व्यवहार स्वाभाविक नै हो ।

प्रश्न– उसो भए अध्यास भनेको के हो ?

उत्तर– जबाफ दिइन्छ, सम्झनारूप भएको अर्कोतिर पहिले देखिएका कुराको झझल्को नै अध्यास हो । एउटामा अर्कोको धर्मको आरोप नै अध्यास हो भनी कोही भन्छन् । अविवेकबाट भएको भ्रम नै अध्यास हो भनी एक थरी भन्छन् । त्यसको विपरीत धर्मको कल्पना गर्नु नै अध्यास हो भनी अर्का थरी भन्छन् । सर्वथा अर्कोमा अर्कै थरीको भान हुनेछ । लोकमा त्यसको अनुभव पनि छ । सिपी चाँदीजस्तै देखिन्छ । एउटै चन्द्रमा दुइटाजस्तो पनि देखिन्छ ।

प्र०– सिपीमा चाँदीको अध्यास त हुन्छ, तर व्यापक र अविषय आत्मामा विषय र विषयका धर्मको अध्यास कसरी हुनु ? सबै दुनियाँ सामुन्नेमा रहेको विषय (छटपट आदि वस्तु) मा अर्कै विषय (वस्तु) को अध्यास गर्दछन्, तर 'तँ' पदले नकहिने, चेतनरूप आत्मालाई तिमी त अविषय भन्छौ ।

उ०– जवाफ दिइन्छ, 'म' शब्दको विषय हुनाले यो आत्मा वास्तवमा विषयै नहुने होइन । फेरि आफू प्रत्यक्ष छ भन्ने सबैलाई थाहा छ । सामुन्नेमा रहेको वस्तुमा नै अर्को वस्तुको अध्यास हुन्छ भन्ने नियम पनि छैन । प्रत्यक्ष नभएको आकाशमा पनि बालकहरू नीलोपनहरूको अध्यास गर्छन् । यसैले आत्मामा पनि अनात्माको अध्यास विरुद्ध होइन । तर पण्डितहरू यस्तो अध्यासलाई अविद्या भन्छन् । विवेकद्वारा वस्तुको खास स्वरूप ठम्याउनुलाई विद्या भन्छन् । यसो भएपछि जहाँ जसको अध्यास हुन्छ, त्यो अध्यासको दोष अथवा गुणले चेतन आत्मा अलिकति पनि सम्बद्ध हुँदैन । त्यो अविद्या भन्ने आत्मा र अनात्माको आपसको अध्यासलाई अगाडि राखेर सारा लौकिक र वैदिक प्रमाण प्रमेय व्यवहार प्रवृत्त हुन्छन् अनि विधि, निषेध र मोक्षपरक भएका शास्त्रहरू पनि ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्र०- प्रत्यक्ष आदि प्रमाण र शास्त्र पनि अविद्यायुक्त कसरी ?

उ०. भनिन्छ, शरीर र इन्द्रियहरूमा म र मेरो भन्ने अभिमान नभएकालाई प्रमाता भन्न हुँदैन, अनि प्रमाणको प्रवृत्ति सिद्ध हुँदैन। इन्द्रियलाई नलिईकन प्रत्यक्ष भन्ने व्यवहार सम्भव हुँदैन। आधार अर्थात् शरीर आदिबिना इन्द्रियहरूको व्यवहार सम्भव छैन। आत्माको अध्यास नभएको शरीरले कोही पनि व्यापार गर्दैन, न यी सबै नभएमा सङ्गरहित आत्मा प्रमाता बन्छ। प्रमाता नभईकन प्रमाणको प्रवृत्ति नै छैन। त्यसैले प्रत्यक्ष आदि प्रमाण र शास्त्रहरू अज्ञानीकै विषय हुन्। पशुहरूको व्यवहारसँग फरक पनि देखिँदैन। जस्तो पशुहरू शब्दहरूसँग कर्णेन्द्रियहरूको सम्बन्ध भएपछि शब्द आदिको ज्ञान प्रतिकूल भएमा त्यसबाट हट्दछन्, अनुकूल भएमा चाहिँ अगाडि बढ्दछन्। जस्तो लट्ठी उजाउने पुरुषलाई सामुन्नेमा देख्ता मलाई यो पिट्न खोज्छ भनेर पशुहरू भाग्न सुरु गर्छन्, हरियो घाँस हातमा लिएको मानिसलाई देखेर चाहिँ उसको सामुन्ने जान्छन्। यस्तै, मानिसहरू पनि रिसले चुर भएका, गाली गर्ने, तरबार उठाएका बलियालाई नजिकै देखेपछि त्यहाँबाट हट्छन्, अनुकूलहरूको सामुन्नेचाहिँ जान्छन्, यसैले प्रमाण र प्रमेयको व्यवहार पशु र मानिसको बराबर छ। पशुहरूको विवेकरहित प्रत्यक्ष आदि व्यवहार प्रसिद्ध छ। ती पशुको जस्तै व्यवहार देख्नाले विद्वान्हरूको पनि प्रत्यक्ष आदि व्यवहार र व्यवहारकाल उस्तै छ भन्ने निश्चय हुन्छ।

शास्त्रीय व्यवहारमा ता यद्यपि आफ्नो परलोकका साथ सम्बन्ध नजानेर बुद्धिपूर्वक गर्ने पुरुष अधिकृत हुँदैन, तैपनि वेदान्तबाट जानिने, भोक र प्यासले रहित, बाहुन क्षेत्री इत्यादि वर्णभेद नभएको, असंसारी आत्मतत्त्व उपयोग नभएकोले र अधिकारको विरोध हुनाले शास्त्रीय स्वर्गादिविषयक अधिकारमा अपेक्षा राखिँदैन। त्यस्तो किसिमको आत्माको ज्ञान हुनुभन्दा अगि प्रवृत्त भएको शास्त्र अज्ञानीको विषयदेखि अलग हुन सक्तैन। त्यही कुरा स्पष्ट गरिन्छ। बाहुनले यज्ञ गरोस् भन्ने इत्यादि शास्त्रहरू आफूमा वर्ण, आश्रम, उमेर, अवस्था इत्यादि विशेष अध्यासलाई लिएर प्रवृत्त हुन्छन्।

'त्यो नभएको कुरामा त्यो हो भन्ने निश्चय गर्नु नै अध्यास हो' भनिसक्यौं। जस्तैः-छोरा स्वास्नीहरू विह्वल भएमा अथवा स्वस्थ भएमा म नै विह्वल छु अथवा स्वस्थ छु भन्ने बाहिरी धर्मलाई आफूमा अध्यास गर्छन्। त्यस्तै शरीरका धर्म म मोटो, म गोरो, म उभिन्छु, म जान्छु,म

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नाघ्छु भन्ने र इन्द्रियका धर्म म लाटो, कानो, नपुंसक, बहिरो र अन्धो छु भन्ने अध्यास बन्छ,, त्यस्तै अन्तःकरणका धर्म इच्छा, सङ्कल्प, शङ्का, निश्चयहरू हुन्। यसरी अहङ्कारलाई अन्तःकरणको प्रचाररूप क्रियाको साक्षी आत्मामा अध्यास गरेर त्यस्तै त्यो सबको साक्षी आत्मालाई त्यसको उल्टो अन्तःकरण आदिमा अध्यास गर्छ। यसरी यो अनादि, अनन्त, स्वाभाविक झुटो ज्ञानरूप, कर्तृत्व, भोक्तृत्व आदिलाई प्रवृत्त गराउने अध्यास सारा दुनियों को प्रत्यक्ष छ। अनर्थको बीज भएको यो अध्यासलाई हटाउन र आत्मासँग एक हुने ज्ञान बुझ्नाको लागि सारा वेदान्तहरू सुरु गरिन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भास

नाटककारहरूमा भास सर्वप्रथम मानिएका छन् । तर वि.सं. १९६५ सम्म यिनका नाटकको अत्तोपत्तो थिएन । खोज गर्दा गणपति शास्त्रीले दश नाटक पत्ता लगाए । तीन फेरि पछि पत्ता लागे । ती तेह्रमध्ये 'प्रतिमा' नाटक र 'अभिषेक' नाटक रामायणका कथाका आधारमा र पञ्चरात्र, मध्यम व्यायोग, दूतघटोत्कच, कर्णमार, दूतवाक्य, उरुभङ्ग महाभारतका कथाका आधारमा लेखिएको छ । यसै गरी भागवतका आधारमा बालचरित कथा र कामसूत्रहरूका आधारमा स्वप्नवासवदत्ता, चारुदत्त, प्रतिज्ञा-यौगन्धरायण अविमारकहरू लेखिएका छन् ।

यिनका नाटकको प्रशंसा महाकवि कालिदासले समेत 'मालविकाग्निमित्र' नाटकको प्रस्तावनामा गरेका छन् । उनी भन्छन्-'नाउँ चलिसकेका भास, सौमिल्लक कविपुत्रहरूको कृतिलाई त्यागेर कसरी हालका कवि कालिदासको नाटकको बढी मान भयो ?' यसै गरी बाणले हर्षचरितमा भासको प्रशंसा गरेका छन् । राजशेखरले पनि भासका नाटक-चक्रको उल्लेख गरेको देखिन्छ । यसै गरी अभिनवगुप्त, वामन र भामहले पनि भासका नाटकको परिगणन गरेका छन् । जयदेवले पनि **भासो हासः कविकुलगुरुः कालिदासो विलासः । केषां नैषां कथम् कविता कामिनी कौतुकाय**' भनेका छन् । छोटा वाक्य भए पनि विचित्र भाव यिनका कृतिमा पाइन्छ । स्वाभाविकता, सरलता, सुन्दरता, मनोविज्ञान, प्रकृति-वर्णन र चरित्र-चित्रण इत्यादिमा यिनी सिद्धहस्त छन् । अरू कथाका आधारमा लेखिए पनि कथानकमा मौलिकता पाइन्छ । शैली उस्तै अद्भुत छ । देश र काल मिलाउन पनि यी जान्दछन् । उठान चाहिँ नान्दीबाट नभई सूत्रधारबाट भएको देखिन्छ । प्रस्तावनाको नाम पनि त्यो वेला स्थापना राख्ने चलन रहेछ ।

केरल प्रान्तमा पाइएकोले कुनै केरलीय पण्डितको षड्यन्त्र भनी कसैले भनेका छन् तर भासका नाटकको संस्कृत र प्राकृत भाषाबाट बिलकुल प्राचीनता सिद्ध भएकोले त्यो कुरा गलत ठहरिन्छ । फेरि आफ्नो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कृतिलाई भासका नामबाट फैलाएर केरल-कविलाई के लाभ हुन्थ्यो र ! पं. रामावतार र डा. बर्नेटले चाहिँ स्वप्नवासवदत्तालाई मात्र भासको मानेका छन् ।

भासको समयका हकमा गणपतिले पाणिनि र चाणक्यभन्दा पुराना मानेका छन् । त्यसमा कारण पाणिनि व्याकरणको उपेक्षा र 'वार्हस्पत्य अर्थशास्त्रं' भन्ने भासवाक्य दिएको छ । डा. वर्नेटले सातौं शताब्दीका केरल-कवि मानेका छन् । प्राकृत भाषाको प्रयोग गहिरो अध्ययन गरी डा. लेस्नीहरूले चाहिँ तेस्रो शताब्दीका मानेका छन् । जे होस् । नाटकहरूको रचनाले गर्दा भासको नाम संस्कृतसाहित्यमा अमर भएको छ ।

सालिकको दर्शन

(भासले बनाएको प्रतिमा-नाटकबाट उद्धृत । तृतीय अङ्कमा मावलबाट भरत फर्कंदा बाटैमा दिलीपहरूको सालिकनेर आइपुगेपछि)

सिपाही– (पसेर) कुमारको जय होस् !
भरत– भला, के मलाई लिन शत्रुघ्न आएका छन् ?
सिक– पाल्नुभएको छ । उपाध्यायले यहाँलाई बिन्ती गर्नुभएको छ ।
भ०– के भनेर, के भनेर ?
सि०– कृत्तिका नक्षत्र एक घडीमात्र बाँकी छ, त्यस कारण रोहिणी लागेपछि मात्र प्रवेश गर्नु बेस होला भनेर ।
भ०– हुन्छ, मैले गुरुको वचन कहिल्यै नाघेको छैन । तिमी जाऊ ।
सि०– जो आज्ञा (निस्कन्छन्)
भ०– अब कुन ठाउँमा विश्राम गरूँ ? भैगो, देखें । यहीं रुखहरूको बिचमा देखिएको मन्दिरमा एक मुहूर्त विश्राम गर्छु । त्यसो भए देवताको दर्शन र विश्राम पनि एकैबाजि हुन्छ । अनि विश्राम गरेर मात्र सहरमा पस्नू भन्ने सदाचार रहन्छ । त्यसैले रथ रोक ।
सवार– जो आज्ञा (रथ अड्याउँछ)
भ०– (रथबाट ओर्लेर) एकान्तमा घोडालाई विश्राम गराऊ ।
स०– जो आज्ञा (निस्कन्छ)
भ०– (केही गएर हेरी) ठिकसँग छरिएका फूल र अक्षताले बलि दिएको रहेछ भन्ने प्रकट हुन्छ । भित्तामा पाँचै औंलाले चन्दनको छाप लगाइएको छ । ढोकामा फूलका माला झुन्ड्याइएका छन् । बालुवा छरिएको छ । के यो कुनै पर्व मानेको हो कि,अथवा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कसैको दिनहुँको आस्तिकता हो ! कुन देवताको मन्दिर होला ? यहाँ कुनै हतियार अथवा ध्वजाको बाहिरी चिह्न देखिँदैन। भैगो पसेर बुझ्दछु (पसेर हेरी) ओहो ! ढुङ्गाको कालिगडी कति राम्रो छ ! ओहो ! अनुहारमा सजीव भाव छ। देवताकै भए पनि मूर्तिहरू खास मानिसकै जस्ता देखिन्छन्। यो के ? चार देवताको समुदाय रहेछ ! अथवा जोसुकै हुन्। यिनीहरूलाई देख्दा मलाई खुसी लाग्यो। देवताको समुदाय हो भन्ठानेर शिर नुहाउनु ठिकै छ तर शूद्रको जस्तै मन्त्रबिनाको प्रणाम गर्नुपर्‍यो।

देवकुलिक– (पसेर) ए ! नित्यकर्म सिध्याएर भोजनको तरखर गर्न लागेको वेलामा यिनै प्रतिमासँग मिल्दोजुल्दो अनुहार भएको यो को प्रतिमागृहमा पस्यो ? भैगो, पसेर बुझ्दछु। (देखा पर्छ)।

भ०– नमस्कार।

दे०– प्रणाम नगर्नोस्, नगर्नोस्।

भ०– किन रोक्नुभो ? के ममा कुनै दोष छ ? अथवा मभन्दा असल व्यक्तिलाई पर्खनुभएको हो ? किन रोक्नुभो ? के नयाँ नियम बनाउन समर्थ हुनुहुन्छ। ?

दे०– ती कारणले तपाईलाई रोकेकै हैन। किन्तु देवता भन्ठानेर यी प्रतिमालाई ब्राह्मणले नढोगून् भनेर। यी त क्षत्रिय हुन्।

भ०– यसो पो ! यी क्षत्रिय हुन् ? यिनको नाम के त ?

दे०– इक्ष्वाकुका सन्तान हुन्।

भ०– (खुसीका साथ) इक्ष्वाकुका सन्तान यी तिनै अयोध्याका राजा हुन्। ए! एक्कासि मैले ठुलो फल पाएँ। भन्नुहोस् (एउटा प्रतिमालाई औँल्याएर) यहाँ को हुनुहुन्छ ?

दे०– यहाँ दिग्विजय गरेर सारा रत्न जुटाई विश्वजित् यज्ञ गर्ने अनि धर्मरूपी बत्ती बाल्ने दिलीप हुनुहुन्छ।

भ०– धर्ममा लागेका उहाँलाई नमस्कार छ। अँ भन्नुहोस्, यहाँ को हुनुहुन्छ नि ?

दे०– यहाँ सुत्ने र ब्युँझने वेलामा हजारौं ब्राह्मणहरूले पुण्याहवाचन गरिएका रघु हुनुहुन्छ।

भ०– बलियो मृत्युले यो रक्षालाई पनि नाघिदियो ! ब्राह्मणलाई सारा सर्वस्व सुम्पने उहाँलाई नमस्कार छ। उहाँ को नि, भन्नुहोस् !

दे०– यहाँ प्यारी रानीको वियोगले विरक्त भएर राजपाट छोडेका अनि सधैं यज्ञान्तको अवभृथ स्नानले पाप नाश भएका अज हुनुहुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भ०– सह्याउनलायक विरक्त भएका उहाँलाई नमस्कार छ। (दशरथको प्रतिमा हेर्दै विह्वल भएर) ए! सन्मानतिर लागेको मनले ठिकसँग निश्चय गर्न सकिनँ। उहाँ को रे ? भन्नुहोस्।

दे०– यहाँ दिलीप।

भ०– महाराज बुवाको प्रपितामह ! त्यसपछि ?

दे०– यहाँ रघु।

भ०– महाराज बुवाको पितामह ! अनि ?

दे०– यहाँ अज।

भ०– बुवाको पिता ! के भन्नुभो, के ?

दे०– यहाँ दिलीप, यहाँ रघु, यहाँ अज।

भ०– तपाईंलाई केही सोध्छु। ज्यूँदोको पनि सालिक राखिन्छ ?

दे०– हैन मरेकाको मात्र।

भ०– त्यसो भए तपाईसँग बिदा माग्छु।

दे०– पर्खनोस्, जसले प्राण र राज्य पनि सत्य प्रतिज्ञाका लागि त्यागिदिए, उनै महाराज दशरथको सालिकलाई किन सोध्नुहुन्न ?

भ०– हा ! बुवा (मूर्च्छा परेर होसमा आई) आर्य ?

दे०– आर्य भन्ने भनाइ इक्ष्वाकुका सन्तानको हो। के तपाई कैकेयीका छोरा भरत हुनुहुन्छ ?

भ०– हो, हो, दशरथको छोरा भरत हुँ–कैकेयीको हैन।

दे०– उसो भए बिदा माग्छु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कालिदास

शिक्षित नेपालीमा कालिदासको कविता नसुन्ने व्यक्ति होओइनन्। प्रसाद, माधुर्य, भाव, पदको कोमलता, उपमाको मौलिकता र अरू अलङ्कारको चमत्कारसमेत उनका कवितामा पाइन्छ। मानवीय हृदयको सूक्ष्म भावनाको राम्ररी अध्ययन गरी आफ्नो अनुभवलाई पाठकको सामुन्ने उनले प्रस्तुत गरेका छन्। प्रकृतिको ठिक-ठिक चित्रण गर्न र गूढ रहस्य खोल्नामा उनी सिपालु छन्। स्वभावोक्तिमा पनि उनी ज्यादै सफल छन्। राम्रोसँग अध्ययन गर्ने हो भने उनको प्रतिभाको चमत्कार छर्लङ्ग हुन्छ। के श्रव्य-काव्य, के दृश्य-काव्य, अर्थात् के काव्य, के नाटक दुवैतिर उनी सिद्धहस्त छन्। उसैले महाकवि शिरोमणि भनी पुकारे पनि उनको कदरमा कमी नै देखिएला। महाकवि बाणले समेत कालिदासका विषयमा लेखेका छन्–

'निर्गतासु न वा कस्य कालिदासस्य सूक्तिषु।
प्रीतिर्मधुरसान्द्रासु मञ्जरीष्विव जायते ॥'

अर्थात् मञ्जरीजस्तै ज्यादै गाढा मधुर रस भएका कालिदासका कविता कसलाई मन पर्दैनन् र ? कालिदास अद्वितीय हुन् भनी कसैले लेखेका छन्-

'पुरा कवीनां गणनाप्रसङ्गे कनिष्ठिकाऽधिष्ठितकालिदासः।
अद्यापि तत्तुल्यकवेरभावादनामिका सार्थवती वभूव ॥'

अर्थात् पहिले श्रेष्ठ कविको गिन्ती गर्न लाग्दा कान्छी औंलामा कालिदास भनी बुढीऔंला राखियो। अर्थात् सबभन्दा पहिले कालिदासको नाउँ आयो तर उनीजस्ता कवि अर्का नहुनाले साहिलीऔंलामा फलानो भनी बुढीऔंला राख्न पाइएन। उसैले साहिलीऔंलाको अनामिका भन्ने नाउँ सार्थक भयो।

कालिदासको यथार्थ जीवनी ऐतिहासिक कन्दराको अँध्यारोमा बेपत्ता छ। कीर्तिको वास्ता नगर्नेहुँदा कुनै कविमा पनि आफ्नो विषयमा उनले लेखेका छैनन्। उनको न्वारनको नाउँ कालिदास होइन कि जस्तो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पनि देखिन आउँछ। एउटा दन्त्यकथा पनि छ – 'एउटी विदुषी राजकुमारीको लागि वर खोज्दा मन्त्रीहरू आजित भएछन्। जस्तोसुकै विद्वान् वर ल्याए पनि राजकुमारीले मन पराइनछन् अनि त षड्यन्त्र रची यिनै पटमूर्खसँग बिहे गराइदिएछन्। सो जाल बुझेपछि राजकुमारीले पतिलाई निकालिदिइछन्। अनि कालीको उपासना गरी विद्वान् भएकाले यिनको नाउँ कालिदास रहन गएको हुनु असम्भव पनि छैन। विद्वान् भएर आएपछि **'अस्ति कश्चिद् वाग्विशेषः'** भनी विदुषीले सोधिछन्। अनि ती तीन शब्दलाई लिई 'अस्ति' शब्दबाट 'कुमारसंभव' उठान गरेको रे। 'कश्चिद्' बाट 'मेघदूत' र 'वाग्'-बाट रघुवंशको सुरु गरेका रे।

कालिदासको जन्मभूमिको विषयमा बङ्गालीहरू बङ्गाल भन्दछन्, काश्मिरीहरू काश्मीर, तर मेघदूतमा उज्जैनको वर्णन विशेषरूपले गरेकाले उज्जैन उनको जन्मस्थल हो कि भन्ने कसैको अनुमान छ। हुन त अन्तै जन्मेका भए तापनि ज्यादै राम्रो उज्जैन देखेर बयान गरेको हुन सक्छ।

उनको समयको बारेमा पनि विभिन्न मत पाइन्छ। कसैले विक्रम संवत्को सुरु मानेका छन्। उनी राजा विक्रमादित्यका सभाका नवरत्न अर्थात् नौ विद्वान्मध्ये श्रेष्ठ हुन् रे। विक्रमोर्वशीयमा पुरुरवा नायक हुँदाहुँदै पनि 'अनुत्सेकः खलु विक्रमालङ्कारः' भन्ने वाक्यबाट विक्रमादित्यकै सूचना उनले गरेका रे। फेरि सुंगवंशी राजा अग्निमित्रलाई नायक बनाएर 'मालविकाग्नि मित्र' नाटक लेखिएको हुँदा दोस्रो शताब्दी पनि मानेका छन्।

कालिदासका ग्रन्थहरूमध्ये खण्डकाव्य 'ऋतुसंहार' र 'मेघदूत', महाकाव्य 'कुमारसम्भव' र 'रघुवंश' अनि नाटक ३ अर्थात् 'मालविकाग्निमित्र', 'विक्रमोर्वशीय' र 'अभिज्ञान-शाकुन्तल' प्रख्यात छन्। 'ऋतुसंहार'मा एक-सर्गले एक ऋतुको वर्णन गरेका छन्। ग्रीष्मवर्णनदेखि सुरु गरिएको ६ प्राकृतिक वर्णन ज्यादै राम्रो छ। मेघदूतको पूर्वमेघमा चित्रकूटदेखि अलकासम्मको वर्णन ज्यादै राम्रोसँग गरिएको छ। उत्तरमेघमा चाहिँ अलकाको कुनै विरही-यक्षले मेघलाई दूत बनाएर पत्नीलाई सन्देश पठाइरहेछ। यसमा कवितात्मकता प्रशस्त छ। प्राकृतिक दृश्यका साथसाथै हृदयका सूक्ष्म भावहरू पनि राम्ररी बयान गरिएका छन्। 'कुमारसम्भव' १८ सर्गको छ। हिमालयको वर्णनदेखि पार्वतीको तपस्या, विवाह, रतिवर्णन, कुमारको जन्म र तारकासुरसँगको युद्ध इत्यादि बयान गरिएका छन्। कामवासनालाई ज्ञानाग्निमा भस्म गराई सच्चा प्रेमद्वारा नै आसुरी सम्पत्ति नाश हुन्छ भन्ने आध्यात्मिक भावना पनि यहाँ पाइन्छ। रघुवंश १९ सर्गको छ। यसमा दिलीपदेखि अग्निमित्रसम्मको वर्णन छ। मालविकाग्नि-मित्रमा शृङ्गार-रस प्रधान छ। सौताहरूको आपसी डाह र राजाको कामुकता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

इत्यादि राम्रोसँग देखाइएको छ। विक्रमोर्वशीयमा उर्वशी र पुरुरवाको प्रेम र विरहको प्रदर्शन ठिक रूपमा गरिएको छ। 'अभिज्ञान-शाकुन्तल' यिनको सबभन्दा प्रसिद्ध नाटक हो।

'काव्येषु नाटकं रम्यं तत्र रम्या शकुन्तला।'

अर्थात् काव्यमा नाटक राम्रो र नाटकमा पनि शकुन्तला राम्रो छ। यो नाटक पढेर जर्मन महाकवि गेटेले प्रशस्त तारिफ गरेका छन्। संस्कृत-साहित्यमा योजस्तो राम्रो नाटक आजसम्म लेखिएको छैन। श्रुतबोध, जलोदय आदि ग्रन्थ पनि कालिदासका नामले प्रख्यात छन् तर ती सच्चा कालिदासका जस्ता छैनन्।

यिनको उपमाको वैचित्र्य देखेर नै **'उपमा कालिदासस्य'** भन्ने सूक्ति लेखिएको हो। यिनको उपमामा मौलिकता, विषयलाई उज्ज्वल पार्ने कला र सौन्दर्यको पोषकता पाइन्छ। उपमामा उपमान र उपमेयको वचन र लिङ्गसम्म पनि ख्याल राखिएको छ। यिनले कवितामा नैतिक आदर्श र प्रकृतिको सूक्ष्म रहस्य पनि निपुणताका साथ दर्साएका छन्। सौन्दर्यवर्णन उत्तिकै स्पष्ट छ।

फेरि के शृङ्गार, के वीर, के करुण अर्थात् जुनसुकै रसमा पनि कवि सिद्ध हस्तछन्। उनमा सामाजिकता उत्तिकै पाइन्छ। सरल र सरस भाषामा सजीव कल्पना दर्साउनु नै उनको सफलता हो।

प्रत्याख्यान

(कालिदासको अभिज्ञान-शाकुन्तलबाट- शकुन्तलालाई दुष्यन्तकहाँ पुऱ्याउन ल्याएपछि जबाफ नदिँदा)

शार्ङ्गरव– महाराज, किन चुप लाग्नु भो ?

दुष्यन्त– तपस्वी हो, घोरिँदा पनि यहाँसँग बिहे भएको सम्झन्नँ। त्यस कारण कसरी गर्भिणी स्त्रीलाई मेरै गर्भ होला भनेर मन्जुर गरूँ ?

शकुन्तला– (छेकेर) आर्यलाई बिहेमा नै शङ्का रहेछ। अब टाढासम्म चढ्न खोज्ने मेरो आशा खै ?

शार्ङ्गरव– भैगो, हात हालिएकी आफ्नी छोरीलाई मन्जुर गरेर पुऱ्याउन पठाउने, अनि अभिमान नगर्ने मुनिले दसी पक्रिइसकेको चोरलाई झैँ तपाईलाई दान दिने पात्र बनाउनुभएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शारदूत– शार्ङ्गरव, तपाईं ऐले चुप लाग्नोस् । शकुन्तला, हामीले भन्नुपर्ने कुरा भनिसक्यौं । महाराजले चाहिँ यस्तो जबाफ दिनुभो, अब उहाँलाई पत्यार पर्ने कुरा भन्नोस् ।

शकुन्तला– (छेकेर) त्यस्तो प्रेम यस्तो भइसकेपछि सम्झाएर के होला र ? ऐले आफूलाई शुद्ध पार्नाको लागि यो उद्योग हो । (सुन्ने गरेर) आर्य पुत्र ! (बिचैमा रोकिएर) बिहेमा नै शङ्का छ भने यस्तो भन्नु ठिक होइन । पुरुका सन्तान, पहिले आश्रममा स्वभावैले सोझो मन भएकी मलाई सपथका साथ छकाएर ऐले यस्ता अक्षरले प्रत्याख्यान गर्नु के तपाईको लायक कुरा हो ?

दुष्यन्त– (कान थुनेर) पाप शान्त होस् । किनार भत्काउने खोलाले सफा पानी र किनारको रुखलाई समेत बिगारेझैं पुरुको कुल र यो व्यक्तिलाई पनि धमिल्याउने चेष्टा किन गर्नुहुन्छ ?

शकुन्तला– भैगो, यदि वास्तवमा अर्काकी स्त्री भनेर शङ्का गर्नुभएको हो भने तपाईको यो चिनोले शङ्का हटाउँछु ।

दुष्यन्त– राम्रो कुरा हो ।

शकुन्तला– *(औंला छामेर)* धिक्कार ! धिक्कार !! मेरो औंलामा औंठी रहेनछ । (दिग्दारीका साथ गौतमीको मुख हेर्छिन्)

गौतमी– शक्रावतारमा शचीतीर्थको जल अञ्जुलीले चढाउँदा औंठी खस्यो होला ।

दुष्यन्त– (मुसुक्क हाँसेर) यसैले त आइमाईहरू कुरा गर्न सिपालु हुन्छन् भनेको ।

शकुन्तला– यसमा त दैवले नै प्रभुत्व देखायो । अब अर्को तपाईलाई भन्छु ।

दुष्यन्त– ऐले सुन्नुपर्ने हुन आयो ।

शकुन्तला– एकदिन बेतको झाङ्मा तपाईको हातमा कमलको पातको बोहतामा पानी थियो ।

दुश्यन्त– पैले कुरा सुनिसकौं ।

शकुन्तला– त्यो वेलामा मैले पालेको दीर्घापाङ्ग भन्ने मृगको बच्चा तपाईको नजिकमा आयो अनि यो नै पैले पानी पिओस् भनी दया गर्ने तपाईले उसको इच्छा मुताबिक पानी दिनुभयो तर चिनाजानी नभएकोले तपाईको हातको नजिक ऊ आएन । पछिबाट त्यही बोहताको पानी मैले लिएपछि उल्ले पानी पियो । त्यो वेला तपाईले यसरी ठट्टा गर्नुभो, 'सबै आफू जस्तामा नै विश्वास गर्छन् । तिमीहरू दुवै जङ्गली हौ ।'

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दुष्यन्त– आफ्नो काम पट्याउन खोज्नेहरूको यस्ता मिठा तर झुटा कुराले विषयीहरू त खिचिहाल्छन् ।

गौतमी– महाराज, यस्तो भन्नु लायक होइन । तपोवनमा हुर्केकी यी शकुन्तला छलकपट जान्दिनन् ।

दुष्यन्त– तपस्विनी बुढिया, पोथी कोइलीहरू आफ्ना बच्चालाई उड्नुभन्दा अगाडि कागद्वारा हुर्काउँछन् । शिक्षा नपाएका चरीहरू त यस्ता चलाख देखिन्छन् भने सचेत भएका मानवीहरूलाई के भन्नु पर्ला ?

शकुन्तला– *(रिसाएर)* अनार्य ! आफ्नो हृदय जस्तो छ, अरूलाई पनि उस्तै ठान्नुहुन्छ । धर्मरूपी काँचुलीमा पसेका, घाँसले छोपिएका कुवाजस्ता तपाईको नकल को गर्ला ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सुबन्धु

यत्रो अपार संस्कृत-साहित्यमा पनि गद्यको कमी हुनु गजबको कुरा हो। तर गद्य-साहित्यमा सुबन्धुको नाम स्मरणीय छ। **'सरस्वतीदत्तवर-प्रसादश्चक्रे सुबन्धुः सुजनैकबन्धुः'** खास सरस्वतीबाट वर-प्रसाद पाएका, सज्जनका बन्धु सुबन्धुले **'वासवदत्ता'** भन्ने निबन्ध (आख्यायिका) बनाए। कवि बाण भन्छन्–**'कवीनामगलद् दर्प नूनं वासवदत्तया'** अर्थात् वासवदत्ताले गर्दा कविहरूको सेखी झऱ्यो। हुन पनि अगुवा भएर पनि शब्द र अर्थ दुवैमा त्यस्तो सौन्दर्य हुनु गजबको कुरा हो। श्लेषको चमत्कार झन् अचम्मको छ। सरस भईकन पनि प्रौढ हुनु कथानकको अंशमा अस्वाभाविकताको रेखा देखिए पनि प्राकृतिकता रहनु, सानो भईकन पनि प्रतिभाको महत्त्व दर्साउनु वासवदत्ताको वैशिष्ट्य हो। कसैले यिनलाई वररुचिका भतिजा पनि भनेका छन्।

यिनको समय ठिकसँग पत्ता लाग्न सकेको छैन। म्याग्डोनलले यिनको समय छैटौं शताब्दीको हो भनेका छन् तर कुनै प्रमाण दिएका छैनन्। सातौं शताब्दीका बाणले यिनको ज्यादै बयान गरेका हुँदा तीभन्दा धेरै अगिका यिनी हुन् भन्ने देखिन्छ। तर समकालीन भएका भए जरुरै त्यसरी बयान गर्ने थिएनन्। उसैले ती सुबन्धु पतञ्जलि (१७० वि.सं. पूर्व) भन्दा पूर्ववर्ती लेखक हुन्। तिनको बाणमा प्रभाव परेको छ। विचार गर्दा वि.सं. ७५० तिर यिनको समय हो कि? पतञ्जलिले महाभाष्यमा वासवदत्ताको उल्लेख गरेका छन्। जेहोस्, कथानक पुरानो किसिमको अस्वाभाविक जस्तो भए पनि उनको गद्य अपूर्वको छ। कल्पना सुन्दर छ। प्रवाहरूपमा कलम चलेको छ। सङ्क्षेपमा भन्ने हो भने उनी सफल गद्य-कवि हुन्। यिनको कथानक उज्जैनका राजाकी छोरी वासवदत्ताको जस्तो देखिन्छ। उसैले यो ऐतिहासिक कथाको आधारमा लेखिएको छ।

उनी भन्छन्– **'अविदितगुणादपि सत्कविर्भणितिः कर्णेषु वमति मधुधाराम्। अनधिगत परिमलापि हि हरति दृशं मालती माला॥'**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वासवदत्ताका नायक चिन्तामणिका छोरा कन्दर्पकेतु हुन्। तिनले सपनामा यौटी राम्री कन्यालाई देखे। ब्युँझेपछि विह्वल भएर घुम्दै विन्ध्याचलमा पुगी फणीरको रुखमनि बस्दा सुगाले मैनालाई भनेको कथा सुने-'कुसुमपुरका राजा शृङ्गारशेखरकी छोरी वासवदत्ता भन्ने छन्। तिनको स्वयंवरका लागि विदेशका सारा राजा निम्तिए, तर वासवदत्ताले कसैलाई पनि वरण गरिनन्। अनि त्यही राती सपनामा कन्दर्पकेतुलाई देखिछन् र बिरहले विह्वल भइछन्, अनि तिनकी मैना तमालिका भन्ने तिनैकी सँगिनीका साथमा कन्दर्पकेतुको भाव बुझ्न भनी आएर यही रुखमनि बसेका छन्। त्यसपछि तमालिकाले कन्दर्पकेतुलाई चिठी दिन्छिन्, अनि खुसी हुँदै कुसुमपुर गई आफूले सपनामा देखेकी वासवदत्तालाई हेर्छन्। सँगिनीबाट मनपेट पाएका कन्दर्प केतुले घोडामा चढी वासवदत्तालाई हरेर निस्कन्छन्। तर विन्ध्याचलमा पुगी बिहान सुतेर उठ्दा वासवदत्ता हुन्नन्। उनको खोजमा विरही कन्दर्पकेतु विह्वल हुँदै चुम्छन्। धेरै पछि एक दिन शिलामय आकारलाई छुनासाथ वासवदत्ता पो उठ्छिन्। त्यसपछि सुखी भएका दम्पति सहरमा गएर सुखपूर्वक बस्छन्।'

सपना पनि विपना

(महाकवि सुबन्धुले लेखेको 'वासवदत्ता' भन्ने आख्यायिकाबाट)

ज्यादै मात्रा बढेको मदिराले झैँ अतिशय विकास भएको वसन्त ऋतुले कसमा विकार पैदा गर्दैन र! मुक्त भएका मुनि अथवा अगस्तिको फूलको बोटमा समेत विकास देखियो। आँपको बोटमा भमराको ताँती कामदेवको छायाजस्तै देखियो। भेट्नाबाट निस्केको बेलीको कोपिलामा भूँभूँ गर्ने भमरा तीनै लोक जित्न प्रस्थान गर्न लागेको कामदेवको शङ्ख बजाउनेजस्तै भयो। नयाँ माउरले रातो भएको पाउजेब लगाएको (तरुणीको) पाउको प्रहारले रातो हुँदा अशोकको रुखले नयाँ पालुवाको छलले त्यही राग लिएको हो कि? मिठो मदिरा भरिएको तरुणीको मुखको रस पाएर झैँ आफ्ना फूलमा त्यही रस पसाउने वकुल पुष्पको रुख राम्रो देखियो। बिच-बिचमा बसेका भमराका बथानले छिर्बिरे भएको अशोकको गुच्छा आधा निभेको कामदेवको चिताजस्तै बटुवाहरूको हृदय पोल्ने भयो। भमरा बस्नाले बिच-बिचमा कालो भएको बेलीको फूलको ताँती वसन्त लक्ष्मीको नीलमणि (नीर) मिसिएको मोतीको मालाजस्तै देखियो। विरहीको हृदय मथ्नाको लागि कामदेवको चक्रजस्तै नागकेशर फुल्यो। बटुवाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हृदयरूपी माछो पक्रने कामदेवको बल्छीजस्तै गुलाफको फूल देखियो। कामक्रीडारूपी सम्पत्तिमा लम्पट भएका लाटा देशकाआइमाईको निधार र कोरिएका कपालसँगको भेट हुँदा सुगन्धीले सम्पन्न भएको, कामी कलाहरूमा सिपालु भएका राम्रा कर्णाट देशका सुन्दरीहरूको स्तनरूपी कलशको कुंकुमको धूलोको सुगन्ध बोकेको, नाचगानमा रसिक भएका कुन्तल देशका आइमाईहरूको कपालमा लाग्नाले सुगन्ध सरेको हुँदा पछि लागेका भमराका ताँतीको मिठो झङ्कारले आकाश घन्काउने, नयाँ जवानीको रागले चञ्चल भएका केरल देशका आइमाईहरूको गालाको छापा (बुट्टा) को चिनाजानीमा चलाक भएको, चौसट्ठी कलामा निपुण भएका मालव देशका आइमाईहरूको नितम्ब भाग मिच्न सिपालु भएको, मैथुनको परिश्रमले थाकेका आन्ध्रदेशका आइमाईको घना र पुष्ट स्तनको भारले बगेको पसिनाले ठन्डा भएको दक्षिणी (मलयाचलबाट आएको) हावा बह्यो।

यही बिचमा वासवदत्ताको सँगिनीबाट मनसाय बुझेका राजा शृङ्गारशेखरले आफ्नी छोरीको स्वयंवरका लागि सारा पृथ्वीमा रहेका राजाहरूलाई बोलाए। त्यसपछि जलेको कालो अगुरुको बास्नाले मुग्ध भएका भमराका ताँतीको भूँभूँ आवाज आउने, जोडदार हाँसोको चहकले सफा भएको, धेरै ठट्टा, कथा, कुल, शील, रस, भाव बुझ्नेहरूले छाइएको, धूपको बास्नाले खिँचिएका भ्रमराहरू भएको, नन्दीघोष नाउँ भएको रथको आवाजले अर्जुनको लडाइँझैँ आनन्द दिने बाजाको आवाजले गुँजिएको स्वयंवरको मञ्चमा वासवदत्ता चढिन्।

त्यो मञ्चमा वेश्यालाई जित्ने कलाका अङ्कुर (मूलदेव) जस्तै कोही राजकुमार असल गहना लगाएका, अथवा गरुडले जितिएका बाणपुरका राक्षसजस्ता, कुनै कृष्ण, द्रौपदी र द्रोणाचार्यहरू साथमा भएका पाण्डवजस्तै दिव्य आँखा भएका र कालो अगुरुको धूपले सुगन्धित अङ्ग भएका अथवा गुरुहरूको कदर नगर्ने, अर्काचाहिँ बढ्ने आशा पर पुगेका शरद् ऋतुका दिनजस्तै वासवदत्तासँगको बिहेको आशा हराउँदै गएका अथवा आकाशजस्तो रित्तो आशा भएका, कुनैचाहिँ बौद्धको मत खण्डन गर्ने जैमिनिका अनुयायीजस्तै साधारण भेषमा आउनेलाई हेला गर्ने अथवा चलिआएकोलाई निन्दा गर्ने, कोहीचाहिँ सुनौला सुमेरू पर्वतका प्रान्तजस्तै सुनले छाइएका, अथवा खराब आर्त जन (रोगी) को स्वर भएका, कुनैचाहिँ सूर्य उदाउनाले खुम्चिएका कुमुदहरूजस्तै तेजिलो अर्को राजकुमार देख्नाले आँखा चिम्लिएका, कुनैचाहिँ पृथ्वी नभईकन स्थिर भएका अथवा हीन भएका, कुनै चाहिँ बृहत्कथा बनाउने गुणाढ्य कविजस्तै धेरै कुरा गर्ने र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सन्धि आदि गुणको प्रयोग गर्न जान्ने अथवा जालहरू लिएर सिकार गर्ने अम्मल भएका, कुनै चाहिँ द्रोणबाट जीतको आशा सूचना गर्ने कौरवका फौजजस्तै काकबाट वासवदत्ता पाउने आशा गर्ने राजकुमारहरू थिए। ती सबैलाई एकेक गरेर हेरी दिग्दार भएकी राजकुमारी वासवदत्ता त्यो मञ्चबाट त्यसै ओर्लिन्।

त्यसपछि त्यही राति सपनामा अङ्गद साथमा भएका बालीजस्तै बाजू लगाएका मिठो स्वर भएको कोइलीजस्तै राम्रो घाँटी भएका, रामलाई खिच्न सिपालु भएको सुनको मृग (मारीच) जस्तै राम्रा (आइमाई)लाई खिच्नसक्ने, मिठो बोलीले इन्द्रलाई आनन्द गराउने जयन्तजस्तै अमृतजस्तो वचनले बुढाहरूको कानलाई आनन्द गराउने, कंसलाई हर्ष नगराउने कृष्णजस्तै सारालाई खुसी तुल्याउने, असिना बर्साउने बादलजस्तै राम्रा हातभएका, सौन्दर्यरूपी रुखको पहिलो कन्दजस्ता, शृङ्गाररूपी रत्न पैदा हुने पहाडजस्ता, राम्रा कथारूपी नदीका मुहानजस्ता, चलाकीरूपी आँपको रुखका वसन्त ऋतुजस्ता, सौजन्यरूपी मुखको ऐनाजस्ता, विद्यारूपी लहराको बिउजस्ता, कीर्तिले आफै वरण गरिएका, लक्ष्मी र सरस्वतीको सेखी गर्ने मन्दिरजस्ता, शीलरूपी सम्पत्तिको खानीजस्ता, ठुलो सौन्दर्यको ढुकुटीजस्ता, तीन भुवनलाई नै लोभ्याउने अनुहार भएका जबान पुरुषलाई वासवदत्ताले देखिन्। चिन्तामणि भन्ने राजाका छोरा कन्दर्पकेतु हुन् भन्ने कुरा पनि सपनामा नै उनले सुनिन्।

ब्युँझेपछि किसिम किसिमका कुरा वासवदत्ताले विचार गर्न लागिन्– 'ओहो! रूप बनाउने कलामा ब्रह्माजी कति सिपालु! सके सौन्दर्यको सृष्टिमा आफू निपुण कहलाउन खोज्ने ब्रह्माजीले तीनै जगत्को सौन्दर्यका परमाणु जम्मा गरेर यिनलाई बनाएका होलान्, नत्र कसरी यस्ता राम्रा यिनी हुन्थे? नलको निम्ति दमयन्तीले व्यर्थै वनबासको कष्ट पाइछन्,। सित्तै इन्दुमतीले अजसँग प्रेम गरिछन्, व्यर्थै दुष्यन्तका निम्ति शकुन्तलाले दुर्वासाको सराप पाइछन्, मदनमञ्जरीले सित्तै नरवाहनदत्तलाई इच्छा गरिछन्। दुई तिघ्राले केराको खामलाई जितेकी रम्भाले विनाकारणमा नलकूवरलाई बरिछन्, स्वयंवरमा आएका हजारौं देवता र गन्धर्वहरूमध्ये धर्मराजलाई धूमोर्णाले जुलमा बरिछन्।' त्यसपछि विरहरूपी भुसको आगोमा पसेकी जस्तै, बडवानलको ज्वालाले निलिएकी जस्तै, शिवजीको नेत्रबाट पैदा भएको प्रलयकालको अग्निले पोलिएको जस्तै, पातालमा पसेकी जस्तै वासवदत्ता भइन्।

इन्द्रियहरूको व्यापार शून्य भएको आफ्नो हृदयमा लेखिएका जस्ता, कुँदिएका जस्ता, उम्रिएका जस्ता, गाडिएका जस्ता, वज्रलेप लगाएर

CC0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

टाँसिएका जस्ता, हाडको पिँजडाभित्र पसेजस्ता, मर्मभित्र बसेजस्ता, प्राणले घेरिएका जस्ता, भित्र आत्मामा बसेजस्ता, रगतमा पग्लिएजस्ता, मासुमा मिसिएजस्ता, कन्दर्पकेतुलाई ठान्ने भएकी वासवदत्ता बौलाहीजस्तै, बहिरीजस्तै, लाटीजस्तै, ग्रह बिग्रेकी जस्तै, जवानीरूपी समुद्रको छालमा परेकी जस्तै, प्रेमरूपी डोरीले बाँधिएकी जस्तै कामदेवका फूलरूपी बाण लागेकी जस्तै, शृङ्गार-रसरूपी विषले लट्ठ भएकी जस्तै, सौन्दर्यको भावना गडेर खिल पल्टिएकी जस्तै, मलयाचलको हावाले ज्यान उडाइएकी जस्तै भइन् अनि 'ए प्यारी सँगिनी अनङ्गलेखा ! विरहको पिर सहिनसक्नु भएकोले मेरो छातीमा तिम्रो हातरूपी कमल राख । ए वाल्ल परेकी मदनमञ्जरी ! चन्दन-पानी छर्क । ए ! चकचके तरङ्गवती ! केतकीको धूलो छर । ए उल्टी मदनमालिनी ! कमलको पातले हम्क । ए चकचके चित्रलेखा ! मेरो चित्त चोर्ने मानिसको तस्बिर लेख । ए मनसाय बुझ्ने विलासवती ! मोतीको धूलो धेरै छर । ए ! माया गर्ने रागलेखा ! कमलको पातको थुप्रोले मेरा दुई स्तन छोपिदेऊ । ए राम्री कान्तिमती ! बिस्तारै आँसु पुछिदेऊ । भगवती निद्रा ! आऊ ममाथि अनुग्रह गर । अरू इन्द्रिय भएर के काम ! सबै इन्द्रियहरूलाई दैवले किन आँखैआँखा बनाएनछन् । हे भगवान् कामदेव ! तपाईलाई म हात जोड्छु, आशय बुझ्ने त्यस्तो मानिसको पछि लाग्नुहोस् अर्थात् मलाई जस्तै उनलाई पनि तुल्याउनुहोस् । ए मलयाचलका हावा ! हे सुखको उत्कण्ठारूपी दीक्षाका गुरु ! इच्छामुताबिक बहँदै जाऊ, मेरो प्राण त गयो !'–इत्यादि बिलौना गर्दागर्दै वासवदत्ता मूर्च्छा परिन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भवभूति

भवभूति विदर्भ देशका बासिन्दा हुन्। यिनको काश्यप गोत्र हो। यिनका बाबुको नाउँ नीलकण्ठ हो, आमाको नाउँ जन्तुकर्णी। उनी अग्निहोत्री थिए। **'श्रीकण्ठपदलाञ्छनो भवभूतिर्नाम'** भनी स्वयम् कविले लेखेको हुँदा खास नाउँ श्रीकण्ठ र उपनामचाहिँ भवभूति भन्ने देखिन्छ। **'भवभूति सितातनौ'** भन्ने पद्य लेखेकोले भवभूति नाम रहन गएको भन्छन्। हुन त यिनका गुरुको नाउँ ज्ञाननिधि भन्ने लेखिएको छ ता पनि यी कुमारिल भट्टका चेला हुन् भन्ने कसैको भनाइ छ, जसले श्लोक वारिकिको व्याख्या गरेका हुन्। शङ्कर-दिग्विजयको सातौं सर्गमा मण्डन मिश्रको कुरा आउँछ। मण्डनको अर्को नाउँ विश्वरूप हो। शङ्कराचार्यसँग दीक्षा लिएपछि यिनैको नाउँ सुरेश्वराचार्य रह्यो। यस्तै आधारमा मण्डन, विश्वरूप, उम्बेक र सुरेश्वर एकै व्यक्तिको नाउँ हो भन्ने कसैको भनाइ छ। तर दार्शनिक सिद्धान्तमा भेद देखिएकोले मण्डन र सुरेश्वर भिन्न-भिन्न हुन् भन्ने भनाइ पनि छ। यिनले पछि कान्यकुब्जका राजा यशोवर्माको आश्रय लिएका थिए। तर पहिले समकालीन कविहरूले अनादर गरेको हुँदा मालतीमाधवको प्रस्तावनामा यिनले लेखेका छन् :

ये नाम केचिदिह नः प्रथयन्त्यवज्ञां
जानन्ति ते किमपि तान्प्रति नैष यत्नः ॥

अर्थात् जो मलाई हेला गर्छन् तिनका लागि यो मेरो प्रयत्न होइन। भवभूतिको समय वि.सं. ७५० तिर जस्तो देखिन्छ।

भवभूतिका नाटक 'मालतीमाधव', 'महावीर-चरित' र 'उत्तररामचरित' हुन्। 'मालतीमाधव' एक प्रकरण हो। यसमा प्रेमको साँच्चिको चित्र खिचिएको छ। प्राकृतिक वर्णन पनि लामो-लामो दिइएको छ। उसैले यसलाई काव्य-नाटक भनेमा अत्युक्ति होओइन। 'महावीरचरित'मा श्री रामचन्द्रको पहिलो आधी चरित्र नाटकको रूपमा देखाइएको छ। भासको 'अभिषेक' नाटक र 'प्रतिमा' नाटकजस्तै रामकथालाई नै लिई यिनले दुई नाटक लेखेका छन्। श्री रामको आदर्श

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मानिसले स्वीकार गरेमा पृथ्वी स्वर्ग बन्छ भन्ने भवभूतिको भनाइ हो। भरतको नाट्यसूत्र- अनुसार श्री रामका कुनै दोषलाई भवभूतिले छिपाएको हुनुपर्छ। यसो हुँदा रावणको सहायक भई आएको बालीलाई रामले मारे भन्ने कथानकको योजना भवभूतिले गरेका होलान्। 'उत्तररामचरित' रामायणको उत्तरार्ध लिई लेखिएको छ। यसमा करुण-रसको प्रवाह ज्यादै सफलतापूर्वक देखाइएको छ। रामचन्द्रको बिलौनाले पत्थरकै हृदय पनि रसाउलाजस्तो छ। यिनको यो सफल नाटक हो।

भवभूति कवि मात्र होइनन् किन्तु दार्शनिक विद्वान् थिए। कालिदाससँग दाँजिने नाटककार पनि यिनै हुन्, तर कहीँ-कहीँ कालिदासको प्रभाव यिनमा परेको देखिन्छ। भवभूतिको कवितामा अद्भुतको चमत्कार पाइन्छ। उनीजस्ता मनोवैज्ञानिक कवि पाउन दुर्लभ छ। यिनी पीठो पिन्ने किसिमका कवि होइनन् किन्तु मौलिकता यिनको कवितामा पाइन्छ। उपमामा पनि नवीनता पाइन्छ। जड प्रकृतिको चित्रणमा पनि यिनी सिद्धहस्त छन्। जुनसुकै रसमा पनि यिनी सफल छन्। यी सब गुणहरूद्वारा संस्कृत-साहित्यमा भवभूतिको स्थान ज्यादै उन्नत छ। कहीँ-कहीँ त कालिदासभन्दा पनि उठेका छन्।

उत्कण्ठा

(भवभूतिले बनाएको 'मालतीमाधव' भन्ने नाटकबाट। नन्दका लागि मालतीलाई महाराजले मागे रे, तर मन्त्री भूरिवसुले महाराजको जे पनि गर्न सकिबक्सिन्छ भनी बिन्ती चढाए रे भन्ने कुरा केटीहरूले गरेर गएपछि उत्सुक मालती र लवङ्गिकाको प्रवेश)

मालती– त्यसपछि ?

लवङ्गिका– ती महानुभावले ल्याएको यो वकुल-पुष्पको माला ! (दिन्छे)

मा०– (माला लिएर खुसीसाथ निहारेर) सँगिनी ! एकातिर अलि नमिलेको गँसाइ छ नि ?

ल०– यहाँ अलि नराम्रो हुनामा तपाईंकै अपराध छ।

मा०– कसरी ?

ल०– जसले दुबोजस्तै सामला अङ्ग भएका तिनको हात अल्मलियो।

मा०– सँगिनी लवङ्गिका ! निश्चय नै तिमी फुल्याउने स्वभाव भएकी छ्यौ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ल०– सँगिनी ! यहाँ फुल्याउने कुरा के छ र ? साँच्ची भन्छु, मन्द हावा चल्नाले फुलेको कमलजस्ता चाल भएका र पहिले सुरु गरेको वकुलपुष्पको माला गाँस्ने बहानामा रोक्ने जबर्जस्तीले फैलिएका आँखाले अनि फिँजिएका आँखीभौँले प्रकट गरेको कामवाणको चातुरीका साथ हेर्ने भएका तिनलाई तपाईले देखिहाल्नुभो ।

मा०– (लवङ्गिकालाई अँगालो हालेर) हो, सँगिनी ! एकछिन मात्र नजिकमा बस्ने जनलाई छकाईदिने तिनका ती विलासहरू स्वाभाविक नै हुन् कि अथवा सँगिनीले अड्कल गरेजस्तै हो ।

ल०– (हाँसेर छेड हानेजस्तै गरी) तपाईं पनि स्वभावैले त्यो वेला गाना नगाईकन नाच्नुभएको थियो ।

मा०– (लाज मानेर हाँसी) हो, अनि, अनि ?

ल०– त्यसपछि फर्कन लागेका जात्रुहरूको भिडले उनी (माधव) छेकिएपछि मन्दारिकाको घरमा गए । तिनको तस्बिर बिहान नासो दिएको थियो ।

मा०– किन ?

ल०– तिनलाई माधवको नोकर कलहंसले चाहना गरिरहेछ । तिनले उनलाई देखाउँछिन् भनेर ।अब मन्दारिका पनि प्यारो कुरा लैजाने भइन् ।

मा०– (मनमनै आनन्दका साथ) निश्चय त्यो कलहंसले पनि यो तस्बिर आफ्नो मालिकलाई देखाउने छ। (सुन्ने गरेर) सँगिनी ! तिमीलाई ऐले प्यारो के छ र ?

ल०– तपाईलाई नपाएर पिरिएका दुर्लभ इच्छाको आवेशले सहिनसक्नु भएको मिहिनेतले चित्त डढ्न लागिरहेका उनलाई एकछिन मात्र भए पनि आनन्द दिने तपाईंको चित्र। (तस्बिर देखाउँछिन्) ।

मा०– (ज्यादै खुसीका साथ धेरै बेर निहालेर) ओहो ! अहिले पनि मेरो हृदयलाई विश्वास छैन। जसले यो आश्वासनलाई पनि छल हो भन्ठानिन्छ। कसरी अक्षर पनि देखिन्छन् । (पढ्छिन्– जगत्मा तिनी नयाँ चन्द्रकला इत्यादि पदार्थहरू विरहीलाई वश गराउने छन् । स्वभावैले मधुर भएका ती अरू पनि छन्, जो मनलाई मोह पार्छन् । मलाई त जो यिनी जूनजस्ती आँखाको सामुन्ने भइन् । जन्ममा त्यही एउटा ठुलो उत्सव हो। (आनन्दका साथ) भाग्यमानी, बनावटमा र भनाइमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

उत्तिकै मिठास छ। दर्शनचाहिँ ऊ वेलामा मन हर्ने र पछिचाहिँ लामो सन्तापले कडा रहेछ। ती स्त्री भाग्यमानी हुन्, जसले तपाईंलाई देखेका छैनन्, अथवा देखे पनि आफ्नो हृदय सम्हाल्न सक्छन्।

ल०– सँगिनी ! यसरी सम्हाल्दा पनि तपाईं सम्हालिनुहुन्न।

मा०– कसरी ?

ल०– जसको कारणले गर्दा भेट्नो नभएको अशोकको पालुवाजस्तै हृदय धारण गर्ने भएकी, वैलाएको नवमालिकाको फूलजस्तै ज्यादै सुकुमारी भएकी तपाईलाई कामदेवले दुब्ली पारिदिए। भगवान् कामदेवले तिनलाई पनि सहिनसक्नु सन्ताप गराइदिए।

मा०– सँगिनी ! ती महानुभावलाई ऐले आराम होस्, तर मेरो त आस्था छैन। *(आँखाभरि आँसु गरेर)* विषजस्तै फैलिएको यो कडा मनको रोगले धूर्त नहुने गरी फुकिएको आगोले झैँ पोलिरहेछ। सन्निपात ज्वरले झैँ हरेक अङ्गमा भित्रबाहिर पोलिरहेछ। ऐले न बुवा रक्षा गर्न सक्नुहुन्छ, न मुमा, न त तपाईं।

ल०– यस्तै हो। सज्जनसँगको भेट प्रत्यक्षमा सुख दिने र परोक्षमा सहिनसक्नु दुःख दिने हुन्छ। प्यारी सँगिनी ! झल्याक-झुलुक देख्नाले मात्र पूर्णचन्द्रको उदय पनि बलेको आगोसरि भएको र निष्ठुर कामदेवको व्यापारले जीवनलाई शङ्कामा पुऱ्याएको तपाईंको शरीरको अवस्था छ। झन् ऐले त खास दर्शनले गर्दा आज पिरिनुभयो भनेर के भन्ने ? प्यारी सँगिनी ! सह्राउनलायकको दुर्लभ इच्छाको फल प्राणीहरूको गाढा प्रेमबन्धनलाई सुहाउँदो भाग्यमानीसँगको भेट हो भन्नेमात्र जान्दछु।

मा०– मेरो ज्यानजस्तै प्यारी सँगिनी ! आँटिली, जाऊ। *(आँखाभरि आँसु लिएर)* अथवा बारम्बार हेर्दै, भाग्न लाग्दा रोकेर राखिएको धैर्यको आश्रय गरिएको आफ्नो हृदयले गर्दा लाज टाढा गएको हुँदा ननुहुनाले हल्का भएको मैले नै अपराध गरेकी छु। तैपनि प्यारी सँगिनी ! आकाशमा सारा रातभर पूर्ण चन्द्रमा बलून्, कामदेव पनि दन्कोस् तर मृत्युभन्दा बढी के गर्न सक्लान् र ! मलाई त तारिफ गर्नलायक भएका बाबु मन पर्छन्, पवित्र कुलमा जन्मेकी आमा मन पर्छिन्, दाग

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नलागेको कुल मन पर्छ। यो जनता मन पर्दैन न त यो ज्यान मन पर्छ।

लo– (मनमनै) अब यहाँ के उपाय छ ?

प्रतिहारी– (नेपथ्यबाट आधा पसेर) भगवती कामन्दकी आउनुभाको छ।

दुवै– के भगवती ?

प्रo– मैयाँका दर्शन गर्न आउनुभे'को रे।

दुवै– त्यसो भए किन वेर गरेको त ? (प्रतिहारी जान्छे, मालती तस्बिर छोप्दछिन्)

लo– (मनमनै) ज्यादै बेस भयो। (कामन्दकी र अवलोकिताको प्रवेश)।

कामन्दकी– क्याबात, भूरिवसु क्याबात ! आफ्नी कन्यालाई महाराज जे पनि गर्न सकिबक्सिन्छ भन्ने जबाफ दुवैतिर विरोध नपारेर दियौ। फेरि आज मन्मथ बगैँचाको वृत्तान्तले भगवान् दैव पनि अनुकूल भएजस्तो बुभ्दछु। वकुल-पुष्पको माला र तस्बिरको सट्टापट्टाले त कुनै गजबको हर्ष बढाइरहेछ। बिहेको काममा आपसको प्रेम उत्तम मङ्गल हो। अङ्गगराले यो कुरा पनि भन्नुभएको छ। 'जसमा मन र आँखाको असक्ति हुन्छ त्यही मङ्गल हुन्छ।'

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शूद्रक

सरस्वतीको सेवा र सारस्वतहरूको कदर पनि गर्ने शासकहरू कति होलान् र! तर शूद्रकमा दुवै थरी गुण थिए। अझ लक्ष्मीले पनि उनलाई अँगालेकी थिइन्। ऋग्वेद, सामवेद, गणित, नृत्य, गायन, हस्तिशास्त्र इत्यादि धेरै विषयमा उनी सिपालु थिए भन्ने मृच्छकटिकमा लेखिएकै छ। अश्वमेधजस्तो ठुलो यज्ञ पनि उनले गरेका थिए। फेरि उनी वीर थिए, अझ हात्तीहरूसँग बाहुयुद्ध गर्न रमाउँथे। भूल गर्दैनथे, तपस्वी उत्तिकै थिए। सय वर्ष दश दिनको आयु सुखपूर्वक बिताएर उनले अग्निप्रवेश गरे। शासनको राम्रो प्रबन्धले मात्र होइन किन्तु नाट्यकलाको विकासद्वारा पनि उनले दुनियाँलाई सुखी गराएका थिए। उनको शैली ज्यादै सरल छ। ठाउँ ठाउँमा नयाँ नयाँ भाव पाइन्छ। लामा लामा छन्दको प्रयोग उस्तो गरेका छैनन्। चन्द्रोदय, वर्षाऋतु इत्यादिको वर्णन निकै सुन्दर छ। चमत्कारी सूक्तिहरू निकै देखिन्छन्। रसका सबै साधनको प्रयोग यिनी गर्छन्।

'मृच्छकटिक' सिवाय शूद्रकको अरू ग्रन्थ पाइन सकेको छैन। यो प्रकरण हो। उसैले प्रख्यात कथानक नभई सामाजिक हुँदा साधारण धीर प्रशान्त ब्राह्मण नायक हुनु ठिकै छ। यसमा दश अङ्क छन्। माटोको गाडा अर्थात् चारुदत्तको छोराको खेलौनालाई लिएर नाम राखिएको छ। जसमा छोरालाई खुसी तुल्याउन वसन्तसेनाले आफ्ना गहना फुकालेर हालेकी थिइन्। बीजलाई लिएर लेखिएकोले नाम रखाइमा कलात्मकता छ।

भासको दरिद्र चारुदत्तसँग मृच्छकटिकको कथानक मिल्दोजुल्दो छ, तर उसको कथा छोटकरीमा छ, मृच्छकटिकको चाहिँ फैलिएको। तैपनि भासको अनुकरण शूद्रकले गरेका हुन् भन्ने कसैको भनाइ छ। **'लिंपतीव तमोऽङ्गानि'** इत्यादि श्लोकहरू दुवैतिर देखिनु पनि एक प्रमाण हो भन्छन्। तर यस्तो कालिदासमा पनि पाइन्छ। 'कुमारसम्भव'का कति श्लोक शिवपुराणमा र अश्वघोषको बुद्धचरितमा पनि पाइन्छन्। यहाँ अगिल्लो अंश उस्तै भए पनि पछिल्लोमा शूद्रकको मौलिकता अवश्य छ। राजनीतिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भाग शूद्रकको सम्पत्ति हो। केही पाश्चात्यहरू भन्छन्–'आफ्नो मृत्युको उल्लेख कसैले आफ्नो कृतिमा गर्न सक्छ ? उसैले प्रस्तावनाको अंश त अवश्य प्रक्षिप्त हो। बरु यो दण्डीको कृति हो।' तर यो भूल हो भन्ने हाल निश्चय भइसकेको छ।

शूद्रकको समयको विषयमा निकै मतभेद पाइन्छ। कसैले पहिलो शताब्दी मानेका छन्, तर यो उति प्रामाणिक छैन। आठौं शताब्दीका वामनको काव्यालङ्कार सूत्रवृत्तिमा **'द्यूतं हि नाम पुरुषस्य असिंहासनं राज्यम्'** इत्यादि मृच्छकटिकका वाक्यको उल्लेख पाइन्छ। वामनभन्दा अगिका दण्डीले पनि काव्यादर्शमा पनि **'लिंपतीव तमोऽङ्गानि'** इत्यादि उद्धरण गरेको देख्ता त्योभन्दा अगाडिका हुन् भन्ने कुरामा शङ्का छैन। फेरि नवौं अङ्कमा कविले बृहस्पतिलाई मङ्गलको विरोधी बताएका छन्। तर छैटौं शताब्दीका वराहमिहिरले मित्र मानेका छन्। फेरि वराहमिहिरभन्दा अगाडिका ज्योतिषीले विरोधी मानेका थिए भन्ने बृहज्जातकमा उल्लेख छ। यसैले चारौं अथवा पाँचौं शताब्दीतिर मृच्छकटिक लेखिएको हुनुपर्छ।

चरित्र-चित्रणमा पनि शूद्रक सफल छन्। नायक चारुदत्तको र वेश्या भए पनि नायिका वसन्तसेनाको आदर्श गुणग्राहिता दर्साएको छ। भारतको आदर्श नागरिकको चित्रका साथसाथै त्यस वेलाको सामाजिक चित्रण पनि यहाँ पाइन्छ। जतिसुकै कष्ट आइपरे तापनि सज्जनहरू सत्य त्याग्दैनन्, सदाचारमा रहन्छन् भन्ने देखाएको छ। राजाको सालाको बदमासी, सज्जनमाथि दोषारोप, सत्यको विजय, उभयायत्त शासन, मनुस्मृति मुताबिकको विधान, केही धमिलिएको वर्णाश्रम धर्म, गरिब गुणीमाथि वेश्याको विलक्षण प्रेम, धूताको पातिव्रत्य, व्यापारको प्रबन्ध, बलिवैश्वदेव दीपदान, इन्द्रध्वज इत्यादिको पनि विवरण यहाँ पाइन्छ। मैत्रेय हास्यरसका पात्र मात्र छैनन्, किन्तु आपद्मा पनि साथ दिने सच्चा मित्र छन्। शर्विलकको चरित्रमा सौजन्य र दौर्जन्य दुवैको मिश्रण पाइन्छ। शकारको चाल र भाषा पनि ठिकसँग खिँचिएको छ। यहाँ धेरै किसिमको भाषाको प्रयोग देखिन्छ। वसन्तसेना, धूता र केटीहरू शौरसेनी बोल्छन्, वीरक र चन्दनक आवन्ती, अनि संवाहक र जोकरहरू मागधी। चाण्डालचाहिँ चाण्डाली बोल्छन्।

वेश्यावृत्ति हटाएर दाम्पत्यजीवनको आश्रयले समाज सुध्रन्छ भन्ने यहाँ झल्किन्छ। दूषित वृत्तिलाई छोडेर असल पतिमा सच्चा प्रेम गर्नु नारीको गहना हो। ऐतिहासिक घटनाको आधारमा यो लेखिएको हो भन्ने धेरैको भनाइ छ। अरू कलाका साथसाथै चौर्यकलाको चमत्कार पनि यहाँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पाइन्छ। यहाँ उद्धरण गरिएको अंशमा चौर्यकलाको विज्ञता लेखकले प्रशस्त देखाएका छन्।

चौर्यकला

(राजा शूद्रकले बनाएको 'मृच्छकटिक' को तेस्रो अङ्कबाट। चारुदत्त र विदूषक निदाएपछि)

शर्विकल– (पसेर) अभ्यास र बलले सजिलैसँग शरीर पस्न हुने प्वाल पारेर भूइँमा घिस्रनाले डँडालो घोटिएको म पुरानो काँचुली फेर्नलागेको सर्पझैँ जान्छु। (*आकाशतिर हेरेर* खुसीका साथ) ओहो! चन्द्रमा अस्ताउन लागेछन्। बगैँचाको परखालमा प्वाल पारेर यहाँ आइपुगेको छु, अब महलमा पनि प्वाल पार्छु। तर कुन ठाउँमा पारूँ ? पानी परेर खुकुलो हुँदा आवाज नआउने ठाउँ कहाँ होला ? जहाँनेर भित्तामा प्वाल पार्दा रमन घुम्नेहरूको आँखा पर्ने र डरलाग्दो नहोस्, सो डरसमेत सिद्धिनाले थोत्रो ईट भएको ठाउँ कहाँ होला ? कहाँ स्वास्नीमानिसहरूसँग भेट नहोला र मेरो काम सिद्ध होला ? (*हातले भित्ता छोएर*) सधैँ सूर्यदर्शन गर्दाखेरि पानी चढाउनाले यहाँनेर सेप पसेको रहेछ। यहाँ मुसाको प्वाल पनि रहेछ। हा, हा ! यो काम सिद्ध भयो। पहिले यो चोरहरूको सिद्धिको लक्षण हो। अब सुरुमा कस्तो प्वाल पारौँ ? यस विषयमा भगवान् कार्तिकेयले चार किसिमको प्वाल पार्ने तरिका देखाउनुभएको छ। पाको ईट तान्नु, काँचो ईट प्वाल पार्नु, माटो-डल्लोमा पानी छर्कनु, काठ चिर्नु। उसैले, यहाँ पाको ईट भएकोले तान्दछु। तर फुलेको कमलको आकार तुल्याइदिउँ कि अथवा सूर्यको, अथवा बालचन्द्रको, अथवा इनारको, अथवा स्वस्तिक चिह्नको, अथवा गाग्रोको आकार तुल्याएर आफ्नो सिप कस्तो देखाऊँ ? जसलाई देखेर सारा सहरियाहरू छक्क पर्ने छन्। तर यो पाको ईटमा पूर्ण कुम्भ नै सुहाउँछ। त्यही नै बनाउँछु। फोरेको गाहो देखेर भोलि बिहान छिमेकीहरू मेरो दोष र सिप पनि बताउने छन्।

वर दिने कुमार कार्तिकेय (कृत्तिकाका छोरा) लाई नमस्कार छ। सुनौला शक्ति भएका, ब्रह्मण्य देवव्रतलाई नमस्कार छ। भास्कर नन्दीलाई नमस्कार छ। योगाचार्यलाई नमस्कार छ, जसको म पहिलो चेलो हुँ उनै गुरु खुसी भएर उपायको तरिका अथवा गजबको ओखती मलाई दिनुभयो। जसको उपयोग गर्नाले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रमनहरूले मलाई देख्दैनन् र हतियारको चोट परे पनि मलाई बाधा हुँदैन। *(ओखती लगाउँछ)* धिक्कार छ! नाप्ने धागो मैले बिर्सेछु ? *(घोरिएर)* ए! यही जनै नाप्ने धागो भइहाल्छ नि! जनै बाहुनको ठुलो कुरा हो, अझ खास गरेर हामीजस्ता चोरको, किनभने यसैले भित्ता नापिन्छ, यसैले लगाएका गहना खुस्काइन्छ, यसैले ढोकाको कसिएको आग्लो उघारिन्छ, फेरि किरा र सर्पहरूले डसेको ठाउँनेर बाँध्न पनि हुन्छ। नापेर काम सुरु गर्छ (त्यसै गरेर हेरी) यौटा ढुङ्गामात्र बाँकी छ। धिक्कार छ! सर्पले पो डस्यो। *(जनैले औंला बाँधेर विष लागेको अभिनय देखाउँछ, त्यसपछि ओखती लगाएर)* तयार भएँ। (फेरि काम गरेर हेरेर पनि) ओहो, बत्ती बलेको रहेछ! *(फेरि काम गरेर)* प्वाल पारिसकियो। अब पस्छु अथवा ऐले पस्दिनँ। पहिले पुतली (मानिसको आकारको) पसाल्छु। *(त्यसै गरेर)* ए! कोही पनि छैन। कार्तिकेयलाई नमस्कार छ। *(पसेर यताउति हेरी)* ए! दुइजना सुतेका रहेछन्। भैगो। आफ्नो रक्षाको लागि ढोका उघार्छ। थोत्रो भएकोले ढोका कराउँदो रहेछ। पहिले पानी खोज्नुपर्‍यो। पानी कहाँ होला ? (यताउति हेरी पानी लिएर छर्कंदै शङ्काका साथ) त्यसो हैन। भूइँमा पर्दा अवाज आउला। भैगो, पहिले यसो गर्छु। (पछाडि फर्केर ढोका उघारी) यस्तै रहोस्। ऐले जाँच गर्छु। यी दुईजनाले सुतेको बहाना गरेका हुन् कि अथवा साँच्चिकै सुतेका हुन् ? *(तर्साएर जाँची)* ए, यिनीहरू साँच्चिकै सुतेका रहेछन्। ठिकसँग चलेको साममा शङ्का छैन। आँखा चिम्म पारेर चिम्लेको छ। बनावटी देखिन्न। भित्र पनि चल्दैन। थाकेको थाकेको शरीरको जोड शिथिल भएकोले ओछ्यानभन्दा बढी शरीर छ। यदि छल गरेर सुतेको भए सामुन्नेमा रहेको बत्ती सहनसक्ने थिएन।

(चारैतिर हेरेर) ए! मादल, खँजडी, झ्याली, यो सितार र यी बाँसुरी, यी पुस्तक रहेछन्। नाच सिकाउनेको घर पो रहेछ। अथवा महलसुहाउँदो सम्पत्ति होला भन्ठानेर पसेँ। के यो साँच्चिकै गरिब हो त ? अथवा राजा र चोरको डरले भुइँमा गाडेर धन राखेको छ कि ? तर म शर्विलकलाई भुइँमा लुकाएर के ? भैगो। बिउ छर्छु *(त्यसै गरेर)* छरेको बिउ कहीं पनि बढेन। ए! साँच्चिकै गरिब रहेछ। भैगो जान्छु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

राजाको सालोको मुद्दा

(शूद्रकको 'मृच्छकटिक' को नवौँ अङ्कको सुरुबाट)

शकार– कमलको डाँठभित्र पसेको किराले झैँ फुत्कन खोज्ने मैले ठुलो अवकाश पाएँ। त्यसकारण यो कुकर्म कसको टाउकोमा पाऊँ ? (*घोरिएर*) ए ! मैले सम्झेँ। दरिद्र चारुदत्तलाई यसको फल भोगाउँछु। फेरि त्यो गरिब छ। त्यसमा जे पनि सम्भव हुनसक्छ। भैगो। चारूदत्तले वसन्तसेनालाई माऱ्यो भनी अड्डामा गएर लेखाउँछु। त्यस कारण पहिले अड्डामा गएर लेखाउँछु। त्यस कारण पहिले अड्डामा नै जान्छु। (घुमेर हेरी) यो अड्डा हो, यहाँ पस्छु। (*पसेर हेरी*) किन आसनमात्र राखिएका रहेछन्। हाकिमहरू नआउन्जेल यही दुबोको चउरमा एक मुहूर्त बसेर पर्खन्छु।

शोधनक–(*अर्कोतिरबाट घुमी अगाडि हेरेर*) यी हाकिम आउनुभो, अब नजिकै जान्छु। (*नजिकै आउँछ*) ए श्रेष्ठी र कायस्थ हो !

श्रेष्ठी र कायस्थ– आर्य ! आज्ञा गर्नुहोस्।

अधिकरणिक–ओहो, पराधीन भएकोले मुद्दामा हाकिमहरूले वादीप्रतिवादीको मन बुझ्नु ज्यादै गाह्रो कुरा छ। मानिसहरू न्याय नभएको दोष छिपाएर नालिस हाल्छन्, रागले आसक्त भएर अड्डामा आफ्नो दोष बताउँदैनन्। तर वादी र प्रतिवादीले बढाएको दोष राजालाई लाग्छ। उसैले विशेष गरेर हाकिमहरूलाई अपजसमात्र आइलाग्छ, जसचाहिँ त टाढा हुन्छ।

श्रेष्ठी र कायस्थ– यदि आर्यका गुणमा पनि दोष लगाइन्छ भने जूनमा पनि अँध्यारो रहला।

अधिकरणिक– भलाद्मी शोधनक ! अधिकरण-मण्डपको बाटो देखाऊ।

शोधनक–आउनुहोस्, आउनुहोस्, हाकिमसाहेब आउनुहोस् (सबै घुम्छन्) यो अधिकरण, मण्डप हो, यहाँ पस्नुहोस्। (सबै पस्छन्)

अधि०– भलाद्मी शोधनक ! बाहिर निस्केर बुझ। को को उजुर गर्न आएका छन्।

शोध०– आर्यले जे आज्ञा गर्नुहुन्छ। (*निस्केर*) आर्य हो ! को को उजुर गर्न आएको छ भनेर हाकिमसाहेब भन्नुहुन्छ।

शकार– (*खुसी भएर*) हाकिम आएछन् (*फुर्तिसाथ घुमेर*) म श्रेष्ठ मानिस वासुदेव राजाको सालो उजुर गर्न आएको छु- खास राजाको सालो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शोध०– (हडबडाएर) ओहो ! पैले नै राजाको सालो उजुर गर्न आउने। भैगो आर्य ! एकछिन पर्खनोस्। हाकिमलाई बिन्ती गर्छ (*नजिकमा गएर*) आर्य ! यी राजाका भित्रिनीपट्टिका साला उजुर गर्न यहाँ आएका छन्।

अधि०– कसरी ? पहिले नै राजाको सालो ! सूर्योदयमा नै ग्रहण लाग्यो भने महापुरुषको नाश हुन्छ भन्ने छ। शोधनक ! आज मुद्दा चर्किएलाजस्तो छ। भलादमी ! आज तिम्रो मुद्दा हेरिँदैन' भनी बाहिर गएर भनिदेऊ।

शोध०– जे आज्ञा गर्नुहुन्छ। (निस्केर शकारलाई भेटी) आर्य ! हाकिम भन्नुहुन्छ, आज जानुहोस् रे। तपाईको मुद्दा हेरिँदैन रे।

शकार– (रिसाएर) के मेरो मुद्दा हेरिँदैन ? यदि हेरिँदैन भने भिनाज्यु राजा पालक–बहिनीका लोग्नेलाई बिन्ती गरेर बहिनी अत्तिकालाई पनि भन्न लगाएर यो हाकिमलाई खोसी यहाँ अर्को हाकिम राखिदिन्छु। (*जान लाग्दछ*)।

शोध०– आर्य, राजाका साला, एकछिन् पर्खनोस्, म हाकिमलाई बिन्ती गर्छु। (*हाकिमको नजिकै गएर*) यो रिसाएको राजाको सालो भन्छ– (*राजाको सालोले भनेका कुरा दोहऱ्याउँछ।*)

अधि०- यो मूर्खले जे पनि गर्न सक्छ। भलाद्मी तेरो मुद्दा हेरिन्छ, आइज, भन।

शोध०– (*शकारको नजिकै गएर*) आर्य, हाकिम भन्नुहुन्छ,–आउनोस् रे, तपाईको मुद्दा हेरिन्छ रे। उसैले आर्य पस्नुहोस्।

शकार– पैले भने हेरिँदैन भनेर, फेरि ऐले भन्छन् हेरिन्छ भनेर, त्यसकारण हाकिमहरू डराएछन्। अब जे जे भन्छु, त्यो त्यो पत्यार पार्छ। भैगो पस्दछु। (पसेर नजिकमा गई) हामीलाई ज्यादै सुख छ। तपाईंहरूलाई चाहिँ सुख दिन्छु-दिन्न पनि।

अधि०– (मनमनै) ओहो ! वादीको पनि यस्तो दृढ संस्कार ! (सुन्ने गरेर) बस्नुहोस्।

शकार– यो आफ्नै जिमिन हो। त्यस कारण जहाँ मन पर्छ उहीँ बस्छु। (श्रेष्ठीतिर फर्केर) यी बस्छु। (शोधनकतिर फर्केर) यहीँ नै बस्छु। *(हाकिमको टाउकोमा हात राखेर)* यी बस्छु। (भुइँमा बस्छ)

अधि०– तपाईं उजुर गर्न आउनुभेको ?

शकार– हो।

अधि०– त्यसो भए भन्नुहोस्।

शकार– कानमा भनौँला। म त रक्सी हाल्ने घ्याम्पोजस्तो ठुलो कुलमा जन्मेको हुँ। राजाका ससुरा मेरा बाबु हुन्। राजा मेरा बाबुका ज्वाइँ हुन्। म राजाको सालो हुँ। राजा मेरी बहिनीका लोग्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

हुन् । सबै थाहा छ । कुलमात्र भएर के गर्नु ? यहाँ त शील पो मुख्य कारण छ । अब्बल खेतमा पनि कौडावाल रुखहरू खुब बढेका देखिन्छन् । त्यस कारण उजुर भन्नुहोस् ।

शकार– यस्तो भन्छु । कसुरदार नै भए पनि मलाई केही गर्न सक्तैन । ती जुवाइँ खुसी भएर खेल्न र रक्षा गर्न बगैँचाहरूमा बेस पुष्पकरण्डक पुरानो बगैँचा दिनुभएको थियो । त्यहाँ दिनहुँ हेर्न, सुकाउन, सफा गर्न, पोस्न, कराउन जान्छु । चानसले त्यहाँ आइमाईको लास देखेँ अथवा देखिनँ ।

अधि०– को आइमाई मरेकी हो, थाहा छ ?

शकार– हाकिमजी, सयौँ गहना लगाएकी ती सहरकी गहनालाई किन चिन्दैनथेँ ? कुनै कपूतले धनको निम्ति शून्य पुष्पकरण्डक बगैँचामा पसेर जबर्जस्तीसँग हातले अँचेटेर वसन्त सेनालाई मारिदिएछ । मैले होइन...(*बिचैमा मुख छोप्छ ।*)

अधि०– ओहो, पुलिसहरूको भूल ! ए श्रेष्ठी र कायस्थ ! मैले होइन भन्ने कुरा पहिले टिप ।

कायस्थ– जो आज्ञा गर्नुहुन्छ । (*लेखेर*) आर्य, लेखेँ ।

शकार– (मनमनै) हत्तेरी ! ज्यादै तातो खीर खाने हाकिमले झैँ आफैँ नाश गरेँ । भैगो, अब यसो । (*सुन्ने गरेर*) ओहो ! हाकिमजी, भन्दछु मैले नै देखेको भनेर । किन हल्ला मचाउनुहुन्छ ? (*खुट्टाले लेखेको मेटिदिन्छ*।)

अधि०– धनका निम्ति हातले अँठ्याएर मारेको हो भन्ने कसरी थाहा पाउनुभो ?

शकार– सुनिएको र रित्तो घाँटीले तथा गहना नभएका अङ्गहरूले अड्कल गरेँ ।

श्रेष्ठी र कायस्थ– ठिकैजस्तो छ ।

शकार– (मनमनै) भाग्यले बाँचेँ है ।

श्रेष्ठी र कायस्थ– अब मुद्दा कल्लाई लाग्ने ?

अधि०– यहाँ दुई किसिमको मुद्दा हुन्छ ।

श्रेष्ठी र कायस्थ– कस्तो ?

अधि०– वाक्यमुताविक र अर्थमुताबिक । वादी र प्रतिवादीलाई वाक्यमुताबिक र अर्थमुताबिकचाहिँ हाकिमको बुद्धिले टुङ्गो लगाउनुपर्ने ।

श्रे० र का०– त्यसो भए मुद्दाले वसन्तसेनाकी आमालाई छुन्छ ।

अधि०– त्यसै हो । भला शोधनक ! नसताईकन वसन्तसेनाकी आमालाई बोलाऊ ।

शोध०– हवस् (*निस्केर फेरि वसन्तसेनाकी आमासँग पसेर*) आउनुहोस्, आउनुहोस् आर्या !

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बुढी– मेरी छोरी जवानीको अनुभव गर्नाको लागि मित्रको घरमा गएकी थी। फेरि हाकिमले बोलाएका छन् भनी यो दीर्घायु भन्छ। त्यसैले जिल्ल परेकी छु। मेरो मन काँप्दछ। आर्य ! अड्डाको बाटो बताउनोस्।

शोध०– आउनुहोस्, आउनुहोस् आर्य ! (दुवै घुम्छन्) यो अड्डा हो। यहाँ पस्नुहोस्। (दुवै पस्छन्)।

बुढी– (नजिकै गए) हजुरलाई सुख होस्।

अधि०– भली स्वागत छ, बस्नुहोस्।

बुढी– हवस्। (बस्छे)।

शकार– (*हैंला गरेर*) आइस्, बुढी कुटिनी, आइस् !

अधि०– तपाईं के वसन्तसेनाकी आमा हो ?

बुढी– हो।

अधि०– ऐले वसन्तसेना कहाँ गइन् त ?

बूढी– मित्रको घरमा।

अधि०– तिनको मित्रको नाउँ के हो ?

बूढी– (मनमनै) धिक्कार ! धिक्कार !! यो ज्यादै लाजको कुरो ! (सुन्ने गरेर) यो कुरा दुनियाँलाई लुकाउने कुरा हो, हाकिमलाई होइन।

अधि०– केको लाज ? मुद्दाले तपाईंलाई सोधिरे'छ।

श्रे० र का०– मुद्दाले सोधिरे'छ, दोष छैन, भन्नोस्।

बुढी– कसरी ? मुद्दा ? यदि यसो हो भने मान्यवरहरू सुन्नोस्। उहाँ सार्थवाह विनयदत्तका नाति, सागरदत्तका छोरा असलमा नाउँ कमाएका आर्य चारुदत्त हुनुहुन्छ। श्रेष्ठी चत्वरमा बस्नुहुन्छ। त्यहाँ मेरी छोरी जवानीको सुख भोग्छिन्।

शकार– तपाईंहरूले सुन्नुभो ? यी अक्षर लेख्नुहोस्। चारुदत्तमाथि मेरो उजुर हो।

श्रे० र का०– चारुदत्त मित्र हुनु दोष हैन।

अधि०– यो मुद्दाले चारुदत्तलाई छोयो।

श्रे० र का०– त्यसै हो।

अधि०– धनदत्त, वसन्तसेना आर्य चारुदत्तको घरमा गएकी हो भन्ने पैलो कुरा लेख। कसरी आर्य चारुदत्तलाई हामीले बोलाउने ? अथवा मुद्दाले उनलाई बोलाउँछ। भला शोधनक, जाऊ। बिस्तारै, हडबड नगराईकन विह्वल नतुल्याएर मानका साथ आर्य चारुदत्तलाई भन, कुनै कुराले गर्दा हाकिम तपाईंको दर्शन गर्न इच्छा गर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बाण

संस्कृतमा गद्यको नयाँ युग ल्याउने बाण भट्ट हुन्। गद्यरूपी कसीमा घोटिँदा उनको सुनौला कविताशक्ति सर्वश्रेष्ठ ठहरिएको छ। यिनैको गद्यको आदर्श अगाडि राखेर सोड्ढलले 'उदयसुन्दरी कथा' र धनपालले 'तिलकमञ्जरी' लेखे। बाणका ग्रन्थहरूमध्ये चण्डीशतक स्रग्धरा छन्दमा लेखिएको भगवतीको स्तुति हो। यसमा ओजोगुण र योग्य पदविन्यासका साथसाथै भक्तिरसको प्रवाह बहेको छ। दोस्रो 'हर्षचरित' हो। यसमा महाराज हर्षवर्धनको चरित्र लेखिएको छ। यसमा लामोलामो समास भएको वाक्य छ। शब्दको चमत्कार छ, तर कवितात्मकता यसमा भन्दा कादम्बरीमा पाइन्छ। कादम्बरी यिनको ज्यादै उत्तम गद्य महाकाव्य हो। तर पूर्वार्ध सिध्याउनासाथ यिनी स्वर्गतिर गए, अनि उत्तरार्धचाहिँ उनका छोरा पुलिन्द भट्टले पूरा गरे। 'पार्वतीपरिणय' र 'मुकुट-ताडितक' नाटक पनि यिनैका हुन् भन्ने कसैको भनाइ छ। यिनका फुटकर राम्रा कविताहरू पनि प्रशस्त छन्।

बाणको समय सातौँ शताब्दी हो। हर्षवर्धनका सभाका महाकवि र विद्वान् यिनै हुन्। यिनका समकालीन विद्वान्हरूमध्ये मयूर, भट्टि, उद्योतकर प्रख्यात छन्। यिनले आफ्नो वंशावली हर्षचरित र कादम्बरीमा लेखेका छन्। यिनका पुरुखा शोणनदको प्रीतिकूट नाउँ भएको सहरमा बस्थे। यिनका बाबुको नाम चित्रभानु हो। तर बाबु र आमा चाँडै नै मुक्त भएकाले यी बाण टुहुरा भए। तैपनि सम्पत्ति प्रशस्त भएकोले यिनको विलासी जीवन बित्न थाल्यो, तर पढाइ पनि बढाउँदै लगे। पढिसिद्धिएपछि हर्षवर्धनले बोलाएको हुँदा यिनी राजाकहाँ गए। पछि राजाले उनको कदर गरे। यिनलाई लक्ष्मी र सरस्वती दुवैले अँगालेका थिए। मयूर कविकी छोरीसँग यिनको बिहे भयो।

बाणको काव्यशैलीमा पाञ्चाली रीति, सुन्दर पदविन्यास, सरसता, अर्थगाम्भीर्य, उपमा, श्लेष, रूपक, परिसङ्ख्या आदि अलङ्कारको वैचित्र्य, कल्पनाको उडान, रस र भावको प्रभुत्व, विषयसुहाउँदो भाषा, मौलिकता,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्राकृतिकता र प्रतिभाको चमत्कार पाइन्छ। कलात्मक चित्रणमा बाण अझ सफल छन्। कादम्बरीको पूर्वार्ध आदिदेखि अन्त्यसम्म राम्ररी अध्ययन गरेका खण्डमा बाण सफल कवि रहेछन् भन्ने छर्लङ्ग हुन्छ। कथानकको अद्भुतताले झन् खिच्दछ। राजनीति र प्रेमको अलौकिक भावना पनि यहाँ पाइन्छ। बाण कविले नै यसको समाप्ति गर्न पाएका भए अझ यसको महत्त्व र प्रतिभाको चमत्कार झल्कँदो होला।

शुकनासको उपदेश

(श्री बाण कविको कादम्बरी (गद्यकाव्य) बाट)

पढिसकेर आएपछि युवराजको पद पाउने वेलामा राजकुमार चन्द्रापीडलाई प्रधानमन्त्री शुकनास भन्छन्-

बाबु चन्द्रापीड !

सारा शास्त्र पढेर जान्नुपर्ने कुरा जानिसकेका तपाईलाई अलिकति पनि अर्ती दिनुपर्ने होइन, तर जवानीबाट पैदा भएको ज्यादै गाढा अँध्यारो घाम र जूनले हटाउन सक्दैन, जुहारातको चहकले हट्दैन, बत्तीले नाश हुँदैन। परिणामसम्म पनि शान्त नहुने धनको मद कडा हुन्छ। ऐश्वर्यको बादल परेका आँखा कुनै किसिमको गाजलले पनि निको हुँदैन, शेखीरूपी जरोको तातो चिसो उपचारले घट्दैन। विषयरूपी विष चाखेर भएको मूर्च्छा जडीबुटी र मन्त्रले छुट्दैन। तृष्णाले लागेको मैलोपन स्नान र सफाइले हट्दैन। राज्यसुखबाट परेको घोर निद्रा रातको अन्त्यमा पनि कहिल्यै खुल्दैन। उसैले लम्ब्याएर भन्छु। गर्भैदेखि सम्पन्न हुनु, चढ्दो जवानी हुनु, राम्रो अनुहार हुनु र शक्तिवाल हुनु ज्यादै अनर्थको ताँती हो। यिनमा एउटा मात्र पनि सारा कुचालको घर हुन्छ भने यदि जमात नै जुटे भने के होला ? जवानीको सुरुमा जतिसुकै शास्त्रले पखालेर चोख्याए तापनि बुद्धि धेरैजसो मलिन हुन्छ। दिशा छुट्याउन नसक्नाले झैं विषयको ज्यादै आसक्तिले कुबाटोमा हिँडाएर नाशिदिन्छ। हजुरहरूजस्ता नै अर्तीको भाँडो हुनुहुन्छ, स्फटिकमा जूनजस्तै निर्मल मनमा नै अर्ती सजिलैसँग घुस्न सक्छ। गुरुको निर्मल वचन पनि दुर्जनको कानमा पऱ्यो भने पानी पसेजस्तै सताउँछ, सज्जनलाई चाहिँ हात्तीलाई शङ्खको गहनाले झैं मुखको शोभा ज्यादै बढाउँछ। विषयको रसकों स्वाद नलिइसकेका हजुरलाई अर्तीको समय यही हो। कामदेवको वाणले थोत्रिएको हृदयमा त पानीजस्तै अर्ती पनि चुहिन्छ। दुर्जनलाई कुल र शास्त्र पनि नम्रताको कारण हुँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चन्दनको काठ जलेको आगोले के पोल्दैन र ? गुरुको उपदेश पुरुषहरूको सारा मल पखालिदिने विनाजलको स्नान हो, अझ विशेष गरेर राजाहरूको। राजाहरूलाई अर्ती दिने बहुतै कम हुन्छन्। मानिसहरू प्रतिध्वनिजस्तै बनेर राजाको वचनको पछि लाग्छन्। सेखीले कान थुनिएका राजाहरू अर्ती दिएको पनि सुन्दैनन्। सुने तापनि हात्तीले आँखा चिम्लिएझैँ गरेर हित उपदेश गर्ने गुरुलाई दिक्क गराउँछन्। राजलक्ष्मीले राज्यरूपी विषको विकारले लठ्ठ पारिदिन्छ।

कल्याण चाहने हजुरले पहिले लक्ष्मीलाई नै नजर होस्। यी लक्ष्मीले क्षीरसमुद्रबाट जन्मँदा पारिजातको पालुवाबाट राग, उच्चैश्रवा घोडाबाट चञ्चलता, कालकूटबाट लठ्याउने शक्ति, मदिराबाट मद, कौस्तुभमणिबाट ज्यादै निष्ठुरता साथमा लिएर आएकी छन्। लक्ष्मी पाए तापनि स्थिर गराउन ज्यादै दुःख छ, बलिया गुणका पासोले कसेता पनि फत्कन्छिन्, सेखीवाल हजारौँ सिपाहीहरूले चम्काइएको तरबाररूपी पिंजडामा थुनेता पनि उम्कन्छिन्, न चिनजानको वास्ता गर्छिन्, न कुल हेर्छिन्, न रूप हेर्छिन्, न स्वभाव हेर्छिन्, न शास्त्र सुन्छिन्, न धर्मको वास्ता राख्छिन्, न त्यागको कदर गर्छिन्। आकाशको सहरजस्तै हेर्दाहेर्दै नाश हुन्छिन्। चढेको मन्दराचल घुम्नाले भ्रान्तिले रिङटा लागेझैँ ऐले पनि घुमिरहन्छिन्। ज्यादै कोसिस साथ राखे तापनि मत्ता हात्तीको गण्डस्थलको मधुपानले मत्त भएझैँ धनीको घरबाट भाग्दछिन्। लहराले रुखलाई जस्तै गुन्डालाई अँगाल्छिन्। वर्षाऋतुको बिजुली चम्काइजस्तै छिनभर मात्र चहक गराउँछिन्। सरस्वतीले अँगालिएको मानिसलाई ईखले झैँ त्याग्दछिन्। काँडालाई जस्तै शूरोलाई छोड्दछिन्। उचाल्दै लगे पनि पछार्दछिन्। समुद्रबाट जन्मेकी भए पनि तृष्णा बढाउँछिन्। अमृतकी दिदी भए पनि पिरो परिणाम भएकी छन्। यी लक्ष्मी तृष्णारूपी विषको लहरालाई सपार्ने पानीको धारा हुन्, इन्द्रियरूपी मृगको व्याधाको गीत हुन्, कपटरूपी नाटकको प्रस्तावना हुन्। नचिनिएकी पनि यिनले नअँगालिएको अथवा नछकाइएको मानिस छैन।

चानसले यस्ती दुष्ट लक्ष्मीले समातिएका राजाहरू विह्वल हुन्छन्। राज्याभिषेकको समयमा नै मङ्गल-कलशको जलले तिनीहरूको सरलता र उदारता पखालिन्छ, होमको धुवाँले नै मन मलिन हुन्छ। चमरको हावाले झैँ सत्य वचन पर सारिन्छ। झन्डाले झै कीर्ति पन्छाइन्छ। लक्ष्मीका लागि विह्वल भएका मानिसहरू ग्रह बिग्रेका जस्तै हुन्छन्, भूत लागेजस्तै हुन्छन्, गँगटाजस्तै तेसै घुम्छन्, मर्नलागेका व्यक्तिले झैँ बान्धवलाई पनि चिन्दैनन्, लाहाका गहनाझै तेजस्वीलाई सहँदैनन्,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

टाढारहेका फललाई झैँ दण्डको प्रहारले ठुलो कुललाई पनि खसाल्छन्। मसानको आगोजस्तै डरलाग्दा हुन्छन्। घाँसको टुप्पामा रहेका शीतका थोपाजस्तै आफू खसिरहेको पनि पत्ता पाउँदैनन्।

अरू ता स्वार्थ सिद्ध गर्न खोज्ने, धनरूपी मासुका गिद्ध बनेका धूर्तहरूको 'जुवा खेलवाड हो, परस्त्री-गमन चलाकी हो, सिकार परिश्रम हो, रक्सी पिउनु विलास हो, आफ्नो स्त्रीलाई छोड्नु अम्मली नबन्नु हो, गुरुलाई हेँला गर्नु मालिकपन हो, नोकरलाई वशमा नराख्नु असल मालिक कहलाउनु हो, वेश्यामा लम्पट हुनु रसिकता हो, हेँला सहनु क्षमा हो, मनपरी गर्नु प्रभुत्व हो' इत्यादि-वाग्जालमा फँसेका छँदा दोषलाई पनि गुण ठानेर ठगिन्छन्, आफूलाई देवताको अवतार ठान्छन्। दुई हातभित्र घुसेका छन् भनी आफूलाई चतुर्वाहु सम्झन्छन्, आफ्नो तेस्रो आँखा निधारको छालाले छोपिएको ठान्छन् र ठट्टा गरिरहन्छन्, अनि नोकरले गरेको आफ्नो नकललाई तारिफ गर्छन्, फेरि हेर्नु पनि निगाहा सम्झन्छन्, बोल्नु पनि बकस दिएजत्तिकै ठान्छन्, मान्यजनलाई मान्दैनन्, फजुलको मिहिनेत गर्छन् भनी विद्वान्हरूलाई ठट्टा गर्छन्, बुढ्याइँको बकबक हो भनी अर्ती सुन्या नसुन्यै गर्छन्, भलो कुरा गर्नेसँग रिसाउँछन्। त्यसैसँग बसउठ गर्छन्, त्यसैको कुरा सुन्छन्, त्यसैलाई दाहिने हात बनाउँछन्, जो अरू काम छोडी रातदिन हात जोडेर फजुलको तारिफ गर्छ।

हे राजकुमार ! यसकारण गाढा मोहको खानी भएको यो प्रभुत्व र जवानीमा त्यस्तो काम गर्न कोसिस गर्नोस्, जसबाट मानिसले ठट्टा गरिनुहुन्न, निन्दा गरिनुहुन्न, धिक्कार गरिनुहुन्न, गुन्डाहरूले ठगिनुहुन्न। हुन त तपाईं आफै धीर हुनुहुन्छ, शिक्षा पनि खुब पाउनुभयो तैपनि तपाईंको सद्गुणले नै मलाई यसरी बोलाउन लगाएको हो। फेरि पनि म भन्छु, 'जस्तोसुकै विद्वान् र गुणीलाई पनि यो लक्ष्मीले उल्लू गराउँछे। तैपनि बुवाले बक्सन लागेको युवराज-पद शिरोपर गर्नुहोस्, कुलधर्म थाम्नुहोस्, शत्रुको शिर नुहाउनुहोस्, मित्रलाई उठाउनोस्, दिग्विजय गर्नुहोस्, प्रताप फिँजाउनुहोस्।

भेटघाट

(चन्द्रापीडलाई लिएर महाश्वेता कादम्बरीको श्रीमण्डपमा पुगेपछि)

कादम्बरीको मुखरूपी चन्द्रमाको शोभा देखेका चन्द्रापीडको हृदय समुद्रको जलजस्तै उर्लियो। उनको मनमा लाग्यो, 'मेरा बाँकी इन्द्रिय पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ब्रह्माले आँखा नै किन बनाइदिएनछन् ! अथवा यो आँखाले के त्यस्तो असल काम गरेछ, जो नछेकिईकन यिनलाई हेर्छ । ओहो ! सारा सौन्दर्यको खानी भएकी यी कादम्बरी ब्रह्माले पैदा गरेछन् । योविधि सौन्दर्यका परमाणु कहाँ पाए होलान् ! निश्चय नै यिनलाई बनाउँदा ब्रह्माजीका कडा हातले हुँदा यिनका आँखाबाट खसेका आँसुबाट यी कुमुद, कमल, रातो कमल र कल्हारहरू पैदा भएका होलान् ।' यस्तो विचार गर्दागर्दै कादम्बरीका आँखासँग यिनका आँखा जुधे । केयूरकले भनेका राजकुमार यिनै होलान् भन्ने विचार गर्ने कादम्बरीको आँखा पनि ज्यादै सौन्दर्य देखेर अचम्म परेका हुँदा एकटक लगाएर चन्द्रापीडलाई हेरिरहे । कादम्बरीलाई देख्नाले विह्वल भएका चन्द्रापीडचाहिँ पहाडजस्तै टक्क अडिए । चन्द्रापीडलाई देखेर पहिले कादम्बरीलाई रोमाञ्च भयो, त्यसपछि गहनाको आवाज आयो, अनि उनी उठिन् । पछि कामदेवले नै कादम्बरीलाई पसिना पैदा गराइदिए,तर हडबडसँग उठ्नाको परिश्रम बहाना भयो, तिघ्राको कम्पले नै गति रोक्यो, तर पाउजेबको आवाजले खिँचिएको हाँसको बथानले अपयश पायो । बढेको श्वासले नै लुगा हल्लायो, तर चामरको हावा निमित्त बन्यो । भित्र पसेका चन्द्रापीडको स्पर्शको लोभले नै हृदयमा हात पऱ्यो, तर त्यही नै स्तन छोप्ने बहाना भयो । आनन्दले नै आँसु खसाल्यो, तर हल्लिएको कानको गहनाको फूलको धुलो दोषी भयो । लाजले नै बोल्न दिएन, तर मुखरूपी कमलको बास्नाका लागि झुम्मिएका भमराको ताँती बोल्न रोक्ने ठहरियो । कामदेवको वाणको पहिलो प्रहारको वेदनाले सित्कार गरायो, तर फूलको थुप्रोको केतकीको काँडोको घोचाइ नै कारण बन्यो । कम्पले नै हात कमायो तर बिन्ती गर्न आएकी पुलिसनीलाई रोक्नु कारण बन्यो । त्यो वेला कादम्बरीको हृदयमा पस्ने कामदेवको प्रतिस्पर्धी जस्तै भएर उही कामदेव नै ती कादम्बरीका साथ चन्द्रापीडको हृदयमा पस्यो । यी चन्द्रापीडले पनि तिनका रत्नका गहनाको चहक पनि पर्दाजस्तो ठाने, गहनाको आवाज़ पनि कुराकानीजस्तो सम्झे, सारा इन्द्रियलाई खिच्नु पनि निगाह ठाने, शरीरको चहकको सम्पर्कलाई पनि सुरतको समागमको सुखकल्पना गरे ।

कादम्बरीले ता मुस्किलले झैं केही पाइला हिँडेर धेरै कालमा देखिएकी महाश्वेतालाई गाढा प्रेमका साथ अँगालो हालिन् । महाश्वेताले पनि खुब अँगालो हालेर उनलाई भनिन्– 'सखी कादम्बरी ! भारत वर्षमा धेरै असल घोडाहरूको खुरले खुंद्नाले चारै समुद्रमा छाप लगाएका, अनि दुनियाँको पीडा हटाइदिने तारापीड भन्ने राजा हुनुहुन्छ । उहाँकै छोरा यहाँ चन्द्रापीड हुनुहुन्छ, जसका बाहुलीरूपी खम्बामा थकाइमार्ने पृथ्वी नै चिह्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

देखिन्छ। दिग्विजय गर्दै-गर्दै यहाँ आइपुग्नुभयो। दर्शन पाएदेखि नै यहाँ स्वभावैले मेरा बिनाकारणका बन्धु हुनुभयो। सारा सङ्ग छोडेको मेरो चित्तवृत्तिलाई यहाँका अलौकिक र स्वभावैले सरल भएका गुणले खिँचिरहेछ। ज्यादै अनुकूल आचार भएका अनि बिना कारणका मित्र, र हृदयमा छलकपट नभएका चतुर मानिस दुर्लभ हुन्छन् भन्ने ठानी मजस्तै तपाई पनि ब्रह्माजीको सृष्टि गर्ने सिप, रूपको मित्रता, लक्ष्मीको योग्य ठाउँमा बस्ने आग्रह, असल मालिक पाउनाले भएको पृथ्वीको सुख, स्वर्गकोभन्दा मर्त्यलोकको वैशिष्टय, मानवीका आँखाको सफलता, सारा कलाको जमघट, सौभाग्यको ऐश्वर्य र मानिसहरूको सभ्यता जान्नुहुनेछ भनी जबरजस्तीसँग यहाँलाई ल्याएँ। सँगिनीलाई धेरै पटक मैले भने पनि। त्यसकारण अपूर्व दर्शन भए पनि लाज छोडेर, चिनजान नभएका हुन् तापनि अविश्वासलाई त्यागेर, स्वभाव थाहा नपाइएका भए पनि शङ्का छोडेर यहाँलाई मलाईजस्तै ठान्नू। यहाँ तपाईका मित्र, बान्धव र परिजन पनि हुनुहुन्छ।' यस्तो महाश्वेताले भनेपछि चन्द्रापीडले प्रणाम गरे। प्रणाम गर्ने भएका उनलाई तेसै हेर्ने भएकी कादम्बरीको स्नेहसाथ लामो आँखाको छेउसम्म जाने भएका नानीको थकाइको पसिनाझैँ हर्षाश्रु बग्यो। छिटो हिँडेको हृदयको धूलो-जस्तै सेतो मुसुक्क हँसाइको चहक फिँजियो। यी मन परेका मानिसलाई ढोग भनीकन शिरलाई भन्न झैँ एउटा आँखीभौँ केही उँचो भयो। औँलाको प्वालबाट निस्केको पन्नाको औँठीको चहकले गर्दा पानको बिँडा लिएको हो कि भनेजस्तो हात हाइ गर्न लागेको मुखतिर पुग्यो। चुहिएको पसिनाले पखालिँदा सौन्दर्यले निर्मल भएका यिनका अवयवहरूमा चन्द्रापीडको मूर्तिको प्रतिविम्ब परेका हुनाले घुम्ने कामदेवजस्तै देखियो अर्थात् मणिको पाउजेबको आवाज दिने अनि मणि छापिएको जिमिन कोर्ने बुढीऔँलाले निम्तिएजस्तै चरणको नङमा प्रतिविम्ब पऱ्यो। हेर्ने हडबडले दुगुरेको हृदयले गएर ल्याइएको झैँ स्तनको बिचमा देखिए। फुलेको कमलको मालाजस्तो लामो दृष्टिले पिइएकाझैँ गालामा देखिए। तेसै हेर्ने भएका सारा कन्याहरूको छेउसम्म पुग्ने आँखाका नानीहरू कानका कमलका भमराका साथ चन्द्रापीडतिर जानलागेझैँ घुम्न थाले।

कादम्बरी ता विलासका साथ प्रणाम गरेकी छँदी महाश्वेतासँग पलङमा गएर बसिन्। हडबडका साथ सुसारेले ल्याइएको पलङको टाउकोतिर राखिएको सेतो वस्त्र भएको सुनको खुट्टा भएको आसनमा चन्द्रापीड बसे। महाश्वेताले अनुरोध गरिएकी कादम्बरीको मनको आशय बुझेका, अनि ओठ जोरिएको मुखमा हात राख्नाले शब्द रोक्ने इशारा गरेका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पुलिसनीहरूले बाँसुरी र वीणाको आवाज, गीतको ध्वनि र जयजयकारलाई सबैतिरबाट रोके । हडबडाएका सुसारेहरूले ल्याएको पानीले महाश्वेताको पाउ धोएर अनि पछ्यौराले पुछेर कादम्बरी पलङ्गमा बसिन् । इच्छा नगर्ने भएका चन्द्रापीडको पाउ पनि कादम्बरीकी मन परेकी र विश्वासको पात्र भएकी सँगिनी मदलेखाले जबरजस्तीसँग धोइन् । कानको गहनाको चहक फिँजिएको कादम्बरीको काँधमा प्रेमका साथ हातले छुने भएकी, भमराको भर परेको कानको गहना हल्लाउने, अनि चमरको हावाले हल्लिएर छरिएका अलकलाई सम्याउने भएकी महाश्वेताले कादम्बरीलाई 'आराम छ' भनी सोधिन् । कादम्बरी ता दरबारमा बसेकोले अपराधिनीजस्तै भएकी छँदी अनि सँगिनीको दुःखमा पनि आरामसँग बसेकोले बडो मुस्किलका साथ 'सन्चो छ' भनिन् । ताँदो चढाएका भगवान् कामदेवले चन्द्रापीडलाई पीडा गराउन जबरजस्तीसँग लगिएको झैं नानी बराबर चलिरहेका आँखालाई शोकयुक्त भए पनि त्यो वेला महाश्वेताको मुख हेर्न तत्पर भए पनि कादम्बरीले हटाउन सकिनन् ।

त्यही वेला त्यही प्रतिविम्ब नजिकैकी सँगिनीको गालामा प्रतिविम्ब पर्नाले ईख, रोमाञ्चले गर्दा स्तनभागमा प्रतिविम्ब हराउनाले विरहको व्यथा, पसिनाले भिँजेको छातीमा परेको पुतली (स्वास्नीमानिसको आकृतिको पत्थर) को छायाले सौताको रिस, आँखा चिम्लनाले अभागीपनाको शोक, आनन्दको आँसुले छेकिनाले दुःखको अनुभव कादम्बरीले गरिन् । एक मुहूर्तपछि पान दिनलागेकी उनलाई महाश्वेताले भनिन्–'सखी कादम्बरी, भरखर पाल्नुभएका चन्द्रापीडलाई हामी सबैले सेवा गर्नुपर्छ भन्ने निश्चित नै छ । त्यस कारण उहाँलाई पहिले दिनुहोस् ।' यसो भनिएकी अनि अलि कोल्टे फर्केर नुहेकी कादम्बरीले महाश्वेतालाई बिस्तारै अलि नबुझिने गरी भनिन्–'प्रिय सखी ! चिनजान नभएकोले यो ढिट्याइँ गर्न मलाई लाज लाग्छ । उसैले लिनुहोस्, तपाई नै उनलाई दिनुहोस् ।'

बारम्बार तपाईले नै दिनुपर्छ भनी महाश्वेताले भनिएकी कादम्बरीले गाउँलेजस्तै भएर बल्लतल्ल पान दिन मन्जुर गरिन् । महाश्वेताको मुखबाट आँखा नतानीकन नै काँप्दै लामो-लामो सास फेर्ने भएकी, आफ्नो बाणको प्रहारले मूर्च्छा परेकी झैं ठानेर कामदेवले पसिनाले नुहाइदिएकी जस्ती, पसिनाको प्रवाहमा डुब्ने डरले हातको आड खोजेकी जस्ती, लाजको अधीनमा पर्नाले लड्छु कि भनेर आड लिन कोसिस गरेझैं पान लिएको हात फैलाइन् । चन्द्रापीड ता जितबाजीको हात्तीको गण्डस्थलमा उत्साह दिनलाई छुनाले सिन्दूर लागेजस्तै स्वभावैले रातो, कपालमा समातेर तान्नाले रोएकी शत्रु लक्ष्मीको आँखा छुनाले लागेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गाजलको थोपाजस्तै, धनुको ताँदो तान्नाले कालो खत भएको नङको चहक फिँजिएकोले खुब वेगका साथ दगुरेका हुन् कि भनेजस्ता, बढेका हुन् कि भनेजस्ता, हाँसेका हुन् कि भनेजस्ता औंलाले युक्त भएको, छुने लोभले त्यो वेला उपस्थित भएका रागसहित अर्का पाँच इन्द्रियका वृत्ति हुन् कि भनेजस्ता औंला भएको हात पसारे। त्यहाँ ती कादम्बरी त्यो वेला सजिलैसँग पाइने विलास हेर्ने चाख भएका सबै रसले आश्रय गरिएकी, त्यो लक्ष्यशून्य भएझैं हात पसार्नाले चन्द्रापीडको हात खोज्नलाई झैं अगाडि बढेको नङको चहकको जमात बढेको, काम्नाले हल्लिएका बालाका ताँतीको आवाजले बोलचाल गर्नेझैं हातले पसिना चुहाएर 'कामदेवले दिएकी यो दासीलाई लिनुहोस्' भनेर आफैलाई सुम्पने भएकी झैं 'आजदेखि तपाईको हातमा जीवन सुम्पिएँ' भनेझै गरी पान दिइन्।

तर हातरूपी पालुवा खिँच्दा छुने चाहनाले आएको, कामदेवको बाणले बिचमा बेधिएको हृदय हो कि भनेजस्तो जुहारातको बाला खसेको थाहा पाइनन्। अनि अर्को पानको बिँडा लिएर महाश्वेतालाई दिइन्।

चिता-प्रवेश

(श्रीबाण कविको हर्षचरितबाट। बहिनी राज्यलक्ष्मी विन्ध्याचलमा हराएको खबर आएपछि दाज्यू हर्ष खोज्न जाँदा बौद्ध भिक्षुसँग भेट भएपछि)।

बहिनीको शङ्का गरेका राजा सहोदरताको मायाले मित्र पग्लिएई दुःखले छिया-छिया हृदय भएका हुँदा धुकधुक्क गर्दै गहभरी वह पारेर बोले–'पराशरी, यस्ती आइमाई कति टाढा छन् अनि के ऐलेसम्म बाँचेकी होलिन्? तिमी को हौ, कसकी हौ, कहाँबाट यो वनमा किन आयौ, अनि किन आगोमा पस्न आँटेकी हौ इत्यादि कुरा के तपाईले सोध्नुभयो? कसरी तपाईले देख्नुभयो अनि तिनको अनुहार कस्तो छ? सबै कुरा भन्नुहोस्।'

राजाले त्यस्तो भनिएका भिक्षुले भने– 'भाग्यमानी! सुन्नुहोस्, म बिहान नै आचार्यको दर्शन गरेर यही नदीको किनारै किनार निकै टाढा गएँ। छहराको नजिकै एउटा लहराको झाँगमा हिउँ परेर नाश भएका कमल देखी कराएका भमरीको आवाजजस्तो, स्वर चढाउन र बढाउन गरिएको वीणाको झङ्कारजस्तो, धैर्य गर्न नसकिने र ज्यादै मायालाग्दो आइमाईको रुवाइ सुनें, दया लाग्यो र त्यो ठाउँमा गएँ पनि। ढुङ्गा लागेर टुक्रिएको औंलाबाट रगतको धारा लगाउने, पैतलामा बिझेको बाणको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

टुक्राको व्यथाले आँखा खुम्च्याएको, बाटोको थकाइले पाउ सुनिएर निश्चल भएको, टुसोको घाउले चोट लागेको गोलीगाँठोमा भुजपात बाँधेको, वातको रोगले खोच्याएभैँ ज्वर आएको, धूलोले फुस्रो भएको, खजुरको जटाले घुँडा छिया छिया भएको, शतावरीले तिघ्रा र बिदारीले मिहीन रेशमी वस्त्र च्यातिएको, उत्कट बाँसको भाङ्को काँडाको टुप्पाले चोलो प्वाल पारिएको, लोभले फल टिप्न लाग्दा बयरका भाँगका काँडाले सुकुमारीका हात कोरिएको, पान खान छुट्नाले विरस भएको, मुखले कमलो अमला चपाइरहेको, कुश र फूलको चोटले राता र सुनिएका आँखामा मनःशिलाको लेप लगाएको, काँडावाल लहराले अलक चुँडालिएका कसैले पालुवालाई छाता बनाएका, कुनै केराको पातको पङ्खा हम्किरहेका, कसैले कमलको पातमा पानी ल्याएका, कसैले कमलको डाँठलाई सामल तुल्याएका, कोही लाटा, कुँजा, वामन्ने बहिराहरू, वरिपरि भएका आइमाईहरूले घेरिएकी, आपत्कालमा पनि सौन्दर्यले नछोडएिकी, कडा कुशको अङ्कुरले खोस्राएको घाउबाट चुहिने रगतले गर्दा माउर लगाएर रातो पाउ भएकी हुन् कि भनेजस्ती, अरू आइमाईले डाँठमाथि पारेर लिइएको कमलको पातले छाया पारे तापनि निध्याउरो मुख भएकी, शून्यताले गर्दा आकाशलाई पनि जितेकी, निश्चेष्ट हुनाले माटोको मूर्तिजस्ती, सुइ-सुइ गरेर लामो सास लिनाले हावाजस्ती, विछट्ट पिरले गर्दा आगोजस्ती, आँसु चुहिनाले पानीजस्ती, निराधार हुनाले आकाशजस्ती, आकुल हुनाले बिजुलीजस्ती, ज्यादै विलौना गरेकी हुनाले लुगा, जुहारात, फूल र सुनका गहना छरेकी, घोर जङ्गलमा खसेकी कल्पलता हुन् कि भनेजस्ती, शिवजीको शिरबाट खस्नाले अङ्ग छिया-छिया भएर पृथ्वीमा खसेकी गङ्गाजस्ती, जङ्गली फूलको धूलोले पाउ फुस्रो भएकी, बिहानीपखको चन्द्रमाजस्तै अर्को लोकको इच्छा गर्ने, सहिनसक्नु घामको रापले वैलाएकी कुमुदिनीजस्तै दुःखले दिन बिताउने, धाईको काखमा र ठुलो दुःखमा परेकी, पतिको र सुखको टाढा भएकी, सँगिनी र रिस साथमा भएकी, चिन्तामा डुबेकी, आशा छुडेकी, दुब्लो शरीर भएकी तर मोटो श्वास भएकी, दुःखले भरिएकी सत्व नभएकी, दुःखको घर पिरको आधार, करुणाकी मुहानजस्ती आइमाईलाई देखें, अनि यस्तो आकृतिलाई पनि यस्तो पिर पर्दो रहेछ भनी जिल्ल परें । म नजिक पुगेपछि चाहिँ त्यो हालतकी पनि तिनले मानका साथ शिर नुहाएर मलाई ढोगिन् । ज्यादै दयाले प्रेरणा गरिएको मैले चाहिँ 'यिनलाई के भनेर बोलाऊँ भन्ने विचार गरें । नानी ! भनूँ भने ज्यादै माया, आमा भन्दा चेपारे, बहिनी भन्दा आत्म-सम्भावना, देवी भन्दा परिजनको कुरा, राजकुमारीभन्दा अस्पष्टता, उपासिकाभन्दा इच्छा, मालिक्नीभन्दा नोकरको भाव,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पुण्यवतीभन्दा उल्टो फल, तपाईभन्दा साधारणपन, को हौ भन्दा अकुलीनता, किन रुन्छ्यौ भन्दा दुःखको सम्झना, शोकको कारण नहटाईकन 'नरोऊ' कसरी भन्नु, इत्यादि कुरा मैले विचार गर्दागर्दै तिनीहरूमध्ये एउटी आइमाई उठेर तिलचामले शिरले ढोगेर हृदयका सन्ताप सूचना गर्ने आँसुका थोपाले पाउ पोल्दै मायालाग्दो अक्षरले मलाई भनिन्– 'भगवान् सन्यासीहरू धेरैजसो सबै प्राणीहरूमाथि दया गर्छन्। बौद्धहरू शरण परेकाको दुःख हटाउनामा सिपालु हुन्छन्, भगवान् शाक्यमुनिको शासन करुणाको कुलघर हो। सारा दुनियाँको उपकारमा तयार हुने सज्जनता यिनको हो। परलोक सपार्नु, मुनिहरूको धर्म हो। प्राण बचाइदिनुभन्दा ठुलो पुण्य जगत्मा छैन। स्वभावैले युवतीहरू दयाका पात्र हुन्छन् भने आपत्तिमा परेकाको झन् के कुरा ! यी हाम्री मालिक्नी बाबु मर्नाले, पति नहुनाले, दाज्यू परदेशमा हुनाले, अरू बान्धवहरूको पनि नाश हुनाले र आफ्नो सन्तान पनि नहुनाले निराधार हुनुहुन्छ। अधम शत्रुले गरेको हैँलाले र यो जङ्गलको भ्रमणले तथा दुष्ट दैवले पारेका यस्ता धेरै किसिमका दुःखले गर्दा सुकुमारीपन हराएकी यहाँको हृदय ज्यादै विह्वल छ। सपनामा समेत कहिले नपरेको कडा दुःख सहन नसक्ने भएकी यहाँले गुरुजनलाई नगनेर, फुल्याउने सँगिनीहरूको वास्ता नराखेर अर्को शरण नभएकोले गहभरी बह पारेको नोकरहरूलाई हैँला गरेर आगोमा पस्न लाग्नु भइरहेछ। बचाउनुहोस्, तपाई पनि असह्य शोकलाई हटाउन सिपालु भएको अर्ती यहाँलाई दिनुहोस्, इत्यादि कुरा ज्यादै मायालाग्दो गरेर भन्ने तिनलाई उठाएर दिक्दार भएको मैले बिस्तारै भने–'आर्य ! जसो भन्नुहुन्छ, तर चोखो आशय भएकी यहाँको शोक हामीजस्ताले हटाउन सकिन्न। यदि एक मुहूर्त मात्र उहाँलाई बचाउन सकिन्छ भने यो प्रार्थना व्यर्थ हुने छैन। अर्का भगवान् बुद्ध जस्तै मेरा गुरु नजिक हुनुहुन्छ। ज्यादै दयालु भएको उहाँ मैले यो वृत्तान्त बताउनासाथ आउनुहुनेछ। दुःखरूपी अन्धकारको जमान फोर्ने भएका बुद्धका वाणीले र नाना किसिमका आगमले गहकिला भएका आफ्ना दार्शनिक वचनका कुशलताले असल स्वभाव भएकी यहाँलाई सम्झाई-बुझाई गरिदिनुहुने छ।' त्यो सुनेर 'त्यसो भए छिटो गर्नुहोस्' भन्ने भएकी तिनी फेरि पनि मेरो पाउमा परिन्। मचाहिँ छिटो-छिटो यहाँ आएर शरण नपाएका धेरै आइमाईको मरण हुन लागेकोले धैर्य हराइदिने मायालाग्दो खबर गुरुलाई बिन्ती गरेँ।

बौद्ध भिक्षुको आँसु मिसिएको वचन सुनेर बहिनीको नाम नसुने तापनि सबै कुरा मिल्ने अवस्थाले नै शङ्का हटाई डढेजस्तै भएका राजाले बौद्ध आचार्यलाई भने- 'आर्य ! निश्चय नै तिनी कडा हृदय भएको, म

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभागीकै बहिनी हुन्। शत्रुहरूले र आफ्नो भाग्यले गर्दा यो अवस्थामा प्राप्त भएकी बहिनीको हालत सुनेर छिया-छिया हृदय भएको मेरो हृदयले बिन्ती गर्छ भनी आचार्यलाई भनेर ती सन्देश ल्याउने भिक्षुलाई पनि भने,– "आर्य ! उठ्नुहोस्, ती कहाँ छन्, देखाउनुहोस्। यदि बाँचेकी रहिछन् भने प्राण बचाएर पुण्य कमाउनाको लागि हिंडिहालौं।" यस्तो सारा चेलाहरूले पछि लागिएका आचार्य र ओर्लिएर घोडा डोऱ्याउने सारा सामन्तले पछि लागिएका, अगुवा बनेका उनै भिक्षुले बाटो देखाइएका राजा पनि छिटो-छिटो त्यो ठाउँमा पुगे। क्रमैसँग लहरा र रुखले छेकिएको, मर्नै आँटेका आइमाईहरूको किसिम-किसिमको विलौना सुने,–"भगवान् धर्म, चाँडो दौडनुहोस्। कुलदेवता, कहाँ हुनुहुन्छ ? देवी पृथ्वी, के दुःखी छोरीलाई धैर्य गराउँदिनौ ? बुद्ध, के भक्तजन यसरी पिरिँदा पनि सुनिरहनुहुन्छ ? ए आपत्तिका बान्धव विन्ध्याचल, यो हात-जोडाइ व्यर्थ भयो। ए सूर्य, खुसी होऊ, शरण नभएकी पतिव्रतालाई बचाऊ। ए भाइ ! हावा, तिम्रो दासी बन्छु, दुःखीजनको पीडा हर्ने महाराज हर्षलाई यी बहिनी जल्नलागेको खबर चाँडै पुऱ्याऊ। एकान्त वनमा कोसँग कराऊँ, कल्लाइ भनूँ, कसको शरणमा जाऊँ, कुन दिशातिर लागूँ ? ए कमलकी डाँठजस्ती भएकी मालावती, वैलायौ ? ए आमै मातङ्गिका, के तिमीले मृत्युलाई अँगाल्न आँट्यौ ? केतकी, यस्ती असल मालिक्नी सपनामा पनि कहाँ पाऔँला ? मेनका, ज्यान जलाइदिने भएका अग्निले अर्को जन्ममा पनि यिनै राजकुमारीको नोकरी दिलाऊन्। ए कामदासी, अग्निलाई घुम्ने अवकाश देऊ। ए कुररिका, कुरवकको कोपिलाले छाइएको चिता बनाऊ। ए भली सुभद्रा, तिम्रो परलोकको गमन भलो होस्। राजपुत्री, पानबुट्टे पत्रलता हजुरको पाउमा पर्छे। ए माधविका, के अझ पनि मलाई धीर बनाउन खोज्छ्यौ ? ए कुमुदिका, अग्निको पूजा गर्ने फूलहरू ल्याऊ। रोहिणी, चितामा चढ्न मलाई हातको आड देऊ। धाइआमा, धैर्य गर, पापीको कर्मका फल यस्तै किसिमका हुन्छन्। वामनिका, मेरो बायाँ आँखा फर्फरायो। ए साथी काग, पुण्य सिद्धिएकी मेरो अगाडि रुखमा बसेर छिनछिनमा व्यर्थै हट्तछौ। ए कुरङ्गिका, कसले हाम्रा आर्यको नाम लिएको हो ? देवी, भाग्यले गर्दा महाराज हर्षको सवारीको उत्सवले हजुरको वृद्धि हुन्छ" इत्यादि कुरा सुनेर राजा हर्ष हडबडीसाथ नजिकमा गए, आगोमा पस्नै आँटेकी राज्यश्रीलाई देखे, अनि मूर्च्छाले आँखा चिम्लिएकी उनको निधारमा हात राखे पनि।

त्यसपछि प्यारा दाज्यूको नारीमा बाँधिएका ओखतीको बचाउनसक्ने रस चुहाउनेजस्तो, बालाको मणिको गजबको प्रभाव

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

देखाउनेजस्तो, नङरूपी चन्द्रमाको किरणबाट अमृत बहाउँछ कि भनेजस्तो, चन्द्रमाको उदय हुँदा पानीको थोपा रसाएको चन्द्रकान्तको चूडामणि शिरमा बाँधेजस्तो, ज्यादै चिसा कमलका डाँठसरिका औँलाले डढेको बहिनीको हृदयलाई शान्त पारिदिन्छ कि जस्तो, कतैबाट जीवन फर्काइदिनेजस्तो आनन्द दिने दाज्यूको हातको छुवाइले राज्यश्री एक्कासि ब्यूँझिइन् । सपना देखेझैँ मनले निचताएको दाज्यूको एक्कासि आगमन र दर्शनले दुःखको भारी दबाएकी राज्यश्रीले दाज्यूलाई अँगालो हालेर खोलाका मुहानजस्ता दुई आँखाबाट आँसुको ठुलो प्रवाह बगाउँदै ' हा बुवा, हा मुमा, हा सँगिनी हो !' भन्न थालिन् । बारम्बार उठेको बहिनीको मायाले रिस दबाएर ठुलो स्वरले रोएर 'नानी, तिमी स्थिर होऊ' भनी हातले मुख छोपेर दाज्यूले फुल्याइएकी भए पनि, कल्याणिनी, दाज्यूको वचन मान भनी आचार्यले अर्थ्याइएकी भए पनि, 'देवी ! महाराजको अवस्था के नजर हुन्न ? ज्यादा नरुनुहोस्' भनी अरू राजाले प्रार्थना गरे तापनि, 'मालिक्नी, दाज्यूलाई नजर होस्' भनी सुसारेहरूले बिन्ती गरिए तापनि, 'थकाइ मारेर बरु रुनू' भनी बूढीहरूले रोकिए तापनि, 'सखी, कति रुनु ? चूप लागिबक्स्योस् । महाराज ज्यादै पिरिइबक्सेको छ' भनी सँगिनीहरूले फुल्याइए तापनि धेरै कालदेखि भोगिएको अनेक सहिनसक्नु दुःखहरूले गर्दा धुकधुक्क गर्ने भएकी, शत्रुदेखिको ठुलो रिसको भारले अन्तःकरण भरिएकी राज्यश्री मायालाग्दी अवाजकके केही बेरसम्म खुब रोइन् । रिसको वेग हटेपछि आगोको नजिकैबाट दाज्यूले समातेर लगिएकी राज्यश्री नजिकैको रुखमुनि बसिन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दण्डी

महाकवि दण्डीको विषयमा लेखिएको एउटा श्लोक संस्कृतमा पाइन्छ–

"जाते जगति वाल्मीकौ कविरित्यभिधाऽभवत् ।
कवी इति ततो व्यासे कवयस्त्वयि दण्डिनि ॥"

अर्थात् जगत्मा वाल्मीकि जन्मँदा एक कवि भए, व्यास जन्मेपछि दुई कवि भए। दण्डी जन्मेपछि कवि शब्दको बहुवचनको प्रयोग हुन थाल्यो। अर्थात् दण्डी तेस्रा कवि यताबाट वाल्मीकि र व्यासजस्तै दण्डी कवि हुन् भन्ने देखिए तापनि यो प्रशंसात्मक वाक्यजस्तो देखिन्छ। **'दण्डिनः पदलालित्यम्'**– अर्थात् दण्डीको पदलालित्य छ भन्ने उक्तिचाहिँ ज्यादै सार्थक छ।

'त्रयो दण्डिप्रबन्धाश्च त्रिषु लोकेषु विश्रुताः'– यो राजशेखरको भनाइबाट दण्डीका तीन ग्रन्थ प्रख्यात् रहेछन् भन्ने देखिन्छ। अब प्रश्न उठ्छ,– ती तीन कुन-कुन हुन् ? 'अवन्ती सुन्दरीकथा' पाइनाले यो प्रश्न झन् विकट हुन गएको छ। 'काव्यादर्श' चाहिँ दण्डीकै हो भन्ने कुरामा निश्चय छ। तेस्रो 'दशकुमारचरित' हो। तर यसको पूर्वार्धमा केही अश्लील वर्णन र 'काव्यादर्श'मा नै बताइएका दोष पाइएकाले उत्तरार्ध- मात्र दण्डीको हो भनी चिपलूणकर, विल्सन र लक्ष्मणरावहरू भन्छन्। उत्तरार्धमात्र पाइँदा कुनै विद्वान्ले पूर्वार्ध बनाई जोडिदिए कि भन्ने अनुमान गर्न सकिन्छ। जसरी बाणका छोराले कादम्बरीको उत्तरार्ध पूरा गरेका थिए। तर अश्लील हुँदैमा दण्डीले बनाएको होइन भन्दा कुमारसम्भवको आठौँ सर्ग र नैषधको अठारौँ सर्ग पनि कालिदास र श्रीहर्षले लेखेको होइन भनी कसैले कुतर्क गर्न पनि सम्भव छ। शृङ्गाररसको उद्रेकमा कस्तो-कस्तो उद्गार निस्कन्छ, को भन्नसक्ने ?

दण्डीको रचना-शैली बाणको जस्तै आल्हादक र ओजस्वी पनि छ, सुन्दर छ, कहीँ-कहीँ अर्थकाठिन्य भएको देखिन्छ, पदको लालित्यले पूर्ण छ। यिनको गद्यमा सुबन्धुको जस्तै हरेक अक्षरमा श्लेष पाइन्न, न त बाणको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गद्यमा जस्तै बिलकुल लामो समास पाइन्छ। बरु व्यावहारिक गद्यको नमुना यिनमा पाइएला। वाक्य प्रायः साना-साना छन्।

'दशकुमार' मा कथाको वैचित्र्य छ, मनोरञ्जकता छ, कलात्मकता छ। दसै कुमारको अद्‌भुत चरित्रको वर्णन छ। औपन्यासिकता छ। यसलाई गद्य-महाकाव्य भन्दा अत्युक्ति होओइन। 'दशकुमार' पढेपछि दण्डीको प्रतिभा अपरिमित रहेछ भन्ने झल्कन्छ।

दण्डीको समयको बारेमा मतभेद छ। तर अवन्तीसुन्दरी-कथाको छन्दोबद्ध भूमिकामा लेखिएको सुबन्धु, गुणाढ्य शूद्रक, भास, कालिदासहरूका बयानपछि बाण र मयूर कविको बयान पनि देखिन्छ। यसबाट सातौँ शताब्दीका बाणभन्दा पछिका यी दण्डी हुन् भन्ने निश्चय छ। सके सातौँ शताब्दीको अन्त्यमा जन्म भई आठौँ शताब्दीको सुरुमा गद्यकविको रूपमा र लक्षण ग्रन्थकारको रूपमा यिनी प्रकट भएका होलान्। काव्यादर्शमा एउटा श्लोक छ :

अरत्नालोकसंहार्यमवार्य सूर्यरश्मिभिः।
दृष्टिरोधकरं यूनां यौवनप्रभवं तमः॥

यस्तै अरू श्लोक पनि छन्, जसमा कादम्बरीको शुकनासको उपदेशको प्रभाव देखिन्छ। उसैले बाणपछिका हुन् भन्ने निश्चय छ।

कसैले दण्डीलाई भारवि कविका पनाति भनेका छन्। भारविका चार छोरामध्ये माहिलाका छोरा वीरदत्तबाट यिनको जन्म भएको रे तर यिनी जन्मनासाथ बाबु आमा मुक्त भएछन्। त्यस विषयको प्रमाणरूप श्लोक यही हो :

कुमारं दण्डिनामानं व्यक्तशक्तिमजीजनत्।
सबालएव मात्रा च पित्राचापि व्ययुज्यत॥

दम्पतिको भेट

(दण्डी कविको 'दशकुमारचरित' बाट)

(राजवाहनको सन्देश लिएर बालचन्द्रिका अवन्तीसुन्दरीकहाँ गए पछिको कुरा)।

जहाँ प्राणप्यारी अवन्तीसुन्दरीलाई देख्ने सुख पाएका थिए त्यहीँ बगैँचामा मन बहलाउनाको लागि राजवाहन पनि पुष्पोद्‌भवका साथमा गए। त्यहाँ च्याखुराजस्ता आँखा भएकी अवन्तीसुन्दरीले पालुवा र फूल टिपिएका रुखहरू र उनले कामदेवको आराधना गर्ने स्थान र उनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पाइलाको छाप लागेको ठण्डा बालुवा भएको तीर र उनले सुतेर छोडिएको माधवी-लहराको मण्डपभित्र रहेको पालुवाको शय्या पनि हेर्दै, उनलाई देखेको वेलामा भएको भावना सम्झँदै, मन्द हावाले हल्लाइएका कामाग्निका शिखाजस्ता आँपका पालुवालाई वाल्ल परेर हेर्दै, कामदेवका दूतजस्ता कोइली, सुगा र भमराका आवाज सुन्दै कामदेवका विकारले कहीँ पनि बस्न नसक्ने भएका राजवाहन घुम्न थाले ।

त्यही वेलामा रङ्गीचङ्गी मसिनो कपडा लगाएको मणिको कुण्डल झल्काएको, छरितो भेषले राम्रो देखिएको एउटा बाहुन अर्को कपाल खप्रिएको मानिसका साथमा आए र ज्यादै तेजिला राजवाहनलाई आसिक दिए। 'तपाई को हुनुहुन्छ, कुन विद्यामा निपुण हुनुहुन्छ ?' भनेर राजवाहनले पनि कदरका साथ उनलाई सोधे। 'चटकी (इन्द्रजाली) विद्यामा सिपालु, विद्येश्वर नाउँ भएको म धेरै देशमा घुम्दै राजाको मन बहलाउनाको लागि आज उज्जैनमा आइपुगेको छु'-भनी उनले भने। राजवाहनलाई राम्ररी निहारेर मुसुक्क हाँसी फेरि उनले भने-'यस्तो विलासको ठाउँमा उदास हुनाको कारण के ?' आफ्नो काम गरिदिने- जस्तो अड्कल गरेर आदरका साथ पुष्पोद्भवले भने-'सज्जनसँगको मितेरी कुराकानीबाट नै हुने हुनाले मिठो बोल्ने तपाई हाम्रो प्यारो साथी हुनुभयो। साथीलाई भन्न नहुने कुरा केही छैन। यही बगैंचामा वसन्तको उत्सवका लागि आएकी मालव देशका राजाकी छोरी अवन्ती- सुन्दरीसँग राजकुमारको दैवसंयोगले भेट भयो र आपसमा ज्यादै प्रेम हुन गयो। सधैं भेट भइरहने उपाय नभएकोले राजकुमारको यो अवस्था भएको हो।' लाजले राम्रो देखिएको राजकुमारको मुख हेरेर मुसुक्क हाँस्दै विद्येश्वरले भने– 'राजकुमार, तपाईको पछि लाग्ने म छँदाछँदै तपाईको हुन नसक्ने काम के छ र ? इन्द्रजाल गरेर मालव देशको राजालाई मोह पार्दै सहरियाको सामुन्ने राजकुमारीको बिहे गराई कन्याको अन्तःपुरमा तपाईलाई पुऱ्याइदिन्छु भन्ने कुरा राजकुमारीलाई सँगिनीद्वारा पैले नै खबर पठाउनुहोस् ।' बिनाकारण मित्र बनेका, चटकी विद्यामा सिपालु छु भन्ने प्रकट गरिसकेका, विरह, बनावटी प्रेम र हृदयको साँच्चीको प्रेमको मर्म बुझ्ने ती विद्येश्वरलाई पनि खुसी भएका राजवाहनले खुब सन्मानका साथ बिदा दिए ।

विद्येश्वरको चटकी-विद्याले आफ्नो इच्छा सफल भएजस्तै ठान्ने भएका राजवाहन पनि पुष्पोद्भव सँगसँगै डेरामा पुगेर आदरका साथ विद्येश्वर बाहुनले गरिन लागेको भेट हुने उपाय बालचन्द्रिकाद्वारा प्यारी अवन्ती सुन्दरीलाई भनिपठाए, अनि ज्यादै चाख मानेका छँदा 'कसरी यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रात बिताऊँ' भनी तुलबुलाए। भोलिपल्ट बिहान रस, भाव, र रीतिमा निपुण भएका विद्येश्वर पनि सारा आफ्ना मानिसहरूका साथ राजदरबारको ढोकामा पुगेर खबर पठाए। चटकी आएका छन् भनी ढोकेले भनेपछि चटक हेर्न चाख मान्ने रानीहरूका साथ राजाले बोलाइएका विद्येश्वरले पनि चोकमा पसेर नम्र भई राजालाई आसिक दिए। राजाको आज्ञा पाएपछि बाजा बज्न लागेमा, कोइलीको जस्तो सुरिलो स्वर भएका गायकीहरू गाउन लागेमा, दर्शकहरूको मन बहलाइदिने मुजुरका प्वाँख मण्डलाकार पारेर घुमाउँदै विद्येश्वर पनि एकछिन आँखा चिम्लेर बसे। त्यसपछि कडा विष वमन गर्ने, फणां उठाएका रत्नका ताँतीले दरबार उज्यालो पार्ने सर्पहरू डर गराउँदै निस्किए। धेरै गिद्धहरू पनि चुच्चोले सर्पहरूलाई समातेर आकाशमा उडे। अनि नृसिंहले दैत्यका राजा हिरण्यकशिपुलाई मारेको अभिनय देखाएर ज्यादै छक्क पारेका राजालाई विद्येश्वरले भने– 'महाराज, अन्त्यमा तपाईले कुनै शुभ सगुन हेर्ने लायक छ। त्यसै कारण कल्याणका लागि तरुणी हजुरकी छोरीको कुनै बत्तिस लच्छिन भएका राजकुमारसँग बिहे गराउँछु।' त्यो हेर्न चाख मानेका राजाबाट आज्ञा पाएका, चिताएको कुरा पुग्नाले दङ्ग परेका ती विद्येश्वरले सारालाई मोह पार्ने गाजल आँखामा लगाएर चारैतिर हेरे। चटक नै हो भन्ठानेर अचम्म मानी सबैले हेर्दाहेर्दै प्रेमको पालुवा हृदयमा भएका राजवाहनका साथमा पैलेको इसाराले आएकी गहनै गहना लगाएकी अवन्ती सुन्दरीलाई तन्त्र र मन्त्रले अग्नि साक्षी राखेर बिहे गराइदिए। बिहे सिद्धिएपछि सबै इन्द्रजालका मानिसहरू जानोस् भन्ने विद्येश्वरको वचन सुनेर सबै इन्द्रजालका मानिसहरू अलप भए। राजवाहनचाहिँ पैले बताइएको गुप्ती चलाकीबाट इन्द्रजालका मानिसजस्तै भई राजकुमारीको खोपीमा पसे। अचम्म मानेका मालबका राजाले पनि ती इन्द्रजालीलाई धेरै धन दिएर बिदा गरी आफ्नो खोपीतिर गए। त्यसपछि अवन्ती सुन्दरी मनपरेका सँगिनीहरू साथमा लिएर राम्रो खोपीमा गइन्। यसरी इन्द्रजालले इच्छा पूर्ण भएका राजवाहन रसिलो र राम्रो चेष्टाले विस्तार-विस्तार मृगका जस्ता आँखा भएकी अवन्तीसुन्दरीको लाज हटाउँदै, विश्वास गराउँदै बिचबिचमा उनको अमृत जस्तै वचन पिउँदै खुब राम्रो चौध भुवनको वृत्तान्त बताए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विशाखदत्त

विशाखदत्त पृथुका छोरा वटेश्वरदत्तका नाति हुन्। पृथु भनेका पृथ्वीराय हुन् भनेर प्रो. विल्सन भन्छन्। तर अरूहरू उनका मतको विरोध गर्छन्। कवि विशाखदत्तका बाबु महाराज थिए, पृथ्वीरायलाई चाहिँ यो उपाधि प्राप्त भएको थिएन भन्ने उनीहरूको भनाइ छ।

कविको समय यही हो भनी तोक्न मुस्किल नै पर्छ। तर आठौँ शताब्दीतिरका हुन् भन्ने म्याग्डोनलको भनाइ छ। दश एघार शताब्दीको 'सरस्वती कण्ठाभरण'मा यो 'मुद्राराक्षस'को वाक्यको उद्धरण गरेकोले र 'दशरूपक'मा पनि यसको चर्चा देखिएकोले म्याग्डोनलले त्यो अन्दाज गरेका होलान्। तर यो नाटकमा बौद्ध धर्मको खुब आदर गरेकोले र मगधको राजधानी पाटलीपुत्र भनेकोले अझ त्योभन्दा पनि अगि हुन सक्छ।

'राक्षस' उपनाम भएको नन्दको मन्त्रीलाई 'मुद्रा' (छाप) द्वारा चन्द्रगुप्तको अधीनमा तुल्याइएको हुँदा यसको नाम 'मुद्राराक्षस' रहेको हो। राजनीतिमय भएर पनि नाटकीयताले पूर्ण भएको यस्तो अर्को नाटक संस्कृतमा पाइएको छैन। राक्षस नन्दको स्वामीभक्त मन्त्री हुन्। उनी फेरि पनि नन्दवंशकै राज्य खडा गर्न चाहन्थे। यता चन्द्रगुप्तको पक्ष चाणक्यले लिएका किए। उनले आफ्नो कूटनीतिको बलले राक्षसलाई आफ्नो हातमा लिएका छन्। अध्यात्मवादी ब्राह्मण चाणक्यलाई सधैँ कूटनीतिको धमिलो जलाशयमा डुबिरहने इच्छा थिएन। त्यहाँबाट उम्केर परमेश्वरको भजनमा लाग्न खोज्थे। त्यत्रो परिश्रमले अर्जेको चन्द्रगुप्तको राज्य त्यसै छोडिदिन पनि मुनासिब थिएन। अकेला चन्द्रगुप्तले राजकाज चलाउन सक्तैनन् भन्ने चाणक्यलाई निश्चय थियो। फेरि त्यस्तो भरपर्दो मन्त्री उनले पाएका थिएनन्। उसैले चन्द्रगुप्तको राज्य राक्षसमन्त्रीकै जिम्मा लगाउनको लागि उनले त्यत्रो षड्यन्त्र रचे, अन्त्यमा सफल पनि भए।

यो नाटकमा राजनीतिको ज्वलन्त उदाहरण पाइन्छ। गुप्तचरहरूको प्रणाली, षड्यन्त्रको गहनता, र शत्रुलाई फँसाउने तरिकाहरू अद्भुतका छन्। चाणक्यको कूटनीति जति गहन छ उत्तिकै महान् त्याग

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पनि छ। सारा राज्य हातमा हुँदा पनि उनी कुटीमा बस्छन्। खालि आफ्नो प्रतिज्ञा पूरा गर्न जानी-जानी राजनीतिको धमिलो बाढीमा उनी पौडी खेल्छन्, पार पनि हुन्छन्।

के सनातन धर्म, के बौद्धधर्म दुवैको आदर उनी गर्छन्। मलयकेतुलाई नाटककार श्राद्ध गराउँछन्, तर मलयकेतु म्लेच्छ भन्नाको कारण राम्रो खुल्दैन। जेहोस्, यो नाटक सफल छ। नेपालीमा त यस किसिमको नाटक अझसम्म लेखिएको छैन।

कूटनीति

(विशाखदत्तले बनाएको 'मुद्राराक्षस' नाटकबाट। मन्त्री राक्षसले पठाएको गुप्तचर विराधगुप्त कुसुमपुरबाट फर्केपछि)

राक्षस– अनि !

विराधगुप्त– त्यसपछि चारैतिरबाट पुष्पपुर घेरिएको देखेर धेरै दिनदेखि दुनियामाथि आइपरेको अत्याचार सहन नसकेमा, सुरुङबाट देव सर्वार्थसिद्धि तपस्या गर्न जानुभएमा मालिकको विरहले फौँजको कोसिस शिथिल भएमा। फेरि पनि नन्दको राज्य फर्काउनाको लागि सुरूङबाट यहाँहरू पनि बाहिर जानुभएमा, चन्द्रगुप्त मर्नाको लागि यहाँले प्रयोग गर्न लाउनुभएको विषकन्याले तपस्वी पर्वतेश्वर मारिएका।

राक्षस– साथी, गजबको कुरा हेर। अर्जुनलाई मार्नाको लागि कर्णले राखिराखेको बलियो शक्तिले कृष्णको छलले घटोत्कचलाई मारेझैँ चन्द्रगुप्त मार्नाको लागि राखिछोडेको, एक पुरुषलाई मार्ने विषकन्याले चाणक्यको जालले पर्वतेश्वरलाई मारिदिई।

विराध– मन्त्रीजी, यसमा दैवको इच्छा हो, अनि के गर्ने ?

राक्षस– अनि ?

विराध– त्यसपछि बाबु मारिएको डरले कुमार मलयकेतु भागेमा, पर्वतकको भाइ वैरोचकलाई विश्वास पारेमा, चन्द्रगुप्त नन्दको दरबारमा पस्ने कुरा प्रकाश गरेमा मोरा चाणक्यले कुसुमपुरमा बस्ने सारा सूत्रधारहरूलाई बोलाएर भने– 'आजै आधारातको बखतमा चन्द्रगुप्तलाई दरबारमा पस्ने साइत ज्योतिषीले दिए। उसैले पहिलो ढोकादेखि लिएर दरबार सफा गर।' त्यसपछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सूत्रधारहरूले भने–'आर्य, पहिले नै महाराज चन्द्रगुप्त दरबारमा पस्ने कुरा थाहा पाएर सूत्रधार दारूवर्माले सुनको तोरण आदि विशेष संस्कारले पहिलो ढोका सिँगारिसकेको छ। अब हामीले भित्र सिँगार्नुपर्‍यो।

अह्राउँदै नअह्राएको दारूवर्माले दरबारको ढोका सिँगारेछ भनी खुसी भएका चाणक्यले दारूवर्माको चलाकी तारिफ गरेर भने– 'दारूवर्मा, चाँडै नै यो चलाकीको योग्य फल पाउनेछौ।'

रा०– (उतर्सिएर) चाणक्य कसरी खुसी भए ? दारूवर्माको कोसिस निष्फल अथवा अनिष्ट फल हुने बुझ्दछु। जो यसले बुद्धिको मोहले अथवा बढी राजभक्तिले आदेशको समय नपर्खनाले चाणक्यको चित्तमा बलियो तर्क पैदा भयो। अनि ?

वि०– अनुकूल लगन भएकोले आज आधारातमा चन्द्रगुप्त नन्दको दरबारमा पस्छन् भन्ने कालिगड र सहरबासीहरूलाई समेत बताएर त्यही वेला पर्वतेश्वरको भाइ वैरोचकलाई एउटै आसनमा चन्द्रगुप्तका साथमा राखेर राज्यको आधी भाग दिने कुरा पनि चाणक्यले बताए।

रा०– के पर्वतेश्वरको भाइ वैरोचकलाई पहिले कबुल गरेको राज्य दिए ?

वि०– मन्त्रीजी, हो !

रा०– (मनमनै) ज्यादै धूर्त चाणक्यले निश्चय नै त्यो तपस्वीलाई कुनै गुप्त हत्या रचेर पर्वतेश्वरको नाशबाट भएको अपजस हटाउनालाई यो जाल रचेको हो। (सुन्ने गरेर) अनि ?

वि०– त्यसपछि आधारातमा नन्दको दरबारमा चन्द्रगुप्त पस्ने कुरा हल्ला भएमा, वैरोचकलाई आधा राज्यको अभिषेक दिएमा, हिउँजस्तो सफा मोतीको हार चारैतिर राख्नाले चहकिलो कवच लगाएका, जुहारातै जुहारात जडिएको मुकुटले गर्दा सुन्दर शिर भएका, बास्ना आउने फूलको माला छड्के पारेर लगाउनाले छाती शोभायमान भएका, चिनजान भएका मानिसले पनि अनुहार नचिनिने भएमा, मोरो चाणक्यको आशाले चन्द्रगुप्तले चढिने चन्द्रलेखा भन्ने हात्ती चढेर चन्द्रगुप्तका पछिलाग्ने भाइभारदारले पछि लागिएमा, फुर्तिसाथ नन्दको दरवारमा वैरोचक पस्न लागेमा हामीले पठाएको कालिगड दारूवर्माले चन्द्रगुप्त भन्ठानेर वैरोचकमाथि ढोकाको रूपमा बनेको यन्त्र खसाल्न तयार गरियो। यही बिचमा बाहिर वाहन रोकिएर

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चन्द्रगुप्तको पछि लागेका राजाहरू अडिएमा यहाँले अह्राउनुभएको चन्द्रगुप्तको माउते वर्वरकले सुनको लट्ठीभित्र लुकाएको छुरी तान्न लाग्दा सुनको हार मुखमा झुन्डिएको सुनको लठ्ठी नै समात्यो ।

रा०– दुवैजनाले कुठाउँमा कोसिस गरे, अनि ?

वि०– त्यसपछि चोट लागेको सहन नसक्ने ढोङले ज्यादै फुर्तिलो अर्कै चाल लिई । पछिबाट पहिलेको चालमुताबिक लिएर छोडिएको अनि तारो चुकेर खसेको ढोकाको यन्त्रले चन्द्रगुप्त भन्ठानिएको वैरोचकलाई नभेट्टाईकन बिचरो बर्वरक मऱ्यो । त्यसपछि ढोका बिग्रेकोले आफ्नो नाश हुन्छ भन्ने निश्चय गरी चाँडै नै ढोकाको अग्लो भागमा चढ्दै यन्त्रको फलामको किला लिएर दारूवर्माले बिचरो वैरोचकलाई मारिदियो ।

रा०– ओहो, दुवै अनर्थ आइपऱ्यो । चन्द्रगुप्त मारिएन, वैरोचक र बर्वरक मारिए । (आवेगका साथ मनमनै) यी दुई मारिएका छैनन् किन्तु दैवले हामीलाई नै माऱ्यो । (सुन्ने गरेर) त्यो कर्मी दारूवर्मा कहाँ गयो नि ?

वि०– वैरोचकका अगाडि रहेका सिपाहीहरूले ढुङ्गाले हानेर मारिदिए ।

रा०– (आँखाभरि आँसु लिएर) ज्यादै कष्ट आइपऱ्यो । ओहो ! प्यारा मित्र दारूवर्मासँग हाम्रो बिछोड भयो । अँ, त्यो वैद्य अभयदत्तले के गऱ्यो नि ?

वि०– मन्त्रीजी, सब गऱ्यो ।

रा०– (दङ्ग परेर) के चन्द्रगुप्तलाई माऱ्यो ?

वि०– मन्त्रीजी, संजोगले मरेन ।

रा०– (दिक्क भएर) त्यसो भए 'सब गऱ्यो' भनेर किन ऐले दङ्ग परेर भन्छौ त ?

वि०– मन्त्रीजी, यसले चन्द्रगुप्तको निम्ति विष मिसिएको ओखती ठिक पारेको थियो । त्यो देख्ने बित्तिकै मोरा चाणक्यले सुनको भाँडोमा रङ्ग बिग्रिएको थाहा पाएर चन्द्रगुप्तलाई भन्यो–'ए वृषल, ए वृषल, विष मिसाएको ओखती खानु हुन्न ।'

रा०– यो बाहुन ज्यादै चङ्ख छ, त्यो वैद्यको के भो नि ?

वि०– त्यो वैद्यलाई त्यही ओखती खुवाइदिए, मऱ्यो पनि ।

रा०– (दिक्क भएर) ओहो ! विज्ञानको खानी पनि मऱ्यो ! भला, त्यो बैठके प्रमोदकको के हाल भो नि ?

वि०– नाश ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रा०– (उतर्सेर) कसरी ?

वि०– त्यो मूर्खले हामीले दिएको धेरै धन पाएर ज्यादै रबाफ गर्न थाल्यो । त्यसपछि यसरी पैसा कताबाट पायौ भनेर सोद्धा कुरा चपाएर कैले क्यै, कैले क्यै भन्न थाल्यो अनि मोरा चाणक्यको आज्ञाले विचित्रसँग मारियो ।

रा०– (उतर्सेर) कसरी ? यसमा पनि दैवले हामी ठगियौँ । अनि सुतेको चन्द्रगुप्तको शरीरमा प्रहार गर्न हामीले अह्राउँदा दरबारभित्र सुरूङ्गमा बस्ने वीभत्सकहरूको के हाल छ नि ?

वि०– मन्त्रीजी, कडा हाल छ ।

रा०– (आवेगका साथ) कसरी ? कडा हाल ? के त्यहाँ सुरुङ्गमा बस्दा चङ्ख चाणक्यले थाहा पायो ?

वि०– हो ।

रा०– कसरी ?

वि०– चन्द्रगुप्त पस्नुभन्दा अगि पस्नासाथ सुत्ने कोठामा दुष्ट चाणक्यले चारैतिर हेर्दा भित्ताको यौटा प्वालबाट निस्कनलागेको भातको कनिका लिएको कमिलाको लहर देखेर भित्र पुरुष भएको यो घर हो भन्ने निश्चय गरी त्यो लङ नै डढाइदियो । घर डढ्नलाग्दा धुवाँले गर्दा आँखा नदेख्ने भएका पहिले खोलिराखेको ढोकाको पत्तै नपाएर सारा वीभत्सकहरू बले, मरे पनि ।

रा०– (आँखाभरि आँसु गरेर) साथी ! हेर, चन्द्रगुप्तको भाग्यले सारा मरे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

मुरारि

मौद्गल्य गोत्रमा मुरारिको जन्म भएको हो । यिनका पिता महाकवि भट्ट श्री वर्धमान हुन्, माताचाहिँ तन्तुमती । यो 'अनर्घराघव' भन्ने नाटक मात्र पाइएको भए पनि नाटककारहरूमा यिनको नाम प्रख्यात छ ।

'मुरारिपदचिन्तायां भवभूतेस्तु का कथा ।
भवभूतिं परित्यज्य मुरारि-मुररी कुरु ।
मुरारिपदचिन्ता चेत् तदा माघे मतिं कुरु ॥'

इत्यादि वचनहरूबाट भवभूति र माघभन्दा मुरारिको वर्णन सुनिन्छ । हुन त तल्लो आध्रीबाट मुरारि (विष्णु) को भजन गर्ने हो भने पापमा बुद्धि नगर भन्ने पनि अर्थ लाग्दछ । तर त्यही आधी फेरि दोहोरिएकोले कविहरूको नाम हो भन्ने छर्लङ्ग छ ।

मुरारिको रचनामा गम्भीर र मधुर उद्गार पाइन्छ । कविताबाट अमृतको रस निस्कने हुनाले यिनलाई बाल वाल्मीकि भने पनि हुन्छ । उसैले समालोचकहरूलाई नाटकका अन्त्यमा कवि भन्छन्–

'न शब्द ब्रह्मोत्थं परिमलमनाघ्राय च जनः
कवीनां गंभीरे वचसि गुणदोषौ रचयतु ।'

अर्थात् शब्दब्रह्मबाट उठेको सुगन्ध नसुँघी कविहरूको गम्भीर वचनमा गुण र दोष नऔँल्याओस् । वाग्देवीको मर्म बुझेका हुनाले नै उनलाई एक कवि भन्छन्–

'देवीं वाचमुपासते हि बहवः सारंतु सारस्वतं
जानीते नितरामसौ गुरुकुल क्लिष्टो मुरारिः कविः ।'

मुरारि कुन समयका हुन् भन्ने अझ राम्रोसँग पत्ता लाग्न सकेको छैन । तर 'हरविजय' महाकाव्यमा ३८। ६७ **'अङ्कोत्थ(अङ्केथ) नाटक इवोत्तमनायकस्य नाशं कविर्व्यधित यस्य मुरारिरित्थम्** ।' भन्ने श्लोक देखिन्छ । हुन त यहाँ पनि अङ्के (काखमा) र मुरारि (विष्णु) भन्ने अर्थ बुझिए पनि मुरारि कविकै उल्लेख गरेको हो भन्ने स्पष्ट छ । उसैले 'हरविजय'का महाकवि राजानक रत्नाकरभन्दा अगिका हुन् भन्ने देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

रत्नाकरको समय नवौँ शताब्दीको मध्यभाग भएकोले आठौँ शताब्दीतिरका हुन् भन्ने अनुमान गर्नु स्वाभाविकै हो ।

'अनर्घ राघव'मा रामायणको सङ्क्षिप्त कथानक देखिन्छ । वशिष्ठका चेला वामदेवले गुरुको सन्देश दशरथलाई भनिरहेको वेलामा विश्वामित्र आएर रामचन्द्रलाई मागेका कुराबाट नाटकको उठान हुन्छ । रावणलाई मारी अयोध्या फर्केपछि नाटक सिद्धिन्छ । गद्यमा भन्दा पद्यमा वैशिष्ट्य पाइन्छ । भरतसूत्रका आधारमा यो नाटक लेखिएको छ । अन्तिम श्लोकमा मुरारि भन्छन्–'गङ्गाजी पृथ्वीमा रहुञ्जेल यो रामको कीर्तिरूपी रसायनको मिठो रस कविहरूको कानमा पुगिरहोस् ।'

पछिका साहित्यशास्त्री वैयाकरणहरूले सालङ्कार भाषा र परिष्कृत शैलीलाई लिएर मुरारिको खुब प्रशंसा गरेका छन् । तर कसैले भनेका छन्– 'अन्त्यमा रामचन्द्र फर्कंदाको भूगोल त्रुटिपूर्ण छ र मौलिकताको अभाव छ ।'

बालकको जित

(मुरारिले बनाएको 'अनर्घ राघव' भन्ने नाटकबाट । बिहे गरेर अयोध्यातिर फर्कंदा परशुराम बाटैमा भेटेपछि)

जामदग्न्य– (खुब हाँसेर) के भन्छस्, ए दशरथ ! के भन्छस्, ऐलेसम्म पनि हृदय फुटेन भनेर ? कसरी फुटोस्, जहाँसम्म यो बञ्चरो बज्रँदैन ।

(नेपथ्यमा)

ए जमदग्निका छोरा, के बुबालाई पनि हेप्छौ ? आजदेखि खास राम पनि मेरो दाज्यू हुनुहुन्न । रघुका सन्तानको छोरा नाति पनि होइन । दुनियाँले मलाई धीर भनोस् या अधीर भनोस् । मैले यो दुष्ट ब्राह्मणलाई जित्न कम्मर कसेँ ।

जामदग्न्य– (हेलाका साथ रामतिर फर्की) ए राम, के तिमीलाई दाज्यू भनेर पुकार्ने यो लक्ष्मण हो ?

राम– (निदाउरो मुख लगाएर मुसुक्क हाँसी) भगवान्, खुसी हुनोस् । यो त्यही लक्ष्मण हो, जो निरपराधले मिठो भएको अनि जवानीभन्दा अगिल्लो अर्थात् कौमार अवस्थामा रहेको छँदो जे पायो उही बकबक गर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

जामदग्न्य– (मुस्क्याएर) यत्तिमा पनि के मलाई नसहने शङ्का गर्छौ ? तिम्रो पछिलागेको यो तिमी अस्ताउनासाथ अस्ताउने छ। सूर्य निभेपछि सूर्यकान्तमणि पनि निभ्दछ। (नेपथ्यतिर हेरेर) क्याबात लक्ष्मण, क्याबात। कान्छा भए पनि तिमी असल रहेछौ। तर बिनासित्तिको यो जेठो राम बेस रहेनछ। हतियाररूपी नङले अग्लो क्रौञ्च पहाडरूपी हात्तीलाई फोरेर हाँसरूपी मोतीका फल छरेर देखाइएको सिंहको चालमा रहने म छँदाछँदै क्षत्रियपन लिएर उम्रेका वीरका अङ्कुरजस्ता तिमी चाख र माया गर्नलायक छौ।

(नेपथ्यमा)

भृगुका सन्तान, भृगुका सन्तान, फल प्रत्यक्ष नहुञ्जेल माया गर्नलायक हो कि अथवा लडाइँ गर्न लायक हो, बुझ्न सकिन्न।

राम– (रिसाएर नेपथ्यतिर फर्की) ए बाबु, तिम्रो आजको यो कस्तो सेखी हो,जो गुरुहरूलाई पनि हाँक दिन्छौ !

(नेपथ्यमा)

दाइ, म चूप लागेँ। जामदग्न्य, क्षमा गर्नुहोस्। मलाई दाइले रोक्नुभो।

जामदग्न्य– (हाँसेर) ए राम, किन अझ पनि हाम्रो लडाई शान्त गर्ने मिठो र प्यारो नै बोली बोल्छौ ? तयार छौ ? हतियारको जबाफ हतियारले नै दिनुपर्छ। फेरि हेर। सूर्यका कुलमा तिमी जन्मियौ, धनुर्विद्या विश्वामित्रले सिकाए। तर यसरी क्षत्रियको चाल छोड्ने भएका तिमीलाई कुललाई समेत धक्का लाग्ने वज्रलेप कलङ्क लाग्नेछ।

राम– (सेखीका साथ मुस्क्याएर) भगवान्, यो साँचो हो। सूर्यको कुलमा वेद पढेका क्षत्रियबाट म जन्मेँ। भगवान् विश्वामित्रबाट अस्त्रविद्यामा पार भएँ। दुनियाँले यो कुलमा कीर्ति भनोस् कि अकीर्ति भनोस् ब्राह्मणमाथि हतियार उठाउने साहसदेखि डराउँछु।

जामदग्न्य– (रिसाएर) ए पापी मुखाले, तेरो वशिष्ठ र विश्वामित्रजस्तै परशुराम स्वस्तिवाचन पढ्ने बाहुन हो र ? (वेदना दर्साएर) धिक्कार छ। यस्ता मनपरी भन्ने क्षत्रियहरू सुनिन्छन्। (ज्यादै जङ्गिएर) यो रुद्रको चेलो म आज चार छोराका साथ दशरथलाई काटेर जनकका कुलको घाँटीबाट निस्कने भएका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नयाँ रगतका लहराले पताका हराएको रणभूमिलाई ज्यादै डरलाग्दो तुल्याइदिन्छु ।

राम– (रिसाएर) ए जामदग्न्य, कस्तो यो भनाइको फटाटोप ! रिसले साँध नाघेमा इक्ष्वाकुका सन्तान पनि सहँदैनन् ।

जामदग्न्य– (आँखीभौँ बङ्ग्याएर) अनि के ?

राम– (गड्केर) त्यसपछि, एक्काइसपल्ट राजाहरूलाई जित्नाले हातरूपी खम्बामा तोरणमाला बनाएर जो यो बाइसौँ पटक सुरू गर्न इच्छा गर्नुहुन्छ, अब तपाईंमा रहेको धनुर्विद्या हेर्ने छु । खालि शिवजीको धनुमा ताँदो चढाएर मलाई सन्तोष आएको छैन ।

जामदग्न्य– (रिसाएर) के भनिस्, रे, के भनिस् ! (वेदना दर्साएर) ओहो ! सबैतिर बलेर चर्केको रिसरूपी अग्निलाई जनकको र दिलीपको कुल कति आहुति होलान् र ! (कस्केर) ए, ए, सात द्वीपका कुल पर्वतमा बस्ने राजा हो ! होसियार होओ, होसियार होओ, जसले आफ्नी आमालाई पनि मारेर क्षत्रियको रगतरूपी आसबको स्वाद जान्ने बन्चरोले पृथिवीलाई क्षत्रियरहित पारिदियो, फेरि जसको वाणको घाउको बाटोबाट क्रौञ्च पहाडको हाडका टुक्राहरू हाँसका छलले ऐलेसम्म पनि खस्दछन्, त्यही परशुराम रिसायो ।

राम– (हडबडका साथ) बितिसकेका राजाहरूलाई किन निन्दा गर्नुहुन्छ ? खेलवाडमा महादेवको धनु भाँच्ने म यी अगाडि छु । अहङ्कारले रिसाएको कार्तवीर्यको हातरूपी वन काट्ने कला जानेको कुनचाहिँ तपाईको हात हो ? भन्नुहोस् ।

जामदग्न्य– (कड्केर) ए पापी ! सूर्यका कुलको कलङ्क ! बारम्बार उही पार्वतीका पतिको धनु भाँचेको साहस गर्छस् ? ओहो ! क्षत्रिय पनि कार्तवीर्यलाई जित्ने परशुरामको हात खोज्दछ । ओहो ! गजबको काल आयो जो नसुनेको कुरा पनि सुनाउँछ, नदेखेको कुरा पनि देखाउँछ । ए क्षत्रियको किरा ! मेरा बाबु जमदग्निको होमको साधन भएकी गाईलाई हैँला गरेर हर्ने कार्तवीर्यले जसरी अनेक राजाहरूको हत्यारूपी वेद मेरो धनुलाई पढाए । त्यसैले तिमीहरूमाथि मेरो यो स्वाभाविक रिस छ । त्यो अहिले गौण भइसक्यो । शिवजीको धनु भाँचिनाले यो नै मुख्य भयो ।

राम– जामदग्न्य ऋषि ! यो पुरानो कीर्तिरूपी झन्डा थोत्रो भइसक्यो । लौ, ऐले नै हेरौँ न । (नेपथ्यतिर हेरेर) बाबु लक्ष्मण, धनु-धनु ।

जामदग्न्य– (फट्कार्दै) ए तत्त्व नबुझ्ने क्षत्रियको बच्चा ! त्यो धनु त शिवजीको हातले थिचिदिनाले सार झिकिसकेको हुँदा पहिले नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भाँचिएको थियो। तिमी त निमित्त मात्र हो। राजाहरू मार्ने साधन भएको यो मेरो हातमा रहेको विष्णुको धनुमा लौ ताँदो चढाऊ त। ताँदो चढाएको यही धनुले मसँग लडौला। क्षत्रिय मार्ने यज्ञमा दीक्षित भएको मलाई त यही पुरानो बञ्चरो छँदैछ। (रामको हातमा धनु सुम्पन्छन्)

राम– (लिएर) भार्गव! यो अलि खुट्टा चिप्लिने जमिन छ। उसैले आउनुहोस्, लड्न लायकको मैदानमा जाऔँ।

जामदग्न्य– (रिसाएर घुम्दै) ए, ए, क्षात्र र ब्राह्म तेजले तारिफ गर्नेहरू! लौ यहाँ, सारा हतियार लिएर सारा वीरहरूले शरण दिऊन् अथवा यिनमाथि जितबाजी हुने आशीर्वादहरू बसून् तैपनि यो रिसाहा रेणुकाको छोरोले दशरथ, राम र जनक नभएको पृथ्वीमण्डल तुल्याइदिन्छ।

(दुवै निस्कन्छन्)

(नेपथ्यमा)

ए, ए, सहरिया हो! मङ्गलको बाजा बजाओ। परशुरामलाई जितेको उत्सवले सीताजीको बिहेको उत्सव दुगुना तुल्याओ। कुनै कन्या यो काममा पनि पण (बाजी) होला भनेर ईखले बल्कने सीताको अपाङ्ग (आँखाको छेउ) को चहकले मोटाएको मुखको कान्तिले अलि टल्किएको आकाश तुल्याउने रामचन्द्रले विष्णुको धनुको ताँदो खिचेर वाण पनि सफल पार्नुभयो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

त्रिविक्रम भट्ट

प्रभात कालको वर्णनमा उदयाचलको चहकलाई गङ्गा र अस्ताचलको अँध्यारोलाई यमुनासँग दाँजेको राम्रो कविता छैटौँ उच्छ्वासमा लेखेकोले यमुना-त्रिविक्रम पनि यिनलाई भन्छन्। यिनको गोत्र शाण्डिल्य हो, बाजे श्रीधर हुन्, बाबुचाहिँ नेमादित्य।

पालीमा लेखिएको जातकमा गद्य र पद्य दुवै देखिए पनि संस्कृतमा दसौँ शताब्दीदेखि मात्र यस्तो गद्य-पद्यमय काव्य चम्पू बनेको देखिन्छ। हुन त जातकमाला र हरिषेणको प्रशस्तिमा पद्य तथा गद्य दुवै पाइन्छ। जे होस्, यही नलचम्पूलाई सर्वप्रथम भनेमा अत्युक्ति होओइन।

पहिलो उच्छ्वासमा बाणको उल्लेख गरेकोले र भोजराजले सरस्वतीकण्ठाभरणमा यो चम्पूको पद्य[२२] उद्धरण गरेको देख्नाले बाण र भोजको बिचको समय देखिन आउँछ। फेरि शिलालेखहरू हेर्दा त्रिविक्रम इन्द्रराजका सभापण्डित भएकोले र इन्द्रराजको वि.सं. ९७१ तिरको लेखमा यही नलचम्पूकै शैली देखिएकोले दसौँ शताब्दीको उत्तरार्धमा थिए भन्ने धेरैको भनाइ छ।

यो चम्पू सर्वगुण सम्पन्न देखिएकोले सरस्वतीको वरप्रसादबाट बनेको भन्नुमा अत्युक्ति छैन। यसलाई दमयन्ती-कथा पनि भन्छन्। यसमा सात उच्छ्वास छन्। सुरुमा शिवको स्तुति, कविप्रशंसा, मूर्खनिन्दा, वाल्मीकि, व्यास, बाण, गुणाढ्यहरूको वर्णन, र कविचरित्र पनि दर्साएका छन्। पहिलो उच्छ्वासमा उठान मात्र भई पछिका छ: अङ्कमा कथाको हाँगाबिङ्गा झाँगिँदै गएको छ। माघ र भारविले लक्ष्मी तथा श्रीपदको आश्रय लिएझैँ यिनले हरेक उच्छ्वासका अन्त्यमा 'हरिवरणसरोज' पदको आवृत्ति गरेका छन्। फेरि छैटौँमा भगवान्‌को ज्यादै राम्रो स्तुति गरेका छन्। यताबाट यी भगवान्‌का भक्त रहेछन् भन्ने निश्चय छ।

---

२२ पर्वतभेदि पवित्रं जैन नरकस्य बहुमतं-गहनम्।
हरिमिव हरिमिव हरिमिव वहति पयः पश्यत पयोष्णीम्॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यो चम्पूको वैशिष्ट्यतिर दृष्टि दिने हो भने रसिलो सभङ्ग श्लेषको चमत्कार सबैभन्दा पहिले आउँछ। अप्रसिद्ध पदको प्रयोग देखिँदैन, फेरि यो अलङ्कारको ढुकुटीजस्तै छ। परिसङ्ख्याको वैचित्र्य झन् गजबको छ। लक्षण ग्रन्थहरूमा यहीँका पद्यहरू धेरैजसो उदाहरण दिएका देखिन्छन्। तेहेऱ्याए पनि मधुरता जाँदैन। साना छन्दमा पनि भाव राम्ररी व्यक्त गरेको देखिन्छ। कालिदास र भवभूतिका धारालाई उछिनेर निजी तेस्रो शैली यिनले अपनाएका छन् तर यो चम्पू समाप्त भइदिएको भए ज्यादै बेस हुने थियो।

नलचम्पूको कथा

राजाका मुख्य पण्डित देवादित्य अर्को गाउँमा गएमा अर्को विदेशी पण्डित शास्त्रार्थ गर्छ भनी राजाकहाँ आएको। देवादित्य नहुँदा उनका छोरा त्रिविक्रम भट्टलाई राजाले बोलाउन पठाएमा डराएका त्रिविक्रमले सरस्वतीको प्रार्थना गरेको र बाबु नआउन्जेल तेरो मुखमा बस्ने छु भनी सरस्वतीले वरदान दिएको। विदेशी पण्डितलाई शास्त्रार्थमा जितेर फर्केपछि बाबु नआउन्जेल सरस्वती आफ्नो मुखमा बसेकै वेलामा एउटा कृति बनाइहालूँ भनी यो 'नलचम्पू' बनाएको तर बाबु आइपुग्दा सातौँ उच्छ्वाससम्म मात्र सिद्धिएको अनि त्यसैले असम्पूर्ण यिनी श्लेषोक्तिमा चतुर प्रथममा बाणको नाम देख्नाले र सरस्वतीकण्ठाभरणमा 'पर्वतभेदि पवित्र' इत्यादि यसको श्लोक देख्नाले बाण र भोजको बिचमा यिनी जन्मेका होलान्।

चण्डपाल जैन, गुण विनय गणी र दामोदर भट्टहरूका टीका तीन छन्।

देवताको सन्देश

यसरी नल राजाले नम्रता देखाएमा इन्द्रले अलि अलि फुलेको कुन्दपुष्पको कोपिलाजस्तै राम्रो दाँतको चहकले झल्किएको ओठले मुसुक्क हाँसेर घाँटी फर्काएर कुबेरको मुख हेरे।

कुबेरले पनि भने– 'हे निषध देशका राजा! हामी आउनाको कारण सुन्नुहोस्। विदर्भ देशका राजा भीमकी छोरी आँखाले कमललाई जितेकी, कुन्द-पुष्पजस्तो दाँत भएकी चाँपजस्तै गोरी, सौन्दर्यले स्वर्गका

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अप्सराहरूलाई हेला गर्ने दमयन्तीको स्वयंवर हुन लागिरहेछ भन्ने खबर नारदबाट सुनेर हामी विदर्भ देशतिर हिँडेका हौं ।

तर आफ्नै मुखले माग्नाले पुरुषलाई हल्का तुल्याउँछ, किनभने त्यहाँ गएर पनि दमयन्तीलाई के भन्नु ? हामी इन्द्र आदि लोकपाल हौं, तिमीलाई प्रार्थना गर्छौं भन्नु हाम्रो महिमालाई नसुहाउने कुरा हो । राम्री छौ, तिमीले कसलाई उत्कण्ठित तुल्याउन्नौ भनी चिनजान नभएका व्यक्तिमा चेपारे पार्नु अयोग्य हो । हामी बुढो नहुने र नमर्ने हौं भन्नु गाउँले तारिफको उठान हो, हामीसँग बिहे गरेर तीनै लोकको मालिक्नी बन भन्नु ठुलो ढिठ्याइँ गरेर लोभ देखाउनु हो, मानिसहरू अल्पायु हुन्छन् त्यस कारण हामी देवताहरूमध्ये कुनैलाई वरण गर भनी अर्काको दोष देखाएर माग्नु पाप हो ।

यसैले देश, काल, काम र भनाइमा सिपालु हुनाले तिमीलाई भनेको हो । अगि हिंड । देवताहरूको दूत बन । सारा चातुर्यसहितका जोडदार भनाइमा सिपालु भएका राजा, तिमीलाई अरू के सिकाउनु ! ती-ती उपायद्वारा ती-ती कलाद्वारा, ती-ती लोभ्याउने तरिकाद्वारा देवताको काम गर । धेरैजसो आर्यहरूको जन्म र जिन्दगी अर्काको उपकार गर्नाको लागि नै हुन्छ । खोपीमा एकान्तमा बसेकी विदर्भ नरेशकी छोरीको नजिकै जाँदा हाम्रो प्रभावले तिमीलाई कसैले देख्ने छैन ।' यति भनेर कुबेर चुप लागे ।

यो कुरा सुनेर नलले पनि घोरिएर मनमनै भने-'ओहो, यो कस्तो सङ्कष्ट ! यता बाघ छ उता नदी, यता डढेलो छ उता डाँकू, यता दुष्ट सर्प छ उता अँध्यारो कुवा भनेझैं यता कानसम्म धनु खिँचेको कामदेवले मर्मस्थलमा प्रहार गरिरहेछ । फेरि यता यिनीहरूको नाघ्न नहुने आज्ञा छ । अब यहाँ के जबाफ दिने हो सुझ्दैन । एउटै कुरामा हाम्रो र तपाईंहरूको प्रवृत्ति रहेछ भन्नु स्नेहसहितको हातजोडाइलाई भङ्ग गर्ने र नम्रता नभएको उल्टो भनाइ हुन्छ, दूतको भनाइ जान्दिनँ भन्नु मुर्ख्याइँ हो, सन्देह भएको काम गर्न असमर्थ छु भन्नु आज्ञा नाघ्नु हो, फेरि आज्ञा नाघ्नाले पुल हाल्नाले झैं कल्याणको प्रवाहलाई ठक्कर लाग्छ, नपुंसकलाई देख्नाले झैं अलक्ष्मी बढाउँछ, रजस्वला स्त्रीमा गमन गर्नाले झैं अल्पायु बनाइदिन्छ । त्यसपछि नलले भने–'सारा जगत्का मालिक भएका तपाईंहरूले नपाइने कुरा के होलान् र ? मेरो प्रसिद्ध आँट पनि तपाईंहरू जान्नुहुन्न भन्ने होइन । यस्तो भए पनि तपाईंहरूको आज्ञा मान्छु । आज्ञा गरिएको कुरामाथि बुज्रुक बन्नाले आज्ञाकारीको कल्याण हुँदैन तर वास्तवमा बलियो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दैव नै प्रमाण छ।' यसो भनी भक्तिले र निडर भएर देवताहरूको दूत बन्ने आज्ञा मन्जुर गरे।

केही बेर बसेर सुहाउँदो कुराकानीद्वारा परस्परमा प्यारो व्यवहार दर्साई आएकै बाटोबाट देवताहरू गएमा निषधका राजा नलले विचार गरे– 'यो श्वास नरोकिँदैको मृत्यु हो, मोह नभईकन को मूर्च्छा हो, रोग नलागीकन को अङ्गको पीडा हो, काँडो नबिँझीकन को भित्री दर्द हो, गरिब नभईकन निद्रा नलाग्नु हो। अरू के! प्रेमको कुरा सुनिएकी तिनमाथिको मेरो प्रेमको निश्चयलाई असफल तुल्याउन जो लामो खराबी भरिएको दैवले आँट्यो। यसमा अहिले के गर्नाले कल्याण होला ? किनभने जानु उपयोगी होइन, फर्काइ तारिफलायक छ, बस्नु व्यर्थ छ, गरिएको निश्चय भलो होइन।'

यसरी नल चिन्ताले आकुल भएमा नजिकमा बस्ने भाइभारदारहरू लाटाजस्तै भएमा उपर्नाको छेउले मुख छोपेका नलको नजिकै गएर विस्तार-विस्तार त्यो वेला लायक भएका कुराकानीले सान्त्वना दिँदै स्वभाव बुझेका श्रुतशीलले नललाई भने– 'महाराज आगोजस्तै कडा दूत बन्नुपरेको पिरले महाराजलाई पोलिरहेछ भन्ने मलाई थाहा छ। कुनचाहिँ साधारण व्यक्ति पनि आफूले इच्छा गरेको कुरामा दासजस्तै दूत हुन मन्जूर गर्ला! त्यो पनि विशेष गरेर प्रेम गर्ने आइमाईमाथि, तैपनि के महाराजलाई जाहेर छैन ? वेद नपढेको मगन्ते बाहुनजस्तै दिक्दारीले कसलाई सन्तोष हुन्छ र ? विष खुवाउने विषवैद्यजस्तै खेदले शरीर सन्देहमा रहन्छ। भीमसेन र अभिमन्युले रोकिएको कौरवको फौँजजस्तै डरलाग्दो रिसले रोकिएको मनले ठुलो पिर अनुभव गर्छ। त्यसकारण आँखा चिम्लन लगाउने खुब वेगिलो आँधीले झैँ यो पिर लिएर के हुन्छ ?

'के महाराजले सुनिबक्सेको छैन ? अमृत मथ्ने वेलामा देवता र दैत्यको हातले चलाएको मन्दराचलरूपी मदानीले आवाज नआउने गरी बहिरो पारिएको आकाश र पृथ्वीरूपी ठेकीबाट दिउँसो पनि टाढासम्म उछिट्टिएको दुधको छिटाले तारायुक्त आकाश भएको, पैदा भएका अनेक कौस्तुभमणि आदि वस्तुको विस्तारले गर्दा अप्सराका मुखमण्डलले एकछिन फुलेको कमलको शोभा देखाउने, अनि पेटभित्र अनेक अचम्मका कुरा भएको क्षीर-समुद्रबाट जगत्लाई अचम्म पार्ने हातमा फुलेको कमल लिएकी, ज्यादै चहकिली, कामदेवलाई जन्माउने लक्ष्मी पैदा हुनुभयो, जसको सारा अङ्गको सौन्दर्यरूपी मदिरा ठुला आँखारूपी पालाले पिएर कामदेवका मदको अधीन भएका अनि आपसमा ईख गर्ने अमृतपायी देवताहरूले पनि सुदर्शन चक्रधारी विष्णुसँग लडाईं गरे अनि तिनले पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बिच-बिचमा सारा ती द्यौताहरूलाई नाघेर मन्दर पहाडको शिखरमा कसीजस्तै हात भएका भगवान् विष्णुको घाँटीमा स्वयंवरको फूलको माला खुब छिटो लगाइदिइन् ।

'यसै गरी चाँपको कोपिलाको जमातजस्तै गोरी भएकी तपाईंमाथि प्रेम गर्ने ती दमयन्तीले देवताहरूलाई छकाइदिने छन् किनभने पहिले नै आफ्नो मुखमण्डलको शोभाले चन्द्रमालाई छकाइदिइन्, सौभाग्यले कामदेवलाई जितिदिइन् । एकपल्ट नाचिसकेको व्यक्तिले फेरि घुम्टो हालेर के हुन्छ र ? दैवको जस्तै आइमाईहरूको चरित्र अड्कल गर्न नसकिने हुन्छन् ।

'कामको सुरूमा दिक्क नहुने मानिस कल्याणको भागी हुन्छ, ज्यादै दिक्क भएर पुरुषार्थ कम गर्ने मानिस ता कल्याण पाउने हुँदैन । खुब साहस गरेर परिआएको बिघ्नलाई गलहत्त्याउँदै उठाएको काम सिद्ध गर्ने व्यक्तिदेखि दैव पनि डराउँछ भनी गीत-गोष्ठीमा गन्धर्व वस्ताजहरूले स्वर्गबाट ओर्लेर हजुरकै अगाडि गाएका कुराहरू के हजुरले बिर्सिबक्स्यो ?

यसरी अनेक किसिमका पुराना व्यक्तिहरूको कथाको प्रसङ्गमा निकै दिन चढेमा चिताएको कुराको असल उद्‌गारजस्तै, बिघ्नहरूलाई तर्साउने हुङ्कारजस्तै उत्साहरूपी स्मृतिको ओङ्कारजस्तै, श्रुतिशीलले सुनाएको कुरालाई समर्थन गर्छ कि भनेजस्तै मध्याह्नकालको शङ्खको आवाज फेरि नयाँ तुल्याइएको प्रेमरूपी खम्बाको आड लिएका ती राजाको कानमा पर्‍यो ।

त्यो सुनेर राजाले सारा भारदारहरूलाई बिदा दिएर त्यही नदीको किनारमा मध्याह्नमा गर्नुपर्ने स्नान, सन्ध्या इत्यादि काम गरे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अनन्त भट्ट

अनन्त भट्टका दुई चम्पूको नाम सुनिन्छ। एक यही 'चम्पू-भारत' र अर्को 'भागवतचम्पू'। तर यिनको 'भागवत चम्पू' अहिले पाइँदैन। 'भागवतचम्पू' बनाउने अभिनव कालिदासको प्रतिस्पर्धामा नै यिनले पनि अर्को भागवतचम्पू लेखेका रे। उसैले यिनको समय एघारौं शताब्दी हो भन्ने अनुमान गर्न सकिन्छ। यिनको भाषा, शैलीबाट पनि न ज्यादै पुराना भन्न सकिन्छ न त ज्यादै नवीन। उसैले साहित्यकल्पवल्लीका अनन्त, चन्द्रालोक व्याख्याका प्रणेता अनन्त, तथा कामसमूहका निर्माता अनन्त भिन्न हुन्।

यी अनन्त रीतिसम्प्रदायका कवि हुन्। यिनले प्राचीन परम्पराको पूरा परिपालन गरेको देखिन्छ। यो 'चम्पूभारत'लाई वीरगाथा-काव्य माने पनि हुने हो। वीर-रसको पर्याप्त वर्णन यहाँ पाइन्छ। भीष्मको सेनापतित्वमा भएको भीषण युद्धको वर्णन राम्रो छ। अलङ्कारहरूले अर्थको चमत्कार निकै देखाएका छन्। कवितालाई सजीव तुल्याएको छ। महाभारतका पात्र नै आफ्नो २ रूपमा उपस्थित गरेकोले पात्रहरूलाई नयाँ रूप दिएको छैन। टीकाकार मैथिल पण्डित रामचन्द्र मिश्र भन्छन्–

'प्राणैस्तुल्यं सरस्वत्याः प्राणैषीचम्पूभारतम्।'

अर्थात् सरस्वतीको प्राणसमान चम्पूभारत बनाए। फेरि उनी भन्छन्,

'आचान्त वैरि यशसाममृतोर्मिलानां वाचामनन्त सुकवेर्वसुधैव मूल्यम्'

अर्थात् शत्रुको कीर्ति पिइदिने, अमृत बगाउने अनन्त कविको वाणीको मूल्य, सारा पृथ्वी हो अर्थात् अमूल्य हो।

मङ्गलाचरणमा नमस्कारात्मक एक श्लोक छ, जसमा गणेशजीलाई पुराणगजको बयान गरी कल्याणको प्रार्थना गरेको छ। यसमा महाभारतको सङ्क्षिप्त कथा १२ स्तवकद्वारा वर्णनात्मक रीतिले लेखिएको छ। एक हजार जति पद्य होलान्, गद्य भागचाहिँ केही थोरै होला। तर यो ग्रन्थको वैशिष्ट्य पद्यमा नै छ। पाण्डुले पुरुष मृग (किन्दम तपस्वी) लाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बाण हानेको कथादेखि उठाएर भीष्मबाट युधिष्ठिरले नीतिको उपदेश लिएको र अश्वमेध गरेकोसम्म कथा छ। मालवारका बासिन्दा नारायण भट्टले उनका निबन्धमा यो चम्पूभारतबाट धेरै उद्धरण गरेका छन्।

जातक ग्रन्थमा चम्पू-काव्यको बीज पाइन्छ। जातक दसौं शताब्दीभन्दा पहिले लेखिएको हो। गद्य र पद्यसमेत भएको काव्यलाई चम्पू भन्छन्। यसमा आर्या र अरू वार्णिक छन्दको प्रयोग हुन्छ। अगाडि पद्यद्वारा नमस्कार र मूर्खको निन्दा र सज्जनको प्रशंसा इत्यादि हुन्छ।

सभा प्रवेश

(श्री अनन्त कविको 'चम्पूभारत'बाट)

(दुर्योधनलाई सम्झाई सकेसम्म मेल गराइदिनुहोस् भनी युधिष्ठिरले भन्दा कृष्ण हस्तिनापुरमा विदुरको घरमा गई कुराकानी गर्दा गर्दै रात बिताएपछि)

रातजस्तै कुन्तीको कुरा सिद्धिएपछि मलिन ताराहरूजस्तै बत्तीहरू निदाउरा भएमा, चराहरूले जस्तै भाटहरूले गाना गाएमा, कमलजस्तै दुनियाँका आँखा खुलेमा, कुमुदबाट भमराहरू कमलमा जस्तै धृतराष्ट्रको दरबारबाट सहरियाहरू विदुरको घर आएमा उदयाचलबाट सूर्यझैं कमलजस्ता आँखा भएका कृष्ण पनि पलङ्गबाट उठे। अनि सन्ध्याकालमा गर्नुपर्ने सबै कामहरू सिध्याएर सिँगार गरेर धनु लिएका कृष्ण विदुरको हात समात्दै बिस्तारै निस्किए।

त्यसपछि बिहानीपखको सबै काम सिध्याएर कलिलो घामले बादलजस्तै कुंकुम मिसिएको चन्दन शरीरमा लगाएका, कमल हो कि भनेर शङ्का गर्ने छेउमा लेखिएका रजहाँसका ताँतीले खिँचिएको हो कि भनेझैं पीताम्बरले पाउ छोइएका, आफ्नो पेटभित्र ठाउँ नपुगेकोले बाहिर निस्केका ब्रह्माण्डरूपी बालकले झैं हारका मोतीहरूले मेखलाको अगिल्लो भागमा ठक्कर लागिएका, वर्षा र हेमन्तमा पनि नाश नहुने लक्ष्मीको लीलाकमल तारिफ गर्न आएको सूर्यको विम्बले झैं कौस्तुभमणिले छाती झिलिमिली भएका, दानवहरूको उत्पातको रातो परिधिले झैं माणिकको बाजुले पाखुरा सिँगारेका, विदुरको ढोकाबाट निस्कनलाग्दा दुर्योधनले बस्न नहुने तुल्याइएको सहरको जिमोन नछुवाउनलाई झैं नम्रतासाथ आएका दारूकले मणिको खण्ड लगाइदिएका, अगिल्लो भाग अलि नुहेका विदुरले हातको आड दिइएका, द्रोणाचार्य र कृपाचार्य अगुवा भएका ब्राह्मणहरूले दिइएको आशीर्वाद शिरले स्वीकार गर्ने भएका, कुशल प्रश्नले हर्ष बढेका धृतराष्ट्र र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भीष्मले दरबारमा जानलाई प्रार्थना गरिएका, धेरै बेरदेखि पर्खिरहेका सेनापतिहरूको अञ्जलिरूपी कमलको ताँतीलाई हेरेर मिजास गर्दै कृष्ण पनि भाटहरूले गाइएको कंसादिको विजयको प्रशस्तीले घन्किएको, सम्मानका लागि छरिएका फूलको बास्नारूपी सम्पत्ति पाएर अन्धकार भएका भमराका भङ्कारले मिसिएको बाजाका आवाजले गुञ्जेको, बादल नलागीकन पनि चम्किएका बिजुलीजस्ता सुनौला बेतका लट्ठीहरूले भिड हटाइएको, ठुलो सडकबाट विस्तार विस्तार सभामण्डपमा पसे, जहाँ दुर्योधन, दुःशासन, शकुनी र कर्ण बसिरहेका थिए ।

'पाण्डवहरूको राज्य किन फिर्ता नदिएको ? के चन्द्रवंशी राजाको चाल यही हो ? पुरुखा पुरुले बाबु खुसी तुल्याउनाको लागि नयाँ जवानी दिए । यी पितृभक्त भीष्मपितामह अहिलेसम्म ब्रह्मचर्यमा बसिरहनु भएको छ । बन्धुहरूले सम्झाएको के नसुन्ने ? इत्यादि कुरा कृष्णले भनेपछि रिसाएका दुर्योधनले भने–'ए नन्दका छोरा ! खालि विराट्की छोरी अथवा छोराको आश्रय पाएर मस्त भएका कुन्तीका छोराहरूको र हरबखत धेरै अक्षौहिणी (सेना) पतिहरूले गरिएको अञ्जलिको ताँतीलाई पनि हेर्ने फुर्सद नभएका हाम्रो कसरी मेल हुने ? फेरि तपाईले दूतको काम गर्ने हो ? मैले दिनुपर्ने कुरा के छ र ? यस्तो फजुलको काम छोडेर फर्कनोस् ।'

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सोमदेव

साङ्घातिलक यशोदेवका चेला नेमिदेव हुन् । तर्कशास्त्रका विद्वान् हुनाले उनलाई तार्किक लोकचूडामणि भन्ने पद दिइएको छ । उनका चेला सोमदेव हुन् । उनी निर्दोष गद्य र पद्य लेख्न सिद्धहस्त छन् । उनी जैन हुन् । उसैले यो 'यशस्तिलक भन्ने महाकाव्यका उठानमा यिनको स्तुति गर्दछन् । यो चम्पू लेखेकोमा उनी निकै गर्व गर्दछन्, उनी भन्छन्–

"असहायमनादर्श रत्नं रत्नाकरादिव ।
मत्तः काव्यमिदं जातं सतां हृदयमण्डनम् ॥"

फेरि पछिबाट उनी भन्छन्- "वर्ण पद, वाक्य, समास, लिङ्ग, क्रिया, कारक, छन्द, रस, रीति, अलङ्कार, लोकस्थिति इत्यादि चौध कुराले यो काव्य उज्यालिएको छ ।" धार्मिक दृष्टिकोणले लेखिए पनि यो कथा ज्यादै चाखलाग्दो छ । बाणको कादम्बरीसँग यसलाई दाँजेमा केही अत्युक्ति होओइन । यसका दुई खण्ड छन् । यसमा यशोधर महाराजको चरित्रको वर्णन छ । जैनका वैराग्य, स्मृति, यम, नियम इत्यादि साधारण गृहस्थ-धर्मका साथसाथै यति-धर्मको विशेष उल्लेख पनि यसमा पाइन्छ । यसको सङ्ख्या परिगणन गर्ने हो भने अठार हजार ग्रन्थ होला । यसमा कलात्मकता पनि प्रशस्त मात्रामा पाइन्छ ।

यिनको समय शक संवत् ८८१ अर्थात् वि.सं. १०१६ हो । चालुक्यवंशी अरिकेशरीका जेठा छोरा राष्ट्रकूट राजा कृष्णको राज्यकालमा गङ्गाधारामा लेखिएको हो ।

यसको पहिलो आश्वासमा यौधेय देशका राजपुर सहरका भारदत्त भन्ने राजाको वर्णन र भवानीको मन्दिरमा खड्ग लिएका राजालाई दुई मुनिबालकले देखेको कुरा छ । दोस्रोमा अवन्तीका राजा यशोधले केही काल सुखपूर्वक राज्य गरेको र उमेर ढल्केपछि 'म तपस्या गर्न जान्छु, तिमी राज्य गर' भनी छोरा यशोधरलाई भनेको र पछि कापटिक आएर राजालाई मन्त्रीको कुरा लगाउँछ । पछि बलिदान गर्न उद्यत भएको भारदत्तको भतिजा-भतिजी मुनि भएको देखेर हृदय परिवर्तन हुन्छ । जुन कुरा होस्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भन्ने जैन मुनि सुदत्तको चाहना थियो। भारदत्तले युवक मुनिको परिचय सोद्धा यशोधर र चन्द्रमतीको छोरा हुँ भन्ने जबाफ पाए। तेस्रो आश्वासमा ऊ आफ्ना मन्त्रीहरूसँग बहस गरिरहेको हुन्छ। उसले अचानकसँग पुराना कविता उल्लेख गर्छ र जितबाजी, उसकी स्वास्नीले गर्दा नष्ट हुन्छ। ऊ स्वास्नीलाई मार्ने विचार गर्छ तर जोगी भएर हिँड्दछ। एक मुठी पिठोमा सन्तुष्ट हुन्छ। चौथोमा आमा र छोराको पुनर्जन्म जम्ल्याहा भएर हुन्छ।

अवन्ती-वर्णन

(नेमिदेवका चेला श्री सोमदेव सूरिले बनाएको 'यशस्तिलक' भन्ने चम्पूबाट)

ओहो, तीन जगत्‌रूपी दरबारको प्रकाश गराउनामा कीर्तिरूपी कुलदेवताले पुजिएका, ठुला प्रभावरूपी असिनाको वृष्टिले कलिकालरूपी हात्तीलाई नाश गर्ने, धर्मको रक्षाले पृथ्वीको पालना गर्ने अनि सारा शास्त्ररूपी समुद्रको निर्णय बुझेका हे भारदत्त महाराज! सुन्नुहोस्। छ खण्डको मण्डलीको विभागले विचित्र भएको यही भरतक्षेत्रमा स्वर्गको चहकलाई समेत ठट्टा गर्ने, सारा दुनियाँले इच्छा गरिने वस्तुहरू दिनाले कल्पवृक्षको सेखी झारिदिने अवन्ती नाउँ भएको देश छ।

जहाँ बाटोमा बाहिर नै स्वभावैले सारा मानिसको चाहनामुताबिकको सम्पत्ति (अर्थात् फलफूल इत्यादि) भरिभराउ भएका, सारा दुनियाँ (अर्थात् बाहुनदेखि चाण्डालसम्मका) लाई फलफूल इत्यादि सम्पत्ति भोगाउने, हातमा फल दिने, स्वर्गलोकका मुनिहरूलाई पनि दानमण्डपको इच्छा गराउने, स्वर्गका बगैंचाका कल्पवृक्षलाई ठट्टा, गर्ने, वनदेवीका दानमण्डपजस्तै राम्रा रूखहरूले र धेरै जलचर चराका बथानको चञ्चलताले गर्दा चम्केको हावाले छालहरू हल्लिने, प्रशस्तसँग फुलेका राता र सेता कमलहरूको रसको थोपा चुहुनाले सुगन्धी जल भएका, चंचल कमलिनीका पातरूपी हातको छाया पर्नाले राम्रा, वर्षाका दिनलाई निष्फल तुल्याएका, स्वर्गका देवताको पूजा गर्न काम लाग्ने, जलदेवीका पानी-शालाजस्ता तलाउहरूले तथा भमराहरूको मधुपानको अधीन भएका कोशरूपी मदिरापात्रबाट खसेका केसरको बास्ना पाएका, देवताहरूका लागि फूल टिप्न योग्य भएका, इन्द्रको शिरमा सिँगार्नलायक फूलहरूले खाण्डव वनको उत्पत्तिलाई फजुल तुल्याउने, कल्पलताको सृष्टि बेकम्बा तुल्याउने, हातजस्ता पालुवाले मञ्जरी र फूलहरू लिएका, वसन्तको खेल्ने घरजस्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लहराहरूले र अरू प्राणीको इच्छा पूर्ण गर्ने, कल्पवृक्षको प्रभाव जितेका फल दिन चाहने हुनाले पवित्र आकार भएका वनका वृक्षहरूले पाहुनाहरूलाई कृतकृत्य गराउने शोभाले गर्दा दुनियाँका बढेका लक्ष्मी पनि वरसँग सङ्गम नभएका कन्याजस्तै खालि आफ्नै ठाउँमा शोभित थिए।

जहाँ आइमाईको कपालमा स्वाभाविक कालोपना थियो, मानिसको चरित्रमा थिएन; सिउँदोमा दुई किसिमको भाव थियो, मालिकको सेवामा दोमन थिएन; डेढोको हेराइमा बाङ्गोपन थियो, नम्रताको उपदेशमा थिएन; आँखीभुइँमा खुम्चाइ थियो, आपसी मित्रतामा थिएन; आँखामा वर्ण (सेतो रातो इत्यादि रङ्ग) को संकर थियो, कुलाचार (विवाह आदि) मा थिएन; स्तन-भागमा विवेक नभएको ठेलमठेल थियो, अर्काको कुरामा विवेकहीनता थिएन; मध्यदेश अर्थात् कटिभागमा (दरिद्रता) दुब्लोपन थियो, चिताएको वस्तुमा थिएन; नितम्ब भागमा जडता (गह्रौंपन) थियो, शास्त्रको अभ्यासमा थिएन; पाउका नङमा बढबिढाउ देखिंदैनथ्यो, लक्ष्मीका महोत्सव (चाड) मा भने देखिन्थ्यो; पैतालामा धुलोले धुस्रोफुस्रो देखिन्थ्यो, चरित्रमा भने (पांसुलता) धुर्त्या देखिँदैनथ्यो।

फेरि जहाँ पलको व्यवहार सुनको दक्षिणामा थियो (मासुमा थिएन), मधु (वसन्त) को आगमन वर्षको सुरुमा थियो (मदिराको समागममा थिएन), पर असल आइमाईको कुरा कामशास्त्रमा थियो (पराईकी स्त्रीमा थिएन), क्षणिक स्थिति बौद्ध-शास्त्रमा (बोलाइमा) थिएन, चञ्चल विलास हावामा थियो (परस्त्रीमा थिएन), भावको सङ्कर भरत-शास्त्रमा थियो (क्रियाको मिश्रणमा थिएन), पर (उत्कृष्ट) धनको इच्छा मन्दिर बनाउनामा थियो (अर्काको धनमा थिएन), निपातको सुनाइ शब्द-शास्त्रमा थियो, दोषको विचार वैद्यका वचनमा थियो, भङ्गको सुनाइ यमक-वाक्यमा थियो, दाज्यूभाइको झगडाको कुरा भारतको कथामा थियो, गुण (ताँदो) छिन्ने लडाइँमा हुन्थ्यो, बाङ्गोपना कामदेवको धनुषको टुप्पोमा थियो।

राजा यशोधर र उनकी आमाको कुरा

आमा, ऐले यौटा कथा सुन्नुहोस्, जो मैले हिजो नै विद्यानवद्य नाम भएको उपासकबाट सुनें। इन्द्रको सभामा ब्राह्मणहरूको आचरणमा वादविवाद गर्ने भएका दुई देवता जाँच गर्नाको लागि एउटा बोको भएर र अर्कोचाहिँ बोको बेच्ने भएर पाटलिपुत्रको सहरबाहिर बगैंचामा आए। त्यही

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वेला साढे पाँचसय छात्रका गुरु काकायन यज्ञ गर्ने इच्छाले त्यहीँ आए। मानिसको साथमा एउटा ठुलो बोको पनि देखे, अनि 'यो बाखीको बच्चो यज्ञ गर्नालाई ठिक हुन्छ' भनेर त्यो मानिसलाई भने–"ए मान्छे, यो बोको बेच्ने हो भने यता लेरा।' उसले भन्यो–'मालिक, त्यो औँठी दिनुहुन्छ भने बेच्दछु।" हुन्छ भनेर औँठी दिई आफ्नो चेलालाई उनले भने–"बाबु कुशिक, यो बोको बलियो छ, त्यस कारण उपर्नाले राम्ररी बाँधेर लैजा। म पनि लगत्तै आउँछु।" गुरुले भनेबमोजिम गरेर लैजान लागेमा सारा चेलाहरू मिल्दा पनि बोको हिँड्दै हिँडेन, अनि यहीँ नै मारेर देवता, पितृ र ब्राह्मणहरू तृप्त पारौँ भनी चेलाहरूले भनेको सुनी ठुलो ढुङ्गा उजाएका उपाध्यायलाई देखेर बोकोले मानिसको बोलीमा भन्यो–"तपाईंले यत्रो परिश्रम किन गर्नुभएको हो ?" डराएका अनि अचम्म मानेका उपाध्यायले भने– "महापुरुष, तिमीलाई स्वर्ग पठाउनाको लागि।" बोकोले भन्यो– "यज्ञको बहाना गरेर धेरै पशुलाई तपाईंले खाइसक्नुभो। ऐले त ढुङ्गा चपाएजस्तै हुने छ र तपाईको दाँत भाँचिने छ। फेरि स्वर्गको फलको तिर्खा मलाई लागेको छैन, मैले तिमीलाई प्रार्थना गरेको पनि हैन, खालि धाँस खाएर सन्तुष्ट भएको छु। त्यसकारण तिमीले मार्नु ठिक छैन। तिमीले यज्ञमा मारेका प्राणीहरू स्वर्ग जान्छन् भने आमा, बाबु, छोरा र दाजुभाइहरूको बलि यज्ञमा किन दिन्नौ ?"

त्यसपछि हे भारदत्त महाराज, ती मेरी आमा मेरो भनाइमा निरुत्तर भइन् र अर्को उपाय नदेख्दी छँदी फेरि–"आमा, मेरो नअसल हुने काम नगर्नोस्' भनी मैले मानका साथ रोक्दारोक्दै पनि स्नेह र खुब नम्रताका साथ मलाई नै ढोगेर प्रार्थना गर्न लागिन्–"म अनाथ छु भनेर दयाले होस् वा, आमा भन्ठानेर मायाले होस् वा, मलाई नै देखेर बाँचेकी छ भनेर होस् वा, बुढी भन्ठानेर दयाले होस् वा, मान्यजनको आज्ञा नाघ्नुहुन्न भन्ने मनसायले होस् वा, यल्ले भनेको नमान्नाले पहिले गरेको पुण्यको पनि हानि हुन्छ भन्ने विचारले होस् वा, पण्डित छु भन्ठान्ने तेरो के अर्को कोही पनि छैन, जो म बुढीलाई यसरी बकबक गर्छस् भन्ने गालीको डरले होस् वा, ठिक र बेठिक गुरुजन नै जान्दछन् भन्ने बाटोको पछि लागेर होस् वा, यो शुभ अनुष्ठान भएन भने म नै पापको भागी हुन्छु भनेर होस् वा, ठुलो पदमा रहेकी यसलाई मैले हेला गरेँ भने बाँच्ने छैन भन्ठानेर हो वा, होइन भने आफू नै देवताको बलि बन्नेछु, अनि दुवै थरी कुलमा विशुद्ध भएका तिमी नै यो लक्ष्मीको फल भोग गर भन्ने अपवादको डरले हो वा, यदि परलोकको दोषको शङ्काले दुर्गति होला भनेर होस् वा, अरू कुनै कारणले प्राणीको हत्या गर्दैनौ भने भैगो नगर। तर दक्षिणको उत्सव मनाउने वैदिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ब्राह्मणहरूद्वारा पिठोको कुखुराले कुलदेवतालाई बलि चढाएर त्यसबाट बाँकी रहेको पिठोलाई मासु भन्ठानेर मेरो साथमा तिमीले खानुपर्छ ।

राजाले मनमनै भने-'ओहो, स्वास्नीमानिसको ढिपी गजबको हुन्छ । स्वास्नीमानिसहरू शय्यामा सुतेको वेलामा लोग्नेमा र स्याहार गर्दा छोराहरूमा मनपरी गर्न सक्छन् र घरको काम पनि छोड्छन्, तर पुरुषार्थी काममा होइन । कमलको पातको पानीको कणजस्तै नारीको मन चञ्चल र ज्यादै निःसार हुन्छ । नदीको प्रवाहमा परेको रूखजस्तै घरकाजमा बाहेक स्त्रीको वास्ता पुरुषले गर्दैन । स्त्री त वीरको मुठ्ठीमा रहेको तरबारजस्तै पुरुषको मनसाय साँध्छे । बुद्धिमान्हरू आसक्तिलाई नै पाप र पुण्यमा मुख्य कारण मान्दछन् । बाहिरिया इन्द्रियहरू सूर्यका घामजस्तै पाप र पुण्यमा एकनाससँग जान्छन् । यत्तिकैले कर्ता (पुरुष)लाई पाप र पुण्य हुँदैन । सङ्कल्पले प्रतिष्ठा गरिएका ढुङ्गाका टुक्रालाई देवता भन्ने के पञ्चमहापातकी हुँदैन ? खराब अपवादले धमिलिएको सज्जनको चित्तमा झैँ एकपल्ट खराब चिताउनाले मैलो भएको मनमा पनि फेरि प्रसन्नताको उपाय दुर्लभ हुन्छ । धेरै कालदेखि जम्मा गरिएको पुण्य पनि एकपल्टको भूलले एकैछिनमा जरैदेखि नाश हुन्छ । पुण्यले गृहस्थ पनि मुनि हुन्छन् । जस्तो-उत्तर मथुराका निशाप्रतिमामा बसेका, दैवले गर्दा स्वास्नी, छोरा, मित्रहरू मरेका, अनि एकत्वको भावना गर्ने अर्हदास । फेरि मुनिहरू पनि गृहस्थ हुन्छन् । जस्तो–कुसुमपुरमा छोरालाई राज्य दिएर गई योगपट्टि लागेका पुरुहूत देवर्षि पनि पछि लडाइँमा छोरा मरेको सुनेर जगत्मा प्रसिद्ध भएको यो उदाहरण पनि छ । एउटै आइमाईको शरीरमा जिनमुनि, गुण्डो र राक्षसहरूको भिन्न-भिन्न विचार हुन्छ ।

फेरि यो यज्ञमोहले विह्वल भएको कालरात्रीजस्तै हटाउन सकिँदैन उसैले घुँडा भाँचिएझैँ म हिँड्न नसक्ने भएँ । त्यस कारण एकातिर किनार र एकातिर बाघ देखिएको प्राणीको गतिजस्तै म यस्तो अन्यायमा परेँ । यदि यी आमाको आज्ञा मानिनँ भने यी उपाध्यायहरू भन्ने छन्– 'यही नजिकमा बस्ने देवबुद्धिको बदमासी हो । साराको सामुन्ने हैँला गरिएकी यी बुढी के गर्ने हुन् थाहा छैन ।'

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

धनपाल

धनपाल काश्यपगोत्री देवर्षिका नाति र सर्वदेवका छोरा हुन्। विशाला सहरको मध्यदेशमा यिनको जन्म भएको हो। उत्तम सूक्तिका रचनामा ज्यादै निपुण हुनाले यिनलाई मुञ्जले सभामा 'सरस्वती' भन्ने पद दिएका थिए। यिनले ऋषभपञ्चाशिका-स्तुति बनाएका थिए। गद्य तथा पद्य दुवैतिर यिनी सफल हुनाले राजसभामा यिनको ठुलो प्रतिष्ठा थियो। एउटा शिलापत्रको एक अंश– **'अयि खलु विषमः पुराकृतानां भवति हि जन्तुषु कर्मणां विपाकः।'** पाइयो। अरू कविले त्यसको पूर्ति गर्न खोजे तर मिलाउन सकेनन्। पछि **'हरशिरसि शिरांसि यानि रेजुर्हर हर तानि लुटन्ति गृ,,पादैः'** भन्ने पूर्ति यिनले गरे। मैले गरेको मिलेन भने फेरि कविता लेख्ने छैन भनी यिनले प्रतिज्ञा गरेका थिए। संयोगवश शिलापत्रको अर्को अंश पछि पाइयो। त्यसमा धनपालको पूर्तिमुताबिक नै रहेछ। अनि यिनले खूब पारितोषिक पाए।

धनपाल जैनधर्मी थिए। त्यसैले राजासँग सिकार गएको वेलामा हिंसाको निन्दा गरेका रहेछन्। बलि दिन ठिक पारेको बोकालाई लिएर यिनले लेखेका रहेछन्।

'यूपं कृत्वा पशून् हत्वा कृत्वा रुधिरकर्दमम्।
यद्येवं गम्यते स्वर्गो नरके केन गम्यते ॥'

अर्थात् मौलो बनाएर, पशु मारेर, रगत बगाएर यदि स्वर्ग गइन्छ भने नरकमा को पर्ला ?

धनपाल आत्माभिमानी थिए। उनी कसैसँग डराउँदेनथे। यही तिलक-मञ्जरी बनाएर सुनाउँदा छक्क परेका राजाले भने छन्– "मलाई कथा-नायक बनाउनोस्।" तर धनपालले भने छन्– "जूनकीरी र सूर्यको जस्तै तिमीहरूमा धेरै अन्तर छ।" त्यसपछि आगो भएका राजाले तिलकमञ्जरीको पाण्डुलिपि जलाइदिएछन्। दिक्क भएर घर फर्केका धनपालले पूर्वार्ध सम्झी-सम्झी छोरालाई लेख्न लगाए। उत्तरार्धचाहिँ नयाँ बनाए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

धनपालको समय कुन हो भन्ने प्रश्न उठ्नु स्वाभाविकै छ। तर विक्रम संवत् १०७८ चैत्र सुदी रोज १४ को परम भट्टारक महाराजाधिराज श्री भोजदेवले धनपति भट्टलाई गरेको भूमिदानको लेखबाट यिनी एघारौँ शताब्दीका रहेछन् भन्ने र उनकै राजधानीमा यो बनाएको भन्ने बुझिन्छ। (राजतरंगिणी ४।१४५

कविकिपतिराजश्री भवभूत्यादि सेवितः।
जितो ययौ यशोवर्मा तद्गुणस्तुतिवन्दिताम्॥

यहाँ भोजका बाबु वाक्पतिराजको नाम आउँछ। नाममात्र साम्य भए पनि एउटै राजा हुन् भनी कोही भन्छन्, कोहीचाहिँ भिन्नै हुन् भन्छन्।

ग्रन्थको आदिमा यिनको स्तुति गरिएको छ। नायिकाको नामले यसको शीर्षक राखिएको छ। ती तिलकमञ्जरी रथनूपुर चक्रवाल भन्ने सहरका चक्रसेनकी छोरी हुन्। राजकुमार समरकेतुको प्रेमको वर्णन यसमा छ। हरिवाहन इक्ष्वाकु-कुलमा पैदा भएका मेघवाहन भन्ने अयोध्या नरेशका छोरा हुन्। हरिवाहन बगैँचामा घुम्न जाँदा प्रतिहारीले आएर दिव्य चित्र दिन्छे। यो तस्बिर कहाँ पाइस् भनी हरिवाहनले सोद्धा परदेशी पन्ध्र सोह्र वर्षको एउटा ठिटोले हजुरलाई टक्र्याएको भनी। यत्तिकैमा त्यही परदेशी ठिटो आउँछ र यो तस्बिरमा केही दोष छ कि भनी सोध्छ। हरिवाहन चित्रको तारिफ गर्छन्। अनि राजकुमारको चित्र लेख्छु भनी विदेशी ठिटो अगि सर्छ। कारण सोद्धा तिलकमञ्जरीले अरू कसैसँग बिहे गर्न मञ्जुर नगरेको कुरा बताउँछ। ऊ गएपछि तिनै तिलकमञ्जरीको चित्र हेरेर प्रेम र विरहवेदनाको बीजारोपण हुन्छ।

आदिदेखि अन्त्यसम्म हेर्दा यसलाई दोस्रो 'कादम्बरी' भनिदिए हुन्छ। यहाँ पनि दुई जोडी छन्। अर्को जोडी मलयसुन्दरीका छन्। कथानक रसिलो छ। अस्वाभाविकजस्ता घटना घटे पनि पाठकको हृदयलाई यसले खिँच्दछ। अलङ्कारहरू प्रशस्त पाइन्छन्। कादम्बरीमा तारापीड र विलासवतीले चन्द्रापीडलाई पाउन धेरै पुण्यकर्म गरेजस्तै यहाँ पनि मेघवाहन र मदिरावतीले विद्याधर मुनिको उपदेशले बगैँचामा नै लक्ष्मीको प्राण-प्रतिष्ठा गरी उपासना गरेका छन्। लक्ष्मीका वर-प्रसादले छोरा जन्मन्छन्। केटाकेटीमा नै राजा हुँदा मेघवाहनको राज्य सचिवायत्त छ। त्यस्तै स्पष्ट रूपमा नदेखिए पनि कादम्बरीमा शुकनासले नै राज्यको अभिभारा थामेजस्तो देखिन्छ। त्यस्तै चरित्र-चित्रण, देश, काल, शैली उही कादम्बरीकै किसिमका देखिन्छन्। तर यहाँ विशेष जैन-धर्मको महत्त्व देखाउन खोजिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चित्र-दर्शन

(श्री धनपाल कविले बनाएको 'तिलकमञ्जरी' भन्ने गद्य महाकाव्यबाट । तस्बिर लिएर आउने पन्ध्र वर्षको विदेशी ठिटो राजकुमारको नजिक आएपछि)

औंल्याइएको आसनमा बसेपछि सारा सिद्ध, विद्याधर, देवताहरूलाई जित्ने राजकुमारको सौन्दर्य देखेर त्यो ठिटो ज्यादै खुसी भयो । राजकुमारले एकटक लगाएर इच्छासाथ हेरिँदा आफूलाई भाग्यमानीजस्तो उसले ठान्यो ।

एकछिन चुप लागेर बसेको त्यो ठिटोले शिर नुहाएर तसबिरमा एकटक लगाएर हेरिरहेका राजकुमारलाई सोध्यो– "कुमार ! यो चित्रपटमा के हेर्न लायकको रूप छ ? कुनै दोष के छर्लङ्ग भएको छैन ? सम्पूर्ण कलाशास्त्रमा पार भएका भाग्यमानी तपाईले ऐलेसम्म चित्र-विद्यामा परिपक्व नभएको मलाई शिक्षा दिनुपर्छ ।" हरिवाहनले उसलाई भने– 'बालक, तिमीलाई के सिकाउनुपर्छ ? जगत्मा यो विद्याको सृष्टि गर्ने तिमी हौ । भलादमीपनजस्तै स्वभावैले मिठो भएको यो चित्र-कला पूर्वजन्मको अभ्यासले आएको होला । नम्रतामा जस्तै यस विद्यामा पनि तिमीलाई उपदेश गर्ने गुरु कमै होलान् । यो थरीथरीका चाँप, अशोक, तिलक, ताल, तमालका रूखहरू वरिपरि किनारमा भएको, फुलेका सुनौला कमलहरूले दिव्य शोभा देखिने, सुहाउँदो चालले फैलिएको पहाडको शिखरमा रचिएको यो तलाउ ज्यादै गजबको छ । यसको किनारमा यी राम्रा गुलाफजामुनका लतागृह, घना सुपारीका रूख र पानको झाङनेर छापेको भुइँ हेर्न लायक छन् । यहाँ यिनी बिना कोसिसले राम्रो रत्नको बालुवाको किनारमा सँगिनीहरूका साथमा घुम्ने यिनी ठिकसँग वर्ण-धर्मको व्यवस्था राख्ने राजनीतिजस्तै ठिक-ठिक वर्ण (रङ्ग) को समुदाय भएकी, होचो र अग्लो जमिन छर्लङ्गसँग देखाउने सूर्यको कान्तिजस्तै उठेको र खोपिल्टो परेका अङ्गहरू छर्लङ्गसँग देखिने, चखेवाजस्तै राम्रो भमरी परेको नाइटो भएकी, सारा सुन्दरीहरूकी शिरोमणिज़स्ती चक्रवर्तीकी छोरी लेखिएकी छन् । यिनका सुसारेहरू हिँड्नाले अगिल्तिर चञ्चल भएका र त्रासले आकाशमा उडेका चराहरू खास ज्यूँदा हुन् कि झैँ देखिन्छन् । टहल गर्न सिपालु भएका अनि आफ्नो-आफ्नो काममा लागेका, सिँगारिएका यी नखरे आइमाईहरू ठिक-ठिक ठाउँमा राखिएका छन् । फेरि माथि सेतो छाता ओढेकी यिनी चन्द्रमाबिच आकाशमा पुगेको पूर्णिमाको रातजस्ती छन् । यिनको पछि-पछि लागेकी, हातमा विलासपूर्वक सुनको दण्ड लिएकी यी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

बिजुली चम्केकी वर्षाजस्ती देखिन्छिन्। फेरि बाटो छेक्ने हाँसहरूलाई पाउजेबको आवाजले हटाउने, पानबुट्टा हातमा लिएका अर्कीचाहिँ नजिकै आएर पानबट्टा खोलीकन तेर्सोपट्टि पसारेको हातमा पान टक्र्याइरहेकी छन्। धेरै भनेर के हुन्छ! जे-जे हेरिन्छ त्यो त्यो सबै यो चित्रपटको सौन्दर्य बढाउनाको कारण छ। बरु एउटा यहाँ दोष छ, एउटा पुरुषको चित्र यहाँ देखिन्न। यसैले गर्दा अलि पूर्ण शोभा पाएको छैन। उसैले ऐले पनि शोभा बढाउनाको लागि र दर्शकहरूको कौतुक बढाउनाको लागि र आफ्नो चित्रकुशलता प्रकट गर्नाको लागि केही राम्रा पुरुषहरू यिनको परिवार तुल्याउन योग्य देखिन्छ। यस्ता कन्याको अगाडि पुरुषहरू हुनु विरुद्ध कुरा पनि होइन।' यस्तो हरिवाहनले भनेमा त्यो ठिटोले भन्यो-

"हे कुमार, ठिक भन्नुभो। साधारण कन्याको चरित्र लेख्नेलाई यो ठिक छ? मैले त त्यस्तो गरिनँ किन्तु पुरुषको द्वेष गर्ने कुनै स्त्रीको रूप, विलास र चेष्टा देखेमुताबिक लेखेँ। योचाहिँ यसैगरी नै लेखिएको ठिक हुन्छ नत्र हुँदैन। यस कारण यस विषयमा मान गर्नलायक भएका तपाईले मेरो अज्ञान, असावधान, अनुचित ज्ञान र अधूरो अभ्यासलाई औँल्याउन ठिक छैन। यदि पुरुषको रूप लेख्ने विषयमा राजकुमारलाई चाख छ भने त्यो पनि देखाइदिन्छु। आफ्नै मतलबले पनि यसमा मलाई हडबड छ। अथवा अरू पुरुषको रूप किन लेख्ने? ऐले यहाँ कै रूप लेख्नामा मुख्य कारण पनि छ। त्यो म बयान पनि गर्छु। कल्याणका खानि भएका तपाई छोटकरीमा यो सुन्नुहोस्। वैताढ्य पहाडमा सारा भारतवर्षकी लक्ष्मीको विलासको शय्याजस्तो, अनेक कल्पवृक्षले गर्दा धेरै ऋतुले सम्पन्न बगैँचा भएको, धेरै मणिका महलको चहकले गर्दा दिन र रात छुट्याउन नसकिने रथनूपुर चक्रवाल भन्ने विद्याधरको सहर छ। त्यहाँ भरत, सगर आदि राजाजस्ता, तीनै लोकमा कीर्ति प्रख्यात भएका, सधैँ नीतिशास्त्रमा लागेका, तीन शक्ति स्पष्ट भएका, शत्रुका षड्वर्गलाई रोक्न लागिपरेका, हारेका सयौँ राजाको शरण लिने, संयम नै धन भएका मुनिहरूले विद्या पढाइएका, ठुला शत्रुहरूले पनि बल घटाउन नसकेका, बहादुर, सारा दक्षिणपट्टिका चक्रवर्ती चक्रसेन भन्ने राजा थिए। बालक अवस्थामा नै शस्त्रविद्या र शास्त्रविद्या जानिसकेका, जवानीको सुरुमा नै पूर्व र पश्चिम समुद्रसम्म राज्य पुऱ्याएका, इन्द्रजस्तै नन्दन बगैँचाका कल्पवृक्षको हावा खाने, अनि पाँचै विषयको भोग गर्ने तिनको केही काल बितेपछि उदार विद्याधरको कुलमा पैदा भएकी, शरीरको सौन्दर्यले लक्ष्मीको रूपसम्पत्ति हल्का तुल्याउने पत्रलेखा भन्ने महारानीमा शुभ सपनाले अवतार सूचना गरिएकी तिलकमञ्जरी भन्ने कन्यारत्न पैदा भइन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

'यो चित्रपटमा लेखिएको जसको रूपको लेश सौन्दर्यका खानि भएका यहाँले नजर गर्नुभयो ती यिनै कुमारी जन्मदिनको महोत्सवको शोभाले सारा प्राणीलाई आनन्द दिने भएकी छादी, पुतली, भकुण्डो, छोरीको बिहे इत्यादि बालक-अवस्थाका खेलले बालककाल बिताउँदी छँदी, शुक्ल पक्षमा चन्द्रमाको कलाझैं दिनहुँ भिन्न-भिन्न कलाको परिचय बढाउँदै क्रमैसँग फूलका बाणको (कामदेवको) क्रीडाको बगैंचा भएको जबानीमा पुगिन् । अहिले नम्रता, कुशलता, शीलस्वभाव, लाज इत्यादि स्त्रीमा हुनुपर्ने गुणका बयानले गर्दा दुगुना माया गर्ने बाबुले सारा आफ्नो सम्पत्तिको पात्र तुल्याइएकी, अनि उनको इच्छामुताबिकको भ्रमणलाई आज्ञा दिइएकी, राम्रो भेष धारण गरेका विद्याधरीका बथानले घेरिएकी, अगाडि दगुर्ने, अनि छेउमा चलेको अनेक चिह्नले सूर्यमण्डल छेक्ने मुजुरको छाताको वनले गर्दा बज्रको त्रासले खुम्चिएको सुमेरूको शिखरजस्तो सुनको विमान चढेकी छँदी, चाँडो आकाशको बाटोबाट कहिले दक्षिण समुद्रका तरङ्गले छानिएका जबान ताडीका रूखमा र सम्भोग चाहने सर्पिणीले छाइएका तमाल, र गुलाफजामुनका झ्याङले झ्याम्मिएका मलयाचलका वनमा घुम्छिन् । कहिले लागेको सुनको कमलको केशरको धूलोले रङ्गिएका कलहंसहरू भाग्न लागेको मानसरोवरको जलमा नुहाउँछिन् र किनारमा बसेका कुबेरकुलका कुमारहरू हेरिरहन्छन्, कहिले यताउति आकाशगङ्गाको धारा बगिरहेका हिमालयका शिखरमा बनविहारले थाकेकी छँदी मजासँग बसेका किन्नरका कुलको गाना सुन्छिन्, कहिले छिद्र नभएका पुनागका रूखले छाइएको बालुवाको किनारमा र अटूट चराहरूको राम्रो आवाज सुनिने समुद्रको छेउमा आफूजस्तै सिँगारिएका विद्याधर-कुमारीहरूका साथमा उत्तर-कुरुबाट ल्याएको कल्पवृक्षका फलको रसको आसव पिएर उत्सव मनाउँछिन्, घरमा बसेका बखतमा पनि सधैं सब कलामा कुशल भएका, सारा देशका भाषा जान्ने, पौराणिक कथामा निपुण भएका, आइमाईले उठाएका कथाद्वारा मन बहलाइएकी छँदी दिन बिताउँछिन् तर सपनामा पनि पुरुषको सङ्गत इच्छा गर्दिनन् । गुरुहरूले बुझाउँदा पनि, श्रेष्ठ विद्याधर-कुमारहरूले अनेक किसिमबाट लोभ्याउँदा पनि, मनपरेका संगिनीहरूले खुसी तुल्याउँदा पनि, बुढाहरूले सम्झाउँदा पनि आफूसुहाउँदो वर नदेखेर हो कि, आफ्नो इच्छामुताबिकको विहार छोडेर किन पुरुषको अधीनमा हुनु भनेर हो कि, अथवा पढ्दा थालेको ब्रह्मचर्य-व्रतको अवधि पर्खेर हो कि, अथवा पूर्वजन्ममा सम्बन्ध भएको पुरुषविशेषको गाढा प्रेमवासनाको वशले गर्दा अरू पुरुषमा आँखा नलगाउने भई बिहे गर्न चाहन्नन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

'छोरीको त्यस्तो किसिमको चाल देखेर पनि उपाय गर्न नसक्ने भएकी रानी ज्यादै दिक्क भइन् । छोरीको बिहे होस् भनी उनले खुब मन्त्र जपिन् । त्यसैको प्रभावले तिनले राती सपना पनि देखिन् । भगवतीको आज्ञा भयो– "रानी, दिक्क नमान । विद्याधरकुमार खोज्ने कोसिस नगर । सारा राजाका शिरोमणि भएका पृथ्वीका नरेन्द्रकुमार छोरीका पति हुने छन् । हिमालयको टाकुरामा रहेको पद्ममहाह्रदको पद्मवनमा राज- भएकी लक्ष्मीकी प्यारी सखी यी पूर्वजन्ममा थिइन् । पुण्यको प्रभावले अहिले तिम्री छोरी भएर जन्मिन् । उसैले यिनको आदर गर्ने ।" ब्युँझेपछि उनले विचार गरिन्- रूप नदेखीकन छोरी अनुरक्त हुन्नन्, भारतवर्षमा सारा राजकुमारहरूको रूप देखाउन पनि ज्यादै मुस्किल छ ।' अनि त्यसै वेला सारा अन्त:पुरमा श्रेष्ठ भएकी राजकुमारीकी धाई मेरी आमा चित्रलेखालाई बोलाएर रानीले भनिन्–'सखी चित्रलेखा, चित्र लेख्ने काममा तिमी ज्यादै निपुण छयौ, नानी तिलकमञ्जरी पनि चित्र हेर्न इच्छा गर्छिन् । उसै हुँदा सारा आफ्ना परिवारको चित्र देखाउने बहानाले । स्वभावैले राम्रा पृथ्वीका राजकुमारहरूको नाउँसमेत लेखिएका ठिक चित्रहरू देखाऊ । उत्कर्ष देखाउने बोलीले तिनीहरूको त्याग, सौभाग्य, सम्पत्ति, चलाकी, सौन्दर्य इत्यादि गुणहरूको बयान पनि गर । दैवको शक्ति अचिन्त्य छ । यसो गरेमा कुनै राजकुमारमा यिनको आँखा लाग्छ कि ?' रानीको आज्ञा मानेर मेरी आमाले पनि उत्तिखेरै पृथ्वीका राजकुमारहरूको चित्र लिन चारैतिर निपुण चित्रकारहरू पठाइन् र अन्त:पुरको नोकरजस्तो भएको मलाई पनि आदर गरेर उनले भनिन्– 'बाबु गन्धर्व, तेरो पनि यो अधिकार हो । सुवेल पहाडमा बस्ने बाबु विचित्र-देवको नजिकमा महारानी पत्रलेखाले कुनै काम परेको हुँदा तँ पठाइएको छस् । उसैले अरू कुरा केही पनि भन्न सक्दैनस् । तर रानीको काम सिध्याइसकेपछि फर्कंदा उहाँ गगनचरेन्द्रलाई यो मेरो कुरा बिन्ती गर्नू जो तिमी सारा दक्षिणका सामन्तले ढोगिएका काञ्ची नगरीका राजा कुसुमशेखरकी गन्धर्वदत्ता भन्ने पटरानी छन् । उस्तै नाम हुँदा शङ्का पैदाभएका हजुरले समुद्रको जलले तल्लो भाग केही भत्केको र रत्नकूट पहाडमा दिव्य आयातनमण्डलमा जाँदा राति हजुरले उस्तै सुन्नुभएको थियो । उनी हजुरकै छोरी गन्धर्वदत्ता हुन् किनभने मैले हजुरको आज्ञाबिना पनि गएर आफै हेरें । सारा इष्टमित्रको आरामी खबर बताएर सान्त्वना पनि दिएँ । एकान्तमा सोद्धा वैजयन्ती नगरको उपद्रवदेखि सारा प्रवासको वृत्तान्त उनले बताइन् । उसैले तिनीमाथि यहाँले शङ्का नगर्ने । अनि तिनको सहरमा एक रात बिताएर सारा दिशालाई प्रकाश दिने हजार किरण भएका सूर्य उदाएमा बिदा लिई काञ्ची सहरमा आई राजकुमारी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

गन्धर्वदत्ताको केही सेवा गरी तुरुन्तै आउनू। प्रस्थान गरेका तिम्रो बाटोमा यही बहुरूपी विद्या साधेको चित्रमाय नाउँ भएको विद्याधर साथी हुने छ।'

'उसैले यो अवश्य गर्नुपर्ने राजाको काम ठानेर यहाँले मलाई बिदा दिन नै लायक छ, मानिसको चित्र लेखाउन होइन। उत्कण्ठित मन भएकाले गर्न सुरु गरेको मोटो काम पनि ठिक हुँदैन भने चित्त ज्यादै एकाग्र पारेर गर्नुपर्ने मिहिन चित्रको काम फेरि के होला ? उसै हुँदा अहिले त्रिकुटाचलका शिखरहरूमध्ये चूडामणि भएको विचित्रवीर्यनगर काञ्ची प्रदेशमा मैले जानुपर्छ यदि बिचमा कुनै बिघ्न परेन भने। त्यसपछि त्यहाँबाट फर्केको मैले नियमपूर्वक यहाँ आएर सारा माग्नेहरूको कल्पवृक्ष बनेको मुगाजस्तो लाल तथा इष्टफल दिने हजुरका दुई पाउको दर्शन गर्नुपर्छ। धेरै चित्रको सिप देखाएर एक दिन बसी एकाग्र भएर भाग्यमानी हजुरको रूप त्यसरी लेख्नुपर्छ, जसरी चित्रमा लेखिएका हजुरलाई देख्नासाथ गरुडको सिद्ध मन्त्रले झैं सारा बान्धवलाई सहीन्‌सक्नु भएको राजकुमारीको पुरुषप्रतिको द्वेषरूपी विषको वेग शान्त हुनेछ।'

यस्तो भनेर जान लाग्यो र फेरि गन्धर्वले भन्यो– "कुमार, मैले टाढा जानुपर्छ। खुसीसाथ आज्ञा दिनुहोस्। मैले गर्नुपर्ने केही काम भए भन्नुहोस्। तपाईको कुनै इष्ट जन भए लेख अथवा कुशल समाचार पठाउनोस्। फेरि उताबाट ल्याउनुपर्ने अनि यो देशमा दुर्लभ भएको कुरा भन्नुहोस् पनि।' यस्तो भन्ने गन्धर्वलाई धेरै बेरसम्म स्नेहपूर्वक हातले उसको काँध हुँदै ऊ जाने विरहले पिर मानेका हरिवाहनले भने– 'गन्धर्व, यस विषयमा म के भनूँ ? सम्पूर्ण रूपले हृदयमा पसेका, नम्रता, चलाखी र मिठास भरिएका तिम्रा गुणले डोरीले झैं परतन्त्र पारिएको बुद्धिले नघचेटिएको बोली जिभ्रोको टुप्पोमा आउँदैन। जाऊ भनेर कसरी आज्ञा दिऊँ ? खै, के गरूँ ? यो साधारणको पनि प्रकृति हो, जो जनको वियोग सहँदैन भने तपाई जस्ताको वियोग म कसरी सहूँ ! जुन तपाई हुँदा राम्रा कुराको गोष्ठी हुन्छ। गजबका कथा सुनिन्छन्, गाना, नाच र चित्र आदि कलाको सुधार हुन्छ, मिठा कुरा सुन्नाले कानलाई आनन्द हुन्छ, कुनै आतङ्क नभएर काल बिताइन्छ, पुण्यले पाइएको त्यस्तो पुरुष-रत्नलाई कुनचाहिं युवक छोड्न खोज्ला ? त्यसो हो तापनि के गर्नु, पराधीन भएका तपाईलाई आफ्नो साथमा एक दिन पनि राख्न सकिन्न। उठ्नुहोस्। आफ्नो राजाको काम सिद्ध गर्न जानुहोस्। दक्षिण दिशामा तपाईको दर्शनबाहेक अरू मेरो केही काम छैन। त्यो कुरा खुद तपाईले नै मन्जुर गरिसक्नु भयो। उसैले त्यो विषयमा प्रार्थना गर्नु फजुल छ। हाम्रो देशमा दुर्लभ भएको कुरा ल्याउनुहोस् भन्नु पनि पर्देन किनभने एउटा हाम्रो देश

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भन्नेमात्र के कुरा ! तीनै भुवनमा जुन दुर्लभ थियो त्यस्तो रम्भा, उर्वशी आदि अप्सराको सेखी हर्ने वस्तु यहाँ ल्याइदिनुभो। विद्याधरकी राजकुमारीको यो चित्रले नै म कृतकृत्य भएँ। अरू वस्तु हेर्न चाख नलाग्ने भयो। त्यहाँबाट फर्केर यो काम गर्छ भनी जो भन्नुभो त्यो पनि अनेक काममा व्यस्त भएका तपाईलाई अवश्य नै सम्भव होलाजस्तो लाग्दैन। यो चाहिँ ता प्रार्थनाका साथ भन्छु। एकछिनमात्र भए पनि कुराकानी भएको मलाई टाढा भए पनि, नजिक भए पनि, सम्पन्न भए पनि, विपन्न भए पनि नबिर्सनु होला।' यति भनेर दिव्य गहना, वस्तु, कपडा, पान इत्यादि दिएर अनुग्रह देखाए। समरकेतुले उत्निखरै लेखेर ल्याएको उनकै सम्बन्धको चिठी लिएर भने पनि-गन्धर्व, सुवेल पर्वतबाट फर्केका तपाईंले जो कुसुमशेखर राजाकी रानी गन्धर्वदत्तालाई भेट्ने निश्चय गर्नुभएको छ तिनकी छोरी मलयसुन्दरीलाई एकान्तमा लगेर आदरका साथ यो चिठी दिनुहोला।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

निरुमलांवा

स्वास्नीमानिसमा ६ गुना बुद्धि बढी हुन्छ भन्ने उक्तिलाई रानी निरुमलांवाले पनि सार्थक पारेकी छन्। विजय नगरकी लक्ष्मी भए पनि यो वरदाम्बिका-परिणय चम्पू बनाएर सरस्वतीको अनुकृति पनि उनले दर्साएकी छन्। ऐतिहासिक कथाको आधारमा यो चम्पू लेखिएको छ। अच्युतरायका साथ सलग क्षितीशकी छोरी वरदाम्बिकाको परिणय अर्थात् विवाह-विषयको कथाको आधारमा लेखिएको हुँदा यो चम्पूको नाम वरदाम्बिका-परिणय रहेको हो।

गद्य र पद्यसमेत भएकोले यसलाई चम्पूकाव्यमा परिगणन गरेका छन्। यसमा समासको प्रशस्तता र गौंडी रीति देखिन्छ। यसको रचनाकाल-विषयमा त्यति झगडा छैन। वि.सं. १५८५ मा अच्युतरायको राज्यकाल देखिएकोले त्यसपछि लगत्तै बनेको हुनुपर्छ भन्ने प्रकाशकको भनाइ छ।

यसको कथानक यो हो :

ईश्वर भन्ने चन्द्रवंशी राजाका छोरा नृसिंह दिग्विजय गर्दै पूर्वतिर जितेर दक्षिण चोल देशमा पुगेपछि कावेरीको किनारमा किल्ला बाँधी चोलनरेशलाई लडाइँमा जिते, अनि शत्रुको राजधानीमा पसी रामेश्वरको दर्शन गर्न जाँदा समुद्र देखे। पछि समुद्रको किनारमा पुल बनाएर श्रीरङ्गपट्टण भन्ने सहर घेरे। त्यहाँको राजा पाउमा परेपछि उत्तरतिर काम्बोज, वाल्हिक, तुख्खारहरूलाई जिती आफ्नो राजधानी विद्यापुरीमा फर्के, अनि अच्युतराय भन्ने छोरा पाए। बाबु मरेपछि छोरा नै राजा भए। जबान भएका उनी एक दिन भवानीका मन्दिरमा जाँदा वरदाम्बिका भन्ने राम्री कन्या देखिइन्। दुवै कामका लक्ष्य बनेपछि यिनीहरूको बिहे भयो।

लम्बे समासको प्रयोग देखिएको भए पनि उनमा प्रौढकल्पना देखिन्छ। वाक्यविन्यास अलि घुमेको छ। प्राकृतिक वर्णन पनि सुन्दर तरिकाले गरेका छन्। तर अलि क्लिष्टता पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

समुद्रवर्णन

(वरदाम्बिका-परिणय चम्पूबाट । चन्द्रवंशी नरसिंह राजाले चोल देशको राजालाई जितेपछि)

त्यसपछि डरलाग्दो तरबारले हानिएका हात्तीको गण्डस्थल फुट्नाले भित्रबाट प्रकट भएका मोतीको गुच्छाको शोभा जनाउने, मानिसकोभन्दा बढी पुरुषार्थ देखेर खुसी भएका देवताहरूले बर्साएको पुष्पवृष्टिले फैलिएको पुष्परसको छटा देखाउने, नजिकै गाइएको किसिम किसिमको तारिफ सुन्नाले देखिएको भित्री मुस्कान र आनन्दको अङ्कुरजस्तो सुखदायी पसिनाको थोपाका समूहले ताराहरूको शोभा दिएको मुखरूपी चन्द्रमा भएका, सङ्ग्राम लक्ष्मीको भेटले रोमाञ्चित भएजस्ता, थकाइ मार्नखोज्ने आफ्नी राज्य-लक्ष्मीको हाथले घुमाइएको कमलको परागले जस्तै धूलोले गाला फुस्रो भएका ज्यादै खुसीले गर्दा छुडेको कवचभित्र देखिएको पसिनाको बिन्दुमा नजिकैको जनसमूहको प्रतिविम्ब पर्नाले विश्वरूप देखाउने कृष्णाजस्ता, नहल्लिने समुद्रजस्तै गम्भीर भएका लडाईं सिद्धिए तापनि जितबाजीले हडबडी बढेको सेनाले गर्दा किरणको ताँतीले प्रकाशमान भएका सूर्यजस्ता नरसिंह देव त्यही वेला चोल देशको राजधानीमा पुगे ।

यो खबर थाहा पाएर उतर्सिएका, अनि डराएका मरुव प्रदेशका राजाले त्यही बखतमा सारा सन्तान, स्वास्नी, मन्त्री, नोकर, जिमीन र अरू वस्तुहरूसमेत छोडेर 'कहाँ अहिले ज्यान जोगाउन भागूँ भन्ने कुरा विचारै नगरी घोक्रयाइएजस्तै, ठगिएजस्तै समुद्रको किनारमा पुगेर कहीँ बेपत्ता भए । त्यसपछि अरसिंह महेश्वर हाँस्दै मधुरा सहरमा पसेर त्यहाँ भएका अधिकारीहरूले सारा वस्तुहरू नजराना चढाइएका छँदा रामेश्वरको दर्शन गर्ने इच्छाले पुलको बाटोबाट निस्किए ।

निस्कँदा उनले समुद्रलाई देखे, जो आकाशरूपी बाटो नाघ्नमा धुरन्धर भएका तरङ्गरूपी घोडाका बथानको मनपरी चालमा सुनका कोर्राजस्तै सिपालु भएका हावाले फुलेका मुगाका लहराको झाङ भएको, अखण्ड रसले उर्लिएका गङ्गा आदि नदीहरूसँग अँगालो हाल्नाले बढेको शृङ्गाररसको ताँतीले रोमाञ्चको शङ्का गराउने असङ्ख्य पानीका फोका भएको आकाश छुने नाउको डोरी बाँध्ने काठका झन्डाका बहनाले इन्द्रका शत्रु मैनाक पर्वतहरूले बस्न इच्छा गरिएको, वरुणका घरको तन्नाजस्तो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

फिँजले सुहाएको, आकाशसम्म उर्लिएका ठुला छालहरूको वेगिलो ठक्करले टुक्रिएका विमानहरूको खसेका पायाजस्तै भएका अनि सफा पानीमा फुलेका कमल खाने हात्तीको खुट्टाको अगिल्लो भागको सेखी हर्ने र पुल बनाउँदाखेरिको जुम्सोपनाले रिस बढेका रामका बाणले टुक्रिएका पानीसर्पका बथानको फणाजस्तै हुनाले ठट्टा गरिने कछुवाका ताँतीहरूले गर्दा अचम्म लाग्ने छाल भएको, पानी पिउन नुहेका काला मेघहरूमा चम्केका बिजुलीले अप्सराहरूको विलासको नकल गर्ने, सिमालीरूपी धागाले बेह्निएका मकरीरूपी तुरी चलाउँदा हलिएका छालरूपी हातका औँला भएको हावारूपी जुलाहाले रामचन्द्रको नयाँ अनि अचम्मको कुनै कीर्तिरूपी कपडा बुन्नलाई झैँ ताइएको लट्ठीको नकल गर्ने अनि रावण आदि राक्षसहरूको नाशको कारण भएको पुलले शोभायमान, बिचमा नचल्ने पानीको प्रवाहरूपी ऐनामा छाया परेका लोकहरूको छलले नजिकमा आएका ब्रह्माजीले अभ्यास गरिएको बीजको सृष्टि गर्ने विद्यालाई झल्काउनेजस्तो, घुम्ने मदानीजस्ता सुमेरूको कच्छपावतारको शरीररूपी ढुङ्गाको कडापनका साक्षी भएका, अनि खेलवाड गर्ने जल-देवताहरूको झुलनाजस्ता भमरीले ज्यादै डरलाग्दो, घोर ग्राहका बथानरूपी तरबार र कछुवारूपी दाल दिने अनि मथेको कसुरले झैँ देवताको बाटो रोक्ने छाल उर्लिएको, ग्रहका समूह विहार गर्ने आकाशजस्तै तमालवनले तीर कालो भएको शङ्ख र चक्र लिने विष्णुजस्तै प्रशस्त शङ्ख भएको, शिवजीका निधारका गहना अर्थात् चन्द्रमा जन्माउने, अप्सरारूपी मणिको खानी, सारा लोकहरूलाई पानी दिने, विष्णुको बिहार गर्ने ठाउँ, कामधेनुको पुरानो गोठ र वरुणको ढुकुटी बनेको नयाँ-नयाँ मणिहरू गर्भमा परेको पानीको प्रवाहले बनेको भमरी नै औँठी भएको थियो ।

□ □ □

(नरसिंहका छोरा अच्युतमहारायलाई कात्यायनीको मन्दिरमा देखेर आएपछि वरदाम्बिकाको हालत)

त्यसपछि दरबारमा आएर सँगिनीहरूसँग नबोल्ने, सुसारेहरूलाई नहेर्ने, गुरुजनको सेवा नगर्ने, कुलदेवतालाई नढोग्ने, वीणा नबजाउने, मृग नखेलाउने, मुजुर ननचाउने, पुतलीको बिहे नगराउने, हाँसका जोडीलाई नजोड्ने, सुगालाई नपढाउने भएकी अनि नुहाउन छोडेकी, द्वारेको प्रार्थनाले मात्र खज्मजिएको कपाल अलिअलि सम्याउने विचार गरेकी, सारा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सुसारेलाई विह्वल तुल्याएकी, गर्नुपर्ने काम बिर्सेकी, अच्युतमहाराय आउँछन् कि भनी चारैतिर हेर्ने, उनैको नाउँ सुन्ने इच्छाले खुसीका साथ बारम्बार विष्णु साम गाउने, उनै मेरा प्राण बराबर हुन् भन्ने, उनैसँग एकान्तमा रमण गर्न चाहने, उनैलाई हृदय सुम्पेकी, उनैको नोकरी हरबखत इच्छा गर्ने, उनैमाथि प्रेम गर्ने, शरीरको सुकुमारीपनले आफ्ना फूलरूपी हतियार जितिएका हुनाले बढेको रिसले झैँ कामदेवले जोडका साथ हृदयमा ताप गराइएकी राजकुमारीले विचार गरिन्–'कात्यायनीको मन्दिरमा किन गएँ हुँला ? किन यो व्रत सुरु गरेँ हुँला, ती राजकुमारलाई किन देखेँहुँला ? किन तिनमा मेरो मन आसक्त भएको होला ! फेरि अनन्त गुणसुहाउँदो रूप र प्रभाव भएका ती राजकुमार कहाँ, सोझो चालमा रहेकी म अजान बालक कहाँ, उनीसुहाउँदो सौन्दर्य ममा खै, त्यस्ता महानुभावसँग भेट्ने उपाय खै ! ऐले बचाउको लागि निश्चय नै कुनै शरण सम्झन्नँ ।'

यस्तो चिन्तामा परेकी अनि सँगिनीले ढिपी गरेर सोधिएकी उनले भनिन्–'गौरी वनमा ती राजकुमारलाई देखेदेखिन् मेरो यो हालत भएको हो । यो चाञ्चल्यलाई रोक्न म सक्तिनँ ।' यत्तिकैमा केही सुसारे साथमा लिएर आएको कञ्चुकीले भन्यो- 'सारा पृथ्वीको चक्रवर्ती राजा नरसिंहका छोरा अच्युतमहारायले हजुरलाई माग्न पठाइएका मन्त्री र पुरोहितको कुरा सुनेपछि हजुरका दुवै दाज्यूले मन्जूर गरिबक्सियो र ऐले नै असल साइत हुँदा सिँगार्नाको लागि यी सुसारे पठाइबक्सेको छ । उसै हुँदा ऐले नै सिँगार पारिबक्स्योस् ।'

जीत

(अम्बिकादत्त व्यासले बनाएको गद्य-महाकाव्य शिवराज विजयबाट । तृतीय विराम नवम निःश्वासमा लुटाहाहरूले लुटिएकी शत्रुकी छोरी रसनारीलाई निगाहाका साथ जयसिंह बसेको पालतिर पठाएपछि)

विजयपुरका राजाको पहाडको शिखरमा रहेको एउटा रुद्रमण्डल भन्ने ठुलो किल्ला नजिकमा नै थियो । त्यसैलाई हात पार्न शिवराजले चलाकी गरे । एकान्तमा गौरसिंहलाई बोलाएर राती रुद्रमण्डलको पूर्वपट्टि फौँज जम्मा गरेर शत्रुहरू लखेट्न सामुन्ने आएमा पछाडि बिस्तारै-बिस्तारै भागेको बहानाले उनीहरूलाई अगाडि पार्ने आशा दिए । आफूचाहिँ गाढा अन्धकारमा अन्य जीव, माल्यश्रीक, स्तन्यजीव, रघुवीरलाई र अरू हजारौं वीरहरूलाई साथमा लिएर रुद्रमण्डलको पछाडि गुप्ती चालसँग गए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यो पहाड ठुलो र अग्लो पनि हो। अँध्यारो चूक घोप्ट्याएजस्तै थियो, बाटोको गम पाइएको थिएन, तैपनि कहीँ उफ्रेर, कहीँ हाँगा समातेर, कहीँ बसेर, कहीँ छहराको पानीभित्र पसेर, कहीँ लहराको जाल हटाएर, कहीँ बिँभेका काँडा उखेलेर बडा मुस्किलले किल्लाको नजिकैको अधित्यकामा पुगे। त्यत्तिकैमा किल्लाको परखालमा बत्ती बलेको एउटा काँचको बट्टा र अरू-अरू थोक पनि राखिएको देखे। त्यसपछि हामी शङ्कामा पर्‍यौं भन्ने निश्चय गरेर सबै रुखको छाहारीमा अलप भए। एक मुहूर्तपछि फेरि चुप लागेर नजिकै जाँदा किल्लामा घुमिरहेका अनि तलतिर नियालेर हेर्न लागेका पाँच-छः वीर मुसलमानलाई देखे। फेरि तिनीहरू रूखमुनि लुकेका अँध्यारोले गर्दा नदेखिएका अनि मर्मर आवाजको कारण नबुझेर किल्लाका वीरहरू फर्के। त्यसपछि पाइलाको शब्द आएमा अकस्मात् किल्लामाथि एक, दुई, दश, शय गर्दागर्दै हजारौं पुरुष देखिए। तिनीहरूले नजिकै पुगेका यिनीहरूलाई देखे, अनि रूखमनि लुक्दालुक्दै पनि शत्रुहरूले शक्ति र बाण हान्न थाले।

त्यसपछि अगाडि आएर प्रत्यक्ष नै लडाइँ गर्न सुरु गरेका शिववीरले औँल्याइएका र 'देखिइसकेका हामीले व्यर्थको प्रहार सहनाले तथा छिप्नाले के हुन्छ' भन्ने आफै बुझेका शिवराजका सबै साथीहरू 'हरहर महादेव' भन्दै प्रत्यक्ष भएर रूखको हाँगामा सुतेका चराका बथानलाई ब्युँझाउँदै चन्द्रमा र जनसाक्षी राखेर डरलाग्दो लडाइँ गर्न सुरु गरे। मुसलमानको बाण र भालाले हानिएका धेरै महाराष्ट्रका वीरहरू, चन्द्रमाको किरणले चमत्कार गरिएको अधित्यकालाई तातो रगतले नुहाउँदै शिवराजको जीतबाजीको केसरले लिप्न लागेका जस्ता, सूर्यमण्डलको भेदन गरेर स्वर्ग जान लाग्दा शिवलाई नमस्कार गरेझैँ ढले। महाराष्ट्रको धनुबाट छुटेका बाणले हानिएका वीर मुसलमानहरू पनि धेरैजसो दुईतिर ढले।

अनि महाराष्ट्रेश्वरले विचार गरे- 'यो खेलजस्तो यस किसिमको लडाइँले के हुन्छ ? बिच बिचमा मारिएका वीरहरू दुवैतिर लडेका छन्। यो किल्लामा अलिकति पनि प्रवेश हाम्रो हुन सक्तैन। दुई घण्टापछि सूर्य उदाउने छन्। त्यसपछि बडो मुस्किलले पनि बढी बल भएका यिनीहरूलाई जित्न सक्नेछैनौं। त्यस कारण तुरून्तै कुनै चलाकीले पनि पर्खाल चढेर किल्लाभित्र पस्नुपर्छ।

यत्तिकैमा एउटा भर्खरको महाराष्ट्र-वीरलाई देखें जसले डरलाग्दो लडाइँलाई गन्दै नगनेर माथि तल केही ढुङ्गाका टुक्रा जम्मा गरी भित्तामा अड्याएको मालाको आड लिएर, फुत्त उफ्रँदै परखालमा चढेर महाराष्ट्रका राजाको जय होस् भनेर कुर्लियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

त्यल्ले त्यसरी चढेको देखेर मुसलमानहरू दाह्रा किट्दै, ओठ टोक्तै म्यानबाट तरबार झिक्दै अनि शक्ति उचाल्दै, धनुषको टङ्कार गर्दै चारैतिरबाट जाइलागे। तल उभिएका महाराष्ट्र-वीरहरूले पनि ती मुसलमानहरूलाई वाण हाने, परखालमा चढेको आफ्नो साथीलाई पनि रक्षा गरे। त्यो देखेर गौरवले गह्रौं भए पनि हलुका शरीरले उफ्रँनाले साथीहरूले समेत उफ्राइ नदेखिएका वीर शिवराज आफू पनि पर्खालमा चढेर चारैतिरबाट आइलागेका दुस्मन हरूलाई छप्काएर दुवैतिर ढाल्न थाले।

त्यसपछि हैंलाका साथ 'चढ चढ' भनेर दुगुरेका शिवराजले उत्साह दिइएका धेरै महाराष्ट्र वीरहरू कुर्लंदै पर्खालमा चढे। हात समातेर अरूहरूलाई पनि एकैछिनमा ताने। एकछिन त्यहाँ डरलाग्दो लडाइँ भयो। त्यत्तिकैमा एक्कासि 'हरहर महादेव' भनेर कुर्लंदै, तरबार चलाउँदै हेलाका साथ किल्लाभित्र पस्यो। त्यो यी रघुवरसिंह हुन्, जो सबभन्दा अगाडि परखालमा चढेका थिए, पहिले नै किल्लाभित्र पसेर साहस पनि गरे। तिनैका साथमा वीर शिवराज पनि स्यालहरूको बथानमा सिंहझैं जाइलागे। त्यो देखेर सयौं महाराष्ट्र-वीरहरू त्यसै गरी कुर्लंदै किल्लाभित्र पसे। त्यहाँ पनि एक मुहूर्तसम्म डरलाग्दो लडाईं भयो।

दुई घडीमा नै सयौं मुसलमान मारिए। बाँकी पनि ज्युँदै पक्रिए। लडाइँ शान्त भएजस्तै भयो। त्यसपछि महाराष्ट्र-वीरहरू ठुलो बत्ती बालेर किल्लाको बिचमा रहेको दरबारतिर गए, किल्लाको बडाहाकिमलाई घरभित्र बसिरहेको देखे अनि ढोकामा फलामको बलियो सिक्री र किलाले खापा बन्द गरेको पनि देखे। अनि एकछिन विचार गरेर महाराष्ट्रका राजाले गर्जेर भने–'दुर्गाध्यक्ष, स्वामिभक्ति देखाइसकिस्, सकेसम्म किल्ला पनि रक्षा गरिस्। ऐले लाज मानेर घरभित्र लुक्नु ता व्यर्थ हो। त्यस कारण आफै बाहिर निस्कन्छस् भने ज्यूँदै छोडुँला, होइन भने महलका साथसाथै तँलाई पनि एकैछिनमा डढाइदिउँला।'

दुर्गाध्यक्ष रहोमत्तखान ता बारम्बार सुन्दासुन्दै पनि बाहिर निस्केन। त्यसपछि राजाको आज्ञा पाएर महाराष्ट्रहरूले दाउरा थुप्र्याएर महल जलाउन सुरु गरे। त्यसपछि चारैतिरबाट बल्दो ज्वालाले आकाश चाट्न 'लागेमा कातरसुहाउँदो मरण हुन लाग्यो भन्ने ठानेर झ्यालबाट उफ्रेर ओर्ली तरबार हातमा लिएको रहोमत्तखानले भन्यो–'म एउटाको प्राणको लागि किन अमूल्य वस्तुले भरिएको यो अनमोलको दरबारलाई डढाउँछौ ? यी आएँ। मनपरीसँग हान। मालिकका निम्ति म आफ्नो प्राण छोडिदिन्छु।'

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

त्यो सुनेर चारैतिरबाट महाराष्ट्रहरू जाइलागेमा महाराष्ट्रपतिले भने– 'यो वीर हो, यो वीर हो, नमार, नमार, किन्तु ज्युँदै समात।' त्यसपछि तरबार भिरेका महाराष्ट्र-वीरहरूका मण्डलमा एक्लै भएर पनि त्यो मुसलमानले दायाँ र बायाँ दुवैतिरबाट तरबार चलाउन लागेमा एक्कासि बिजुली चम्किएझैँ कुर्लँदै उफ्रेर रघुवीरले तरबार लिएको उसको मुठी समाते। जब त्यसले हात काट्न आँट्यो। त्यत्तिकैमा अरू वीरहरूले बलियोसँग समातेर त्यसको हातबाट तरबार लिएर फेटाले हात र काँधमा बाँधे। महाराजको आज्ञाले अरू सयौँ जना थुनिराखेको कोठामा त्यसलाई पनि जबरजस्तीसँग पसालेर ढोका बन्द गरिदिए।

त्यसपछि जल्न लागेको महल निभाएर बडो मुस्किलले भित्र पसेर कौसीमा चढी महाराष्ट्रका राजाले हेरे। पूर्वतिर अरुणोदय भइसकेको थियो। झिसमिसे उज्यालो भएमा उनले टाढा देखे, जो छ, सातसय शत्रु सिपाहीहरू आफूतिर नै दगुरेर आउन लागेका देखे, विचार पनि गरे– 'निश्चय नै गौरसिंहको फौँजको कोलाहलले खिचिएर ज्यादै पूर्वतिर गएका होलान्। अनि ऐले महल डढेको ज्वाला देखेरे फर्केका यिनीहरू रिसले चुर भएर आएका होलान्। त्यस कारण तुरुन्तै यिनीहरूसँग चलाकीका साथ भिडिने प्रबन्ध गरिहाल्नु पऱ्यो, होइन भने त हामी सारालाई मार्ने छन्।'

महाराष्ट्रपतिले एकछिन मित्रहरूसँग सलाह गरेर दुर्गाध्यक्षको बैठकमा पसेर ठिक ठाउँमा फौँज राखेर दुर्गयुद्ध गर्ने नै अठोट गरे, अनि एकछिन विचार गरेर आफ्ना प्रधान वीरहरूलाई बोलाएर भने–'मित्र हो, हुन त हामीहरू थाकिसक्यौँ। धेरै वीरहरूलाई घाउ चोटसमेत लागेको छ, दुगुना शत्रुहरूसँग लड्नु छ, तैपनि नजिकै आइरहेको शत्रुको फौँज देख्ता चुप लागेर बस्न मेरो मनले मानेन। सधैँ जबरजस्तीसँग हमला गरेर भिडिएको हुँदा घरमा छिपेर रहनलाई मेरो चित्तले मान्दैन। यस्तो वीर यहाँ कोही छ, जसले दुई सय साथी लिएर अगाडि नै गएर यी क्षुद्र शत्रुहरूसँग हतियारको खेल खेलोस्? विश्वास गर्छ, यिनीहरूको पछि पछि नै गौरसिंह पनि फौँज लिएर आएका होलान्। जब हाम्रो फौँजले लडाइँरूपी जूवाले आधा घण्टा बिताउने छ। त्यत्तिकैमा गौरसिंह पनि त्यताबाट आएर तरबारको धाराले यिनीहरूलाई नुहाइदिने छ। भन, दुई सय वीर साथमा लिएर सामुन्नेमा नै शत्रुहरूलाई मार्न को आँट गर्छ?'

'आदेश शिरोपर गर्न हामी तयार छौँ' भनी सबैले भने। त्यसपछि चारैतिर हेरेर महाराष्ट्रपतिले हात जोडेका, अनि सामुन्ने रहेका रघुवीर सिंहलाई भने-'रघुवीर, आज तिमीले नै लडा सुरु गऱ्यो, बिचमा बहादुरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पनि तिमीले नै देखायौ । ऐले पनि तिमी नै लडाइँ टुङ्ग्याऊ र पहिलो पारितोषिक पाउने होऊ ।'

'जो आज्ञा' भनी प्रणाम गरेर रघुवीरले दुई सय आँटिला सिपाही साथमा लिई रिसले चुर भएका बहादुर मुसलमानसँग लडाइँ गरे । तिगुना बढी भएका र वाल्ल परेका शत्रुहरूले सिंहनादका साथ प्रास, तरबार, रिष्टि, तोमर आदि हतियारको प्रहार गर्न लागेमा एक्कासि पछाडिबाट 'हरहर महादेव' भन्दै गौरसिंहको फौँज पनि आइलाग्यो । त्यसपछि एकैछिनमा धेरै शत्रुहरू मारिएमा र केही ज्यूँदै पक्रिएमा जयजयकार गर्दै सबै आए, अनि महाराष्ट्रपतिलाई नमस्कार गरेर झन्डा फर्फराएर, भेरी बाजा बजाएर जयध्वनिले आकाश भरिदिए ।

रातो पहेँलो घामले सारा भित्ता, वन, लेक, अटाली देखिएमा सारालाई धन्यवादका साथ सन्मान गरेर महाराष्ट्रपतिले स्नान, सन्ध्या इत्यादि क्रियाले आफूलाई खुसी तुल्याउन अरूलाई बिदा दिए ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शक्तिवल्लभ

शक्तिवल्लभ आत्रेय गोत्रमा पैदा भएका, कन्नौजका गहनाजस्ता ब्राह्मण हुन्। यिनका पिता लक्ष्मीनारायण गोर्खावासी, सङ्गीत, साहित्य इत्यादि कलामा कुशल, देशभाषाका सेवक, राजनीतिमा निपुण, पृथ्वीनारायण शाहका सभापण्डित हुन्। यी शक्तिवल्लभ चाहिँ रणबहादुरको राज्यकालमा काठमाडौँमा नै थिए। नेपालको विजयपताका फर्फराएको देखेर उनले यो 'जयरत्नाकर' भन्ने नाटक विक्रम संवत् १८४९ मा लेखेका हुन्। यो नाटकमा नाटकीयता पूर्णतया नभए पनि देशभक्ति र राजभक्ति पाइन्छ। यहाँ वीररसको प्रधानता पाइन्छ। ठाउँ-ठाउँमा राम्रो कल्पना छ। तर कहीँ ज्यादै अतिशयोक्ति पाइन्छ।

प्रस्तावना

(नान्दीका अन्त्यमा सूत्रधार)- धेरै बेर नगर। (सारा पृथ्वीमण्डलका सहरहरूको तिलकजस्तो नेपालका राजा रणबहादुर सिंहको सभामा पसेर) महाराजाधिराजको जय होस्, जय होस्! (राजालाई नमस्कार गरी आकाशमा कान दिएर आवाज सुनेझैँ नेपथ्यतिर हेरेर) ए मदनमञ्जरी नटी, आज सारा पृथ्वीका पति महाराज रणबहादुर सिंहको ठुलो लडाइँको कोलाहल सुनिन्छ। त्यसैले त्यही लडाइँलाई लक्ष्य गरेर नाच गरौँ। यदि सिँगारको काम सिद्धिएको भए अरू साथीलाई लिएर तिमी चाँडै पस।

नटी– (पसेर) आर्यपुत्र, यो कसको सभा हो ?

सूत्र०– सुन-चाँदीका खानिका मालिकको सभा हो। प्यारी, यदि नाच, गान, ताल, लय, ठिक तुल्याएर महाराजलाई खुसी तुल्यायौँ भने हामीलाई ज्यादै फाइदा हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नटी– अहो, विचारै नगरी तपाई पनि पतिमात्र देवता भएकी म सतीलाई जहाँ कहीँ लैजानुहुन्छ ।

सूत्र०– मदनमञ्जरी, तिमी लाज नमान । आफ्नो जातको काम गर्दा लाज मान्न हुँदैन । ए मृगका जस्ता आँखा भएकी, हेर हेर, श्रीमान्, आफ्ना हातले कुण्डलजस्तो तुल्याएको धनुद्वारा, इन्द्रको आडम्बर गर्ने सारा भूमण्डलका शत्रु राजाहरूको मुण्डले शिवजीलाई खुसी तुल्याएका; मुनि, देवता, विद्याधर, नाग, गुह्यक, किन्नर, सिद्ध, गन्धर्व, यक्ष, चारण, दानवहरूका स्त्रीहरूजस्तै राम्रा र सुकुमारी राजकन्याहरूसँग मन वहलाउने; भमंराहरूको मिठो भुँभुँले गण्डस्थल गुँजिएका नीलो पहाडजस्ता मत्त हात्ती दान गर्नाले शरीर पवित्र तुल्याएका नेपालनरेश पृथ्वीनारायणका नाति, श्री सिंहप्रतापका छोरा महाराजाधिराज, पर्वतचक्रवर्ती रणबहादुरको यो ठुलो सभा हो ।

नटी– सूत्रधार, आच्चे ! मलाई किन आक्षेप लगाउनुहुन्छ ? हे जीवनाथ, तपाइँको चरणकमलको धूलोले धुस्रिएकी मैले श्रीमान् चन्द्रशेखर शिवजीको पाउरूपी कमलको रसमा भमराजस्ता, आफ्नो बहादुरीले कमाएको शङ्खहरूजस्तै सेतो कीर्तिले प्रकाश गरेका अनेक दिशारूपी महिलाहरूको हातको सुनौला डाँठ भएको चमर बिस्तारै डोलाइएका राजाहरूको धेरै सभा यिनै आँखाका पाउना तुल्याइसकेकी छु ।

सूत्र०– माछाजस्तै चञ्चल आँखा भएको प्यारी, त्यसो होइन । मन्दिर, फुर्तिला घोडा, हात्तीका बथान र सहरिलाहरूले भरिभराउ भएको, श्रीले गर्दा इन्द्रको अलकापुरीजस्तो नेपाल दुनियाँमा प्रसिद्ध छ । फेरि इन्द्रको सुधर्म-सभामा जयन्तजस्तै महाराज रणबहादुर शाह पूर्णचन्द्रजस्तै शोभायमान हुनुहुन्छ । अनि उहाँका सभामा सद्विद्यामा लागेका, चतुर ब्राह्मणहरू छन् । सामन्ती राजाहरूचाहिँ हात जोडेर उहाँलाई बिन्ती गर्छन् । जे मन पर्छ त्यो तिमी लेऊ, तर यस्तो नेपालेन्द्रको सभालाई छोडेर अन्त कहाँ जान्छ्यौ ?

नटी– ए प्राणनाथ ! तपाईले सम्झाउनुभयो, मैले पनि सम्झेँ । (यसो घुमेर उसको मुख हेर्दै मुस्क्याएर) ओहो ! यो अचम्म हो, अचम्म हो । यहाँभन्दा ४०० कोश पर हस्तिनापुरी भन्ने सहर छ । त्यहाँ धवलप्रताप सिंह भन्ने राजा छन् । मेरो बसाइ त्यही हो । पहिले एक दिन बेलुकी खाना खाइसकेपछि मेरा पिता जयपालले

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कौमुदी भन्ने मेरी आमाको अगाडि नेपालेश्वर श्री पृथ्वीनारायण महाराजको अतिशय वर्णन गर्नुभएको थियो । त्यही कुरा ऐले तपाईले गर्नुभयो । यसैले म धन्य छु, धन्य छु ।

छविलाल सूरिले बनाएको कुश-लवोदय नाटकबाट ।

(वानर बाँधेर ल्याएका कुश र लवको प्रवेश)

दुवै– (सीतालाई ढोगेर) आमा, तपाईंको पाउरूपी कमलको सेवाको प्रभावले ती राजाको सारा फौँजलाई हामीले जित्यौँ । लौ, हेर्नुहोस् । यो राजाको शिरबाट झिकिएको मणि जडिएको किरीट हो । योचाहिँ राजाका छोराको गजबको किरीट हो । यी लडाइँमा सिपालु भएका दुई वानरलाई चाखले समातेर ल्यायौँ अनि हामी दुई जनालाई चढ्नहुन्छ भनेर यो मनजस्तो बेगिलो घोडा पनि ल्यायौँ ।

सीता– (हेरेर मनमनै) ओहो, बहादुर ! सुग्रीव र हनुमान् पक्रिएजस्तै गरी मेरा दुई छोराले पुच्छर समातेर तानिएका छन् । अवश्य नै यो फौँज प्राणनाथ रामचन्द्रको हो । नत्र यो फौँजलाई दुई वानरले किन रक्षा गर्थे ? (सुन्ने गरेर) म बाँधिएका यिनीहरूको मुख हेर्दिनँ । यी दुवैलाई चाँडै छोडिदेओ ।

दुवै– आमा, फुर्तिला जङ्गली यी दुवै छोड्न लायक छैनन् । लडाइँमा यी दुईले पुच्छरले बेर्दै रुख उखेलेर धेरैचोटि हामीलाई हाने । अहिले हामीले समातिएका हुँदा प्राणरक्षाको लागि छुट्ने इच्छा लिएर निश्चलजस्तै भएर बसेका छन् । उसैले हाम्रो कोतूहलका लागि यही तपोवनमा कन्दमूल खाएर केही दिन बसून् अनि पछि छोडिदिउँला हुन्न ?

सीता– (छेकेर) बाबुहो, यिनीहरूको पराक्रमले गरेको मेरो उपकार तिमीहरूलाई थाहा छैन । तिमीहरूको हतियारले यिनीहरू निश्चल भएका होइनन् किन्तु केटाकेटी भनेर दयाले बाँधिएजस्तो देखाएका मात्र हुन् । त्यस कारण मेरो वचनले यिनीहरूलाई छोडिदेओ ।

दुवै– आमा जस्तो आज्ञा गर्नुहुन्छ । (छोडिदिन्छन्)

सुग्रीव– हनुमान्, दयाले यिनीहरूले हामीलाई छोडिदिए । शिविरतिर जाऔँ । (लाज मानेर सीतालाई नदेखेजस्तो गरी जान्छन् ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सीता– बाबु हो, तपोवनमा हुर्केका हुनाले पिताजी रामचन्द्रको अश्वमेधको घोडालाई चिनेनौ ।

दुवै– आमा, हाम्रो बा को ?

सीता– (दिक्क भएर) के मेरा छोरा बाबुलाई पनि चिन्दैनन् ?

तापसी– बाबु हो, तिमीहरू तपोवनमा जन्म्यौ, हुर्कियौ । उसैले आफ्ना बाबुलाई पनि तिमीहरूले चिनेका छैनौ, जसले गर्दा अयोध्या शोभायमान छ, उनै रामचन्द्र तिमीहरूका बाबु हुनुहुन्छ ।

सीता– दैवले ठगिएका मेरा छोरालाई सम्झाएर के ? घोडालाई शिविरमा राजाको भाइको नगिचमा लगिदेओ ।

दुवै– ऐलेसम्म राजाको भाइ कहाँ छ र ! ती सब लडाइँमा मरिसके ।

सीता– धिक्कार ! धिक्कार ! खराब भयो । रघुका कुलमा जन्मेका तिमीहरूको अज्ञानले गरेको अपराधलाई प्रत्यक्ष देख्ने सूर्य नारायणले क्षमा गर्नुहुने छ । (सूर्यबिम्बतिर फर्केर) भगवान् यदि म पतिव्रता धर्ममा रहेकी छु भने मरेको अथवा मूर्च्छा परेको रामको सारा फौँज ऐले नै उठोस् । (त्यसपछि हडबडका साथ पटाक्षेप गरेर मुनि कुमार पस्तछन् ।)

मुनि कुमार– गजब भो, गजब भो । म लडाइँमा मरेका फौँज हेर्न त्यहाँ गएको थिएँ लव र कुशको शस्त्र र अस्त्रले मरेका र मूर्च्छा परेका सारा वीरहरू एकै पटक उठे । आपसमा मुखामुख गरी यो के भयो भनी अचम्म भए । राजाका भाइ र उनका छोरा पनि शिरको मुकुट कल्ले लग्यो भनेर लाज माने । घोडा रक्षा गर्ने सिपाहीहरूले पनि घोडा कहाँ गयो भनी खुब खोजे । अन्त्यमा त्यही वनको छेउमा कुमारहरूले बाँधेको घोडा फुकाएर बालकहरूले दया गरेर दिए भनेर घोडा लिई जान लागे । (कुश र लव आपसमा मुखामुख गर्छन्)

कुश– भाइ, फेरि पनि लडाइँको उत्सवका लागि मेरो दाहिने हात फरफराइरहेछ ।

लव– मेरो पनि दाहिने आँखा फरफराइरहेछ । यो राजाको फौँजलाई जित्छौँ ।

सीता– बाबु, तिमीहरूको दाहिने अङ्ग फर्फराउनाले भलो हुन्छ भन्ने जनाउ दिन्छ । त्यस कारण अहिले तिमीहरू राजाको भाइको नजिकमा जाओ तर लडाइँलाई होइन, किन्तु मेल गर्नाको लागि । अश्वमेधको घोडा र मुकुट पनि देओ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दुवै– आम्मा जे भन्नुहुन्छ। (निस्केर फेरि पसी) आमा, धिक्कार छ धिक्कार छ। ऐले राजाका भाइ फौजसहित घोडा लिएर हाम्रो डरले छिटो-छिटो भागेछन्।

सीता– धिक्कार! मुकुट नलगाईकन कसरी तिनीहरूले राजाकों दर्शन गर्ने छन्! (दिक्क मान्छिन्)

तामसी– देवी, तपाइँ दिक्क नमान्नुहोस्। यी मुकुटहरू कुनै तपस्वीको हातमा पठाइदिने छौं।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेपाल प्रज्ञा-प्रतिष्ठान

9 789937 761857

CC-0. Nepal Sanskrit Academy, Kathmandu